वर्ष २१ | अंक १ | नेपाल संवत् ११४२ | २०७९ असोज १ गते शनिबार | 17 Sept. 2022 | पृष्ठ २० | मूल्य रु. १०

सृष्टि यातायात प्रा.लि.
दैनिक A/C बस सेवा
पोखरा-दिल्ली
काठमाडौं-दिल्ली
पोखरा : 061-576081, 9856019931
काठमाडौं : 9851323725
(सम्पूर्ण नेपाली बस)
सम्पर्क : पोखरा-८, फिर्के
(Ncell Office को कार्यालयसँगै)

एउटै पढे पुग्छ
# समाधान
sa...com
राष्ट्रिय दैनिक
२१ औं वार्षिकोत्सव




## अग्रगामी
# अग्रणी

आउँदो मंसिर ४ गते हुने प्रदेश सभा, प्रतिनिधि सभा निर्वाचनबाट हामी हाम्रा नेता चुन्दैछौं । जसजसलाई बहुमत जनताले जिताउने छन्, तिनै जनताका प्रतिनिधि अर्थात नेता हुनेछन् । लोकतान्त्रिक विधि र प्रक्रियामा जनताले आफ्नो नेता चुन्ने विधि चुनावै हो । तर नेता चुनावले चुनेरमात्रै बन्दैन । बनिँदैन । नेता कहिले जनताले चुनावबाट चुन्छ र कहिले आन्दोलनबाट । कहिले समाजले नेता जन्माउँछ, कहिले परिस्थितिबाट बनेको नेताले जनतालाई नेतृत्व गर्छ । चुनावबाट नेता चुनिन सजिलो छ, तर समाजबाट नेताका रुपमा उदाउन कठिन । हो, जहिले चुनाव भन्ने नै हुँदैनथ्यो, जनतालाई आफ्नो अधिकार के हो थाहा थिएन, त्यति बेला पनि हाम्रो समाजमा नेता जन्मिए ।

राणा शासनको अन्धकार अवस्था, जहाँ पढ्ने स्कुल, उपचार गर्ने औषधालयको अभाव त थियो नै बोल्ने स्वतन्त्रता पनि थिएन । शासकको विपक्षमा बोल्नु परे आफ्नै हक अधिकार माग्न पाइन्नथ्यो । त्यो समयमा जसले जनताका अधिकारका पक्षमा बोले, मान्छेमान्छेका बिच छोइछिटो गर्ने कुप्रथा विरुद्ध बोले, तथाकथित उचो जात गए जाओस् भनेर प्रतिबन्ध लगाइएका काम गर्न पनि अघि सरे । मान्छेमान्छे एकै हो भनेर आवाज उठाए, जेलनेल भोगे । जायजेथा वा सर्वस्व हरणै भए पनि नागरिक अधिकार स्थापना गर्न ज्यानकै बाजी लगाएर समाज परिवर्तनका लागि होमिए । आफ्नो भाषा, संस्कृति र परम्परा जगेर्ना गर्न कलम चलाए । ती त्यो समयका नेता हुन् । नेता भनेको त्यो अगुवा वा अग्रणी हो, जसले अग्रगामी पथ चिन्यो, त्यो पथमा आफ्ना कदम चाल्यो, अरुलाई त्यो बाटो देखायो ।

नेता केवल राजनीतिक पदावली मात्रै होइन, समाजका हरेक अंग र क्षेत्रको अग्रगामी पथ पहिचान गर्ने, त्यही बाटोमा आफू अघि हिँड्दै अरुलाई पनि हिँडाउन सक्ने व्यवहार भएको व्यक्ति तत्तत क्षेत्रको नेता हो । चाहे त्यो राजनीतिमा होस् या कला, साहित्य र सिर्जनामा वा सामाजिक र आर्थिक क्षेत्रमा । समाधान दैनिकको २१ औं वार्षिकोत्सवको छेकोमा हामीले गण्डकी प्रदेशका त्यस्तै अग्रगामी अग्रणी व्यक्तित्वहरुको जीवन कथा र उनीहरुका संघर्ष तथा तिनका योगदानलाई प्रतिनिधिमूलक तरिकाले समेट्ने प्रयास गरेका छौं । हाम्रो आफ्नै सीमितताका कारण छुटाउनै नहुने थुपै अग्रणी व्यक्तित्व छुटेका हुन सक्छन् । हाम्रो प्रयास गण्डकी प्रदेशको सामाजिक, सांस्कृतिक, लैंगिक, आर्थिक, कला, साहित्य र राजनीतिक क्षेत्रका प्रतिनिधि अग्रणीलाई समावेश गर्नु हो । अग्रगामी अग्रणीहरु जो, कतिपय सय वर्षभन्दा पनि पुरानासमेत छन्, लाई नयाँ पुस्तामाझ परिचित गराउनु हो । र, आज हाम्रो समाज यहाँसम्म ल्याएर आजको सुविधा र अवसर दिलाउन उनीहरुले गरेको योगदान, त्याग र संघर्षलाई ससम्मान स्मरण गर्नु हो ।





# धर्मशिला अनागरिका



तिलकमान गुभाजु

अनागारिका धर्मशीला थेरवाद बुद्धधर्ममा ५० वर्षभन्दा बढी समर्पित, बुद्ध धर्मको वक्ता, प्रवक्ता एवं आधिकारिक व्याख्याता हुनुहुन्थ्यो । अग्रणी समाजसेवी, शैक्षिक सामाजिक संघ संस्थाहरू स्थापना गरेर त्यसबेला पोखराले बामे सर्न लागेको विकासमा महवपूर्ण योगदान पुऱ्याउनुभएकी उहाँ तत्कालीन राजनीतिको बलियो सूत्रधार मानिनु हुन्थ्यो । उहाँ अथक परिश्रमी प्रभावशाली व्यक्तित्व हो । पोखराका उपासक उपासिकाहरू बीच उहाँ 'गुरू'को नामले नै बढी परिचित हुनुहुन्थ्यो । उहाँको नाम थियो धर्मशीला, अनागारिका धर्मशीला ।

उहाँलाई संयमी दृढ निश्चयी पुरुषोचित गुणले युक्त पारिदिएको थियो । भगवान् बुद्धको 'अत्त दीपो भव' (आफैँ आफ्नो प्रदीप बन) भन्ने उपदेशले उहाँलाई सुरुमा नै गहिरो प्रभाव पारेको थियो । उहाँ किशोरावस्थामा नै आफ्नो घरबार छोडेर प्रव्रजित हुन पुग्नुभयो र तत्पश्चात् अरुहरू भैँ धेरै समय काठमाडौंमा नबसी आफ्नै किसिमले पोखरामा नै बस्नुभयो एक्लै, केवल आफू एक्लै ।

धर्मशीला गुरुमा विसं १९७४ साल जेठ १७ गते बुधबार पोखराको तेर्सापट्टि निवासी धनबहादुर र धनकुमारी ताम्राकारको कोखबाट जन्मनुभएको थियो । बाल्यावस्थामा उहाँको नाम टेकलक्ष्मी राखिएको थियो । बालिका टेकलक्ष्मी अरुभन्दा चलाख, छिटो बुझ्न सक्ने र आमा बाबुको पनि उत्तिकै प्रिय पात्र भएर हुर्कनुभएको थियो ।

विस १९८५ सालतिर भिक्षु महादान पोखरा आउनुभयो । उहाँले पोखरा ३ को सानो पौवामा बालबालिकालाई अक्षर पढाउने गर्दै बुद्धधर्मका कुरा सिकाएको थाहा पाएर तत्कालीन प्रशासनले उहाँलाई पक्रियो । आइन्दा बुद्धधर्मको त्यसरी प्रचार नगर्नू भन्ने चेतावनी दिएर छोडिदियो । तर, भिक्षु महादानले भने आदर्श छाड्नुभएन । फेरि त्यही पौवामा माटोको सानो बौद्ध चैत्य बनाएर बालबालिकालाई अक्षर चिनाउनुभयो ।

धर्मशीला गुरुमा पनि त्यहाँ जाने गर्नुहुन्थ्यो र बुद्ध धर्मका कुरा अत्यन्त रुचि लिएर सिक्नुहुन्थ्यो । भर्खरै किशोरावस्थामा पदार्पण गरिरहेकी धर्मशीलाई भिक्षुका कुरा चित्त बुझ्दै गए । फलस्वरूप उहाँको सम्पूर्ण जीवन बुद्ध धर्म र संघमा समर्पित भयो । भिक्षु महादानले दिएको धर्मदानको परिणाम स्वरूप नै उहाँको नाम धर्मशीला रहन गएको थियो । केही धर्मोपदेशको अभ्यास गरेपछि उहाँले साँच्चै नै शिर मुडाई अनागारिका बन्ने इच्छा गर्नुभयो । विस १९९१ सालमा १७ वर्षको कलिलो उमेरमा भिक्षु महादानसँग काठमाडौं जान घर छोडेर हिँड्नुभयो ।

> अनागारिका धर्मशीला थेरवाद बुद्धधर्ममा ५० वर्षभन्दा बढी समर्पित, बुद्ध धर्मको वक्ता, प्रवक्ता एवं आधिकारिक व्याख्याता हुनुहुन्थ्यो ।

धर्मशीला गुरुमाले वर्णाश्रम व्यवस्थाको तीतो अनुभव गर्नुपयो । उहाँले आफूलाई जातिच्यूत गरिएको विरोधमा स्थानीय प्रशासनबाट पतिया लिनुभयो । जातभातबाट पतित् भएका व्यक्तिलाई आफ्नो जातमा फर्काउनका निम्ति धर्माधिकारीको निर्देशन अनुसार सरकारी अंगबाट दिइने पुर्जीलाई पतिया भनिन्थ्यो । त्यो पुर्जी पाएपछि त्यो व्यक्ति पुरानै जातमा फर्किन्थ्यो ।

नेपालमा नयाँ मुलुकी ऐन लागू हुनुभन्दा पहिले त्यस्तो चलन थियो । उहाँले त्यो पुर्जी पाएपछि आफ्नो विरोध गर्नेहरू सबैलाई बोलाएर आफ्नै हातले पकाएको भात खान बाध्य गर्नुभयो र जातीय भेदभाव कति कमजोर छ भनेर प्रत्यक्ष देखाइदिनुभयो ।

१९ वर्षको कलिलो उमेरमा उहाँले अभिनिष्क्रमण गर्नुभयो । कुशीनगरमा बुद्ध भगवान्को प्रतिमाको दर्शन गरे पश्चात उहाँले आफ्नो निष्क्रमणको उद्देश्य भिक्षु चन्द्रमणि महास्थविरज्यू समक्ष राखी आफूलाई प्रव्रजित गराइदिन आग्रह गर्नुभयो । कुशीनगरबाट पोखरा फर्केर धर्मशीलालाई पटक्कै चैन भएन । रातो दिन कुशीनगरकै सपना-जपना भइरह्यो । दोस्रोपटक फेरि धर्मशीला गुरुमा भिक्षु विशुद्धानन्द र रत्नमुनि तुलाधरका साथ कशीनगर पुग्नुभयो ।

> पोखराले बामे सर्न लागेको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएकी उहाँ तत्कालीन राजनीतिको बलियो सूत्रधार मानिनु हुन्थ्यो ।

त्यहाँ भिक्षु चन्द्रमणि महास्थविरज्यले भिक्षु विशुद्धानन्दज्यूको उपस्थितिमा बुटवल निवासी रत्नमुनि तुलाधरको दायकत्वमा १९९६ सालमा उहाँ र उहाँलाई त्यसबेला खोज्न गएकी उहाँकी सहोदर बहिनी यशोमतिलाई विधिवत् प्रव्रजित गरिदिनुभयो । त्यहाँ धर्मशीला गुरुमाले आफ्ना गुरु चन्द्रमणि महास्थविरज्यूबाट बुद्धधर्मको सिद्धान्त, आदर्श र व्यावहारिक ज्ञानगुणका कुरा सिक्नुभयो ।

**विहारको स्थापना**

भर्खरै अनागारिका भएर पोखरा फर्कंदा धर्मशीला गुरुमाका सामु अनेक समस्या आए । विहार भन्ने त्यसबेला पोखरामा छँदै थिएन । घरैमा बसेर उहाँले बुद्धधर्मको सिद्धान्त, आदर्श सम्बन्धी उपदेश दिनुहुन्थ्यो । उहाँको धर्मोपदेश सुन्न, पञ्चशील, अष्टशील ग्रहण गर्न आउने उपासिकाहरूको संख्या क्रमशः बढ्दै गयो । उहाँ फेरि कुशीनगर फर्केर जाने विचारमा हुनुहुन्थ्यो । तर तेर्सापट्टि निवासी उपासिका धर्मनदी नामक एकजना चेलीले उहाँलाई फर्कन दिनुभएन । धर्मनदीले आफ्नो गुरुमाको लागि आवश्यक पर्ने एउटा बिहार बनाइदिने अठोट गर्नुभयो । उहाँले त्यसका लागि आफ्ना बा-बाजेसँग अनुनय विनय गर्नुभयो । फलतः सिद्धिमान र बुद्धिलाल कायस्थले हाल बुद्ध विहार रहेको पोखरा नगरपालिका वडा नम्बर ३ वडा समिति कार्यालय भवनको पछाडि करीब डेढ रोपनी जमिनमा १८ बाई २८ को ढुंगा माटोको दुईतले बिहार विसं १९९८ सालमा बनाइदिनुभयो । त्यो बुद्ध विहार पोखराको पहिलो विहार हो ।

**शैक्षिक र राजनीतिक योगदान**

बुद्ध विहारमा चहलपहल बढ्दै गयो । धर्मशीला गुरुमामा दायित्व थपिँदै गयो । धार्मिक क्रियाकलापमा मात्र सीमित भएर उहाँलाई साध्य भएन । उहाँ शैक्षिक संस्था स्थापना गर्ने कामको सूत्रधार हुनुपरेको थियो । नेपाल महिला संघका संस्थापक अध्यक्ष मंगलादेवी सिंहको आग्रहमा उहाँले कास्कीको महिला संघको नेतृत्व पनि गर्नु परेको थियो ।

देशमा प्रजातन्त्र आउनुभन्दा पहिले त्यसरी शैक्षिक, सामाजिक काम गर्नु एक किसिमले राजनीति गर्नु जस्तै थियो र राजनीतिकै आरोपमा उहाँ थुनामा समेत पर्नुभयो । त्यसपछि झन् बुद्ध विहार चेतनशील व्यक्तिहरूको सम्पर्कस्थल भयो र धर्मशीला गुरुमा सबैको केन्द्रविन्दु बन्नुभयो यहाँ मात्र होइन, उहाँले बन्दीपुरमा भएको क्रान्तिमा पनि योगदान गर्नुभएको थियो ।

धर्मशीला गुरुमाले पोखराको शैक्षिक सामाजिक उत्थानमा अहम् भूमिका निभाउनु भएको थियो । त्यो समयमा पोखरामा विद्यालय खुलाउने पहिलो बैठक बुद्ध विहारमा भएको थियो । धर्मशीला गुरुमासहितको बैठकबाट आजको राष्ट्रिय माध्यमिक विद्यालय मिडिल स्कुलको खाका कोरियो । २००६ सालमा स्कुल खुल्यो । पछि कन्या स्कूल खुलाउनका लागि पनि उहाँलाई नै घच्घच्याइयो । श्री ५ रत्नराज्यलक्ष्मी कन्या स्कुलको त उहाँ संस्थापक सचिव भएर २०१४ सालमा काम गर्नुभयो । पोखराको बालमन्दिरको स्थापना र सञ्चालनमा पनि उहाँको महत्वपूर्ण भूमिका थियो । आदर्श पुस्तकालयदेखि पृथ्वीनारायण कलेजको स्थापना, सञ्चालन र संवर्द्धनका लागि पनि चन्दा बटुलेर, यत्रतत्र दौडधूप गरेर थुप्रै योगदान गर्नुभएको थियो ।

**बुद्ध जयन्ती मनाउने परम्पराको सुरुआत**

बुद्धधर्मका सम्बन्धमा बिल्कुल अनभिज्ञ रहेको त्यसबेलाको पोखरामा, यहाँको जन्मजात बौद्ध भन्नेहरूले समेत आफ्नो मौलिक बाटो पक्रन सकेका थिएनन् । मोहरिया टोल निवासी दिवंगत डिल्लीमान बुद्धाचार्य शाक्य समाजका पहिलो व्यक्ति थिए जसले धर्मशीला गुरुमासँग सम्पर्क राखी विहारमा र उहाँको घरमा बरावर आवतजावत सुरु गर्नुभएको मानिन्छ । पछि थुप्रै मानिसहरू बुद्ध विहारमा आवतजावत गर्ने गरेको बुझिन्छ । धर्मशीला गुरुमाले वैशाख पूर्णिमालाई सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण दिवसको रूपमा भव्यरूपले मनाउन २/३ पटक प्रयास गर्नुभएको थियो । बुद्धको मूर्ति खटमा राखी बजार परिक्रमा गर्नुभयो । तर त्यो क्रमलाई नियमित पारी राख्न कठिन भयो । २०१८ सालमा एकपटक सशक्त प्रयास भयो । राष्ट्रिय माध्यमिक विद्यालय, श्री ५ रत्न राज्यलक्ष्मी कन्या स्कुल, स्थानीय समाजसेवी, साहु महाजनहरू सबैको सहयोगले वैशाख पूर्णिमा विभिन्न कार्यक्रमहरू राखी भव्य रूपले मनाइयो ।

**ज्ञानमाला संघको गठन**

धर्मशीला गुरुमाले उपासक उपासिकाहरूलाई एकत्रित पारेर संस्थागत काम गर्न प्रेरित गर्ने अभिप्रायले २०२२ सालमा ज्ञानमाला संघको गठन गरिदिनुभयो । ज्ञानमाला भजन नेपाल भाषामा मात्र गाउने गरिएकोमा पोखराको ज्ञानमाला संघले त्यो परम्परा तोडेर नेपाली भाषामा गाउन थाल्यो ।

**प्रथम महापरित्राण र बौद्ध सम्मेलन**

एकपटक उहाँमा महापरित्राण गर्ने तीव्र इच्छा उत्पन्न भयो । त्यसलाई सम्पन्न गर्न उहाँले अथक परिश्रम गर्नुभयो वातावरण मिलाउने प्रयास गर्नुभयो । तत्कालीन गण्डकी अञ्चलाधीश दानबहादुर शाक्यको अध्यक्षतामा आयोजक समिति गठन भयो र २०२० साल कात्तिक २९ गतेदेखि मंसिर १ गतेसम्म पोखरामा महापरित्राण तथा पहिलो बौद्ध सम्मेलनको भव्य आयोजना गरियो । त्यसबेलासम्म देशमा राष्ट्रिय क्षेत्रीय बौद्ध सम्मेलनको अवधारणा आएको थिएन । त्यति बेला राजा महेन्द्रबाट कारणवशः महापरित्राण र बौद्ध सम्मेलन समारोहमा सरिक हुन असमर्थ भएका कारणले समारोहको सफलताको कामना गरी शुभकामना सन्देश पठाएका थिए । तत्कालीन खाद्य तथा कृषिमन्त्री रवीन्द्रनाथ शर्माले सम्मेलन उद्घाटन गर्नुभएको थियो ।



२०३८ सालमा जापानको राजधानी टोकियोमा विश्वका सबै प्रमुख धर्मावलम्बीहरूले भाग लिएको विश्व शान्ति सम्मेलनमा बुद्ध विहारको तर्फबाट भूतपूर्व उपमन्त्री मीनबहादुर गुरुङ र उहाँकी धर्मपत्नी वसन्तकुमारी गुरुङका साथ धर्मशीला गुरुमा आफै त्यहाँ जानुभएको थियो । त्यहाँ आफ्नो उदार मैत्री भावले गर्दा उहाँले उहाँका नजिक आउने धेरै जापानीहरूको मन जित्नुभएको थियो र थोरै समयमा नै धेरै जापानी मित्र बनाउनु भएको थियो । जापानमा श्रद्धेय गुरु निचिदात्सु फुजी पनि गुरुमा र पोखरेलीबाट प्रभावित हुनुहुन्थ्यो । धर्मशीला गुरुमा २०४२ सालमा बेलायतको ब्याटस पार्कमा निर्मित विश्व शान्ति स्तूपको उद्घाटन समारोहमा पनि मीनबहादुर गुरुङका साथ जानुभएको थियो ।

**ध्यान शिविर**

बुद्धधर्ममा ध्यानको महत्वलाई मनन गरेर २०४१ सालमा धर्मशीला गुरुमाले पोखरामा एउटा ध्यान शिविरको आयोजना गर्नुभयो । बर्माका भिक्षु ओसीन थोन डोराद्वारा सञ्चालित त्यस ध्यान शिविरमा काठमाण्डौं पोखराका गरेर २५ जना उपासक उपासिकाहरूले भाग लिएका थिए । त्यस ध्यान शिविरले पोखराको बौद्ध समाजलाई ध्यानको केही चिनारी गराइदिएको र केही व्यक्तिहरू त्यस बेलादेखि ध्यान बस्न प्रेरित भएको पनि उल्लेखनीय छ । पोखरामा आयोजित त्यो पहिलो ध्यान शिविर हो ।

**उपत्यकाव्यापी बुद्ध पूजाको संयुक्त आयोजना**

पोखरामा बौद्ध जात जातिको संख्या बढ्दै गए अनुसार विहार, गोम्बा र चैत्यहरूको संख्या पनि क्रमशः थपिँदै गएको छ । ती सबै गोम्बा, चैत्य र विहारहरूलाई एक सूत्रमा गाँसेर राख्नसके कार्यक्रम नजुध्ने, एक अर्काको बीच मेलमिलाप, सहयोग र समभदारी बढ्ने भएकाले संयुक्त रूपले पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको आयोजना गर्ने परिकल्पना उहाँले र जापानका भिक्षु मोरियोका सोनीले गर्नुभयो । त्यसलाई साकार रूप दिन धर्मशीला गुरुमाको सभापतित्वमा बुद्ध विहारमा बैठक भयो । त्यस बैठकमा धर्म संघ बुद्ध विहार, मोहरियाटोल, बौद्ध अर्घो सदन रामघाट, कर्मसिद्ध परम्परा धर्मचक्र द्विपस्य विहार माटेपानी, स्याङ्ग गाधेन छोयखोर्लिङ गोम्बा पृथ्वीचोक, धार्कोलिङ गोम्बा छोरेपाटन, ध्ये छ्ये लिङ गोम्बा दीप, भयाङ्ग भ्युप छ्यो लिङ गोम्बा हेम्जा, थकाली समाज, मार्फाली परिवार, ताङवेतानी परिवार र बुद्ध विहार ज्ञानमाला संघका प्रतिनिधिहरू उपस्थित भएर नजिकै आएको २०४१ सालको आषाढ पूर्णिमाको उपलक्ष्यदेखि प्रत्येक वर्ष प्रत्येक विहार गोम्बाले पालैपाले गरेर उपत्यकाव्यापी बुद्ध पूजा आयोजना गर्ने निर्णय गरियो । त्यस निर्णय अनुसार पहिलो उपत्यकाव्यापी बुद्ध पूजाको भव्य आयोजना धर्मशीला बुद्ध विहारले गर्यो पोखराका सबै बौद्ध जातजाति र अन्य श्रद्धालु मानिसहरू सम्मिलित भएको एउटा भव्य एवम् विशाल शान्ति पदयात्रा नदीपुरस्थित बुद्ध विहारबाट सुरु भई प्रत्येक गोम्बा विहारको पूजा दर्शन गरी बुद्ध विहारमा नै फर्केर बिसर्जन गरियो । त्यसवेला त्यस शान्ति पदयात्रा आकर्षक बनाउन एवम् सफल पार्नमा जापानका भन्ते मोरियोका सोनीको अथक परिश्रम स्मरणयोग्य छ ।

बुद्धधर्ममा वैशाख पूर्णिमाको जस्तै आषाढ पूर्णिमाको पनि ठूलो महत्व छ । तर, नेपालमा आषाढ पूर्णिमाका दिन यसरी उत्सव गरेर मनाउने चलन छैन । पोखरामा आषाढ पूर्णिमाको महत्व दर्शाएर पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको आयोजना गर्ने गरिएको छ । त्यसले नयाँ अवधारणा ल्याएको टिप्पणी धेरैले गरेका छन् । यस आयोजनाले एकातिर बुद्ध धर्मको प्रचारमा गति थपिएको छ । अर्कोतिर यसले यहाँका जनजाति आदिवासी बौद्धहरू तथा बिहार र गुम्बाहरू बीचको सम्बन्ध र सम्पर्क अरु गाढा घनिष्ट बनाएको छ । जसले बौद्ध एकतालाई सुदृढ पार्ने काममा ठूलो सघाउ पुयाएको छ ।

**दायक सभा गठन**

बुद्ध विहारलाई सुचारु रूपले सञ्चालन गर्दै लैजानका लागि आफ्नै कोष हुनु नितान्त आवश्यक सम्झेर विहारमा एउटा अक्षयकोष खडा गरियो । २०४० सालमा खडा भएको त्यस कोष सञ्चालनका लागि धर्मशीला गुरुमाको संरक्षकत्वमा २०४३ वैशाख ६ गते दायक सभा गठन गरियो । खिलेन्द्रमान बुद्धाचार्यको सभापतित्वमा गठित त्यस दायक सभाको सचिव पुष्करमान बुद्धाचार्य हुनुहुन्थ्यो । दायक सभाले धर्मशीला गुरुमालाई विहार सञ्चालन, सवर्द्धन गर्न तथा अतिथिहरूलाई आतिथ्य प्रदान गर्ने काममा सघाउ पुऱ्याउने काम गर्दै आएको छ ।

**विश्वशान्ति स्तूप निर्माण**

बौद्ध गतिविधिहरूको चर्चा गर्दा पोखरा फेवा तालपारिको अनदु थुम्कीमा २०३० सालमा निर्माण भइरहेको विश्वशान्ति स्तूपको कुरा बिर्सन सकिँदैन । एकपटक जापानका श्रद्धेय गुरुज्यू निचिदात्सु फजीसँग काठमाण्डौं निवासी पूर्व सहायक मन्त्री प्रेमबहादुर शाक्य मार्फत धर्मशीला गुरुमाको भेटघाट हुन्छ । संसारभरि विश्वशान्ति स्तूपको निर्माण गर्दै हिँड्नु भएका, आणविक हातहतियारको विरुद्धमा विश्वभर पदयात्रा गर्दै हिँड्नु भएका, शान्तिकामी बयोवृद्ध गुरुज्यूले पोखरामा पनि शान्ति स्तूपको निर्माण भए बुद्धधर्मको विकासमा महत्वपूर्ण योगदान हुने र त्यसमा आफूले पनि सक्दो आर्थिक प्राविधिक सहयोग दिने विचार प्रकट गर्नुभयो । गुरुज्यूको त्यस भनाइले धर्मशीला गुरुमाको मनमा गहिरो छाप पर्‍यो । फेरि पोखराका लागि त्यो एक ठूलो गौरवको कुरा हुने भएकाले धर्मशीला गुरुमा त्यसमा एकदमै तत्परतासाथ लाग्नुभयो र विभिन्न उपयुक्त ठाउँहरू देखाउनु भयो त्यसरी देखाइएका ठाउँहरू मध्ये अनदु डाँडाको थुम्की सबभन्दा उपयुक्त मानियो ।

त्यो थुम्कीको केही भाग मीनबहादुर गुरुङको थियो । श्रद्धेय गुरुज्यूको सहयोग तथा मीनबहादुर गुरुङको अथक परिश्रमले उहाँको आफ्नै जग्गा अनदु थुम्कीमा विश्वशान्ति स्तूपको निर्माण सुरु भयो । सबभन्दा पहिला त्यहाँ ठूलो एउटा प्रार्थना हल तयार गरियो । पाहुना घर र गुरुका लागि अर्को बिहार गरेर तीनवटा भवनहरू तयार गरिए ।

त्यस ठाउँमा स्थापना गर्न पाटनमा बनाइएको ढलोटको सिद्धार्थको जन्ममूर्ति ल्याइयो । सार्वजनिक रूपले त्यो जन्ममूर्तिलाई बजार परिक्रमा गरेर फेवाताल पारी लगी नवनिर्मित प्रार्थना हलमा २०३० मार्ग १३ गतेका दिन अनावरण गरि विधिवत् स्थापना गरियो । त्यसले बौद्ध जगतमा ठूलो उत्साह उमंगको लहर ल्यायो । बौद्धहरूका लागि एउटा तीर्थस्थल थपियो । नेपालमा पहिलो शान्ति स्तूप पाएकाले पोखरा हर्षले गद्गद् भयो ।

त्यस किसिमले जतातताैबाट प्रशंसा भएको बेलामा ३५ फिट अग्लो शान्ति स्तूपमाथि बज्रपात भयो । शान्ति स्तूपका निर्माता मीनबहादुर गुरुङलाई प्रशासनले विसं २०३१ साल साउन ४ गते सुरक्षा कानुन अन्तर्गत जेलमा राख्यो । थुन्नुको कारण राजनीति हो भन्ने बाहिर हल्ला चलाइयो । फेरी केही पछि राजनीतिमा संलग्न नभएका उहाँका पुत्र कृष्णबहादुर गुरुङलाई पनि अप्रत्याशित रूपले २०३१ कात्तिक २६ गतेका दिनदेखि थुनियो । र ६ महिनाको लागि बेसीशहर लमजुङ जेलमा पठाइयो । शान्ति स्तूप भत्काउने बैठक भयो । भत्काउनुको कारणको खोजी भयो । अनि नगर योजना कार्यान्वयन समितिको स्वीकृति नलिई बनाइएको आरोप जबर्जस्ती लगाइयो । त्यसबेला त्यो ठाउँ नगर योजना क्षेत्रभित्र पनि पर्दैनथ्यो । नगर योजनाभित्र नपरेको र नगर योजना लागु हुनुभन्दा पहिले नै निर्माण भई बुद्धमूर्ति समेत स्थापना भएको ठाउँमा नगर योजनाको स्वीकृति नलिएको भन्ने आरोप लगाइयो । जब कि गाउँ पञ्चायत क्षेत्रमा त्यसबेला घर आदि बनाउन कुनै स्वीकृत लिनुपर्ने प्रावधान नै थिएन । प्रशासनले जबर्जस्ती आफ्नो मान्छे लगाएर निर्ममतापूर्वक त्यहाँका तीनैवटा भवनहरू, निर्माण भइरहेको शान्ति स्तूप भत्काइदियो ।

केही महिनापछि २०३१ साल कात्तिक महिनाको ५ गते श्री ५ को सरकारले दिएको १२/१५ फिटसम्म उचाइको शान्ति स्तूप निर्माण गर्ने स्वीकृति पत्र लिएर भिक्षु सुदर्शन र लोकदर्शन बज्राचार्य पोखरा आउनुभयो । तर त्यस बेलासम्म मीनबहादुर गुरुङ जेलमै हुनु भएकाले उहाँको अनुपस्थितिमा, उहाँकै जमिनमा र उहाँको मञ्जुरी बिना शान्ति स्तूप बनाउन उपयुक्त नहुने भएकाले तथा त्यति ठूलो योजनाको साटो सानो स्तूप निर्माण गर्ने काम त्यत्ति उत्साहप्रद नभएकाले त्यो स्वीकृति पत्रलाई स्वीकार गरिएन । लामो समयको संघर्षपछि २०४९ भदौ महिनामा पुनर्निर्माण गर्ने स्वीकृति पाएपछि निर्माण सुचारु भई २०५६ साल कात्तिक १३ गते विश्व शान्ति स्तूप उद्घाटन गरियो ।

**अभय उपचार केन्द्र स्थापना**

धर्मशीला गुरुमाले जापानीले प्रतिपादन गरको बिरामीलाई उपचार गर्ने एउटा विधि 'जोरे हो पनि सिक्नु भएको थियो । यो 'जोरे हो' विधि बुद्ध धर्ममा आधारित भएको र त्यसबाट सरल र सस्तो किसिमले औषधोपचार हुने देखिएकाले उहाँले बुद्ध विहारमा त्यसको शाखा अभय उपचार केन्द्र' २०४० सालमा स्थापना गर्नुभएको थियो । त्यो उपचार केन्द्र निकै उपयोगी र लोकप्रिय हुँदै गएको थियो र धैरै बिरामीहरूले उपचार पाइरहेका छन् । त्यस केन्द्र सञ्चालनार्थ एउटा सञ्चालक समिति गठन गरिएको थियो । जसको सभापति हीराभक्त ताम्राकार र सचिवमा गोविन्द ताम्राकार हुनुहुन्छ ।

**धर्मोदय सभा**

बुद्ध धर्मको प्रचार गर्ने तथा विभिन्न सम्प्रदायहरूका बीच समन्वय कायम राख्ने अभिप्रायले पोखरामा धर्मोदय सभाको एउटा शाखा पनि गठन गरिएको छ । त्यो शाखा खेल्न गुरुमाको अथक परिश्रम रहेको छ । २०४४ कात्तिक २५ गते मुख अष्टमीको दिन सभा गठन भएको थियो । यस शाखाले जेबी पात्रो, निःशुल्क स्वास्थ्य परीक्षण र औषधि वितरण, प्रवचन गोष्ठीको आयोजना गर्ने आदि काम गर्दै आएको छ ।

**बौद्ध उपासिका संघ**

धर्मशीला गुरुमाको अधुरो काम कुरा पूरा गर्ने अभिप्रायले उहाँको शेषपछि केही महिलाहरू अग्रसर हुनु भयो । विहारमा मिति २०४५ साल मंसिर ४ गते हरिबोधनी एकादशी गुरुमाको दोस्रो पुण्य तिथिको दिनमा बौद्ध उपासिका संघ स्थापित गरिएको छ । त्यस संघको सभापति श्रीमती उत्तरकुमारी पालिखे हुनुहुन्थ्यो । संघको गठन पश्चात महिलाहरूको संगठित शक्ति पनि बुद्ध धर्मको प्रचारमा लाग्ने र त्यसबाट विहारको काम कुराहरूमा ठूलो सघाउ पुगेको छ ।

...

समय बिते अनुसार क्यान्सर रोगले ग्रस्त पार्दै लग्यो । राम्ररी हिँडडुल गर्न समेत नसक्ने अवस्थामा पुग्नुभयो । उपासक उपासिकाहरू, श्रद्धालुहरू, उहाँका नयाँ पुराना साथीहरू बाहिर जे जस्तो कुरा सुनेर आएका भएपनि उहाँ र उहाँको मनोबल देखेर आश्चर्य चकित हुन्थे । धर्मशीला गुरुमाको उपचार २०४३ साल आश्विन १३ गतेदेखि कात्तिक ८ गतेसम्म जापानको राजधानी टोकियो स्थित दि शुको-काइ इलेक्ट्रोकेमिकल १८ एन्ड क्यान्सर इन्स्टिच्यूटमा गरियो । धर्मशीला गुरुमालाई केही आराम भएको खबर प्राप्त भयो । त्यो खबर सुनेर सम्बन्धितहरू सबै हर्षित भए, आनन्दित भए । तर कुनै पनि आधुनिकतम् औषधि र आधुनिकतम् उपचार विधिले उहाँलाई निको पार्न सकेनन् । उहाँलाई नेपाल फर्काइयो ।

गुरुमाको प्रकृति नराम्ररी बिग्रियो । धर्मशीला गुरुमा सदाका लागि आफ्नो जीवनको पूर्णविराम गरेर, बुद्ध विहारलाई निस्तब्ध र शून्य पारेर, सबै उपासक-उपासिकाहरूलाई यस भवसागरमा छाडेर, जीवन पर्यन्त गरेको सम्पूर्ण कीर्तिहरूलाई अमर पारेर जानुभयो एक्लै, केवल आफू एक्लै जानुभयो । २०४३ साल कात्तिक २६ गते हरिबोधनी एकादशी आफ्नै जन्मबार बुधबारका दिन बौद्ध जगतबाट एक यस्तो तेजिलो दियो निस्तब्ध भयो, जसले बुद्ध विहारको हाताभित्र मात्र होइन, बौद्ध जगतमा मात्र होइन, यहाँको शैक्षिक, सामाजिक, विकास, निर्माण, राजनीति लगायत जीवनका हरेक क्षेत्रमा ज्योति प्रज्वलित पारिराख्नु भएको थियो । सबैको हृदय जितेर बस्नुभएका, सबैको स्नेह पाएर रहनु भएका धर्मशीला गुरुमाको असामयिक निधनले यस क्षेत्रका सबै सबैलाई शोकाकुल पारेको थियो । यस्तैमा चिनी गुरुमाले धर्मशीला गुरुमाको शान्तिका लागि, निर्वाणका लागि बुद्ध पूजामा सम्मिलित हुन सबैलाई आग्रह गर्नुभयो । भाव विह्वल मुमा बुद्ध पूजा सम्पन्न भयो ।

**गुरुमाको नाममा भएका कार्यहरू**

बुद्ध विहार परिवारले उहाँको कीर्तिहरू अक्षुण्ण राख्न तथा उहाँलाई अमर बनाई राख्न विभिन्न निर्णयहरू लिएका थिए । मिति २०४३ चैत १३ गते बुद्धबिहार परिवारको बैठकले उहाँले स्थापना गर्नुभएको विहारको नाम परिवर्तन गरी धर्मशीला बुद्ध विहार राख्ने निर्णय गर्‍यो । उहाँका नातेदारहरू, अन्य उपासक उपासिकाहरूले उहाँको मुखाकृति सधैं सबैको स्मरणमा आइरहोस् भनेर विहारको प्रांगणमा उहाँको शालिक स्थापना गरेर अमर बनाउने अर्को प्रयास गरे ।

अनागारिका कर्मशीलाले उहाँको सम्मान र स्मृतिमा उहाँकै नामबाट २०५८ साल कात्तिक ११ गते हरिबोधनी एकादशीकै दिन उहाँको १५औं पुण्य तिथिका दिन धर्मशीला विद्वतवृत्तिको व्यवस्था गरिदिनु भयो । त्यस विद्वतवृत्तिलाई व्यवस्थित गर्न २०५९ कात्तिक १ गते भिक्षु श्रद्धानन्दको संयोजकत्वमा धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति गठन गरिएको छ । यसरी आज धर्मशीला बुद्ध विहारमा धर्मशीला गुरुमा हुनुहुन्न तापनि यताउता जताततै उहाँकै प्रतिछायाँहरू देखिन्छन् । उहाँकै शाश्वत पदचिन्हहरू भेटिएको अनुभूति हुन्छ । उहाँका अमर कीर्तिहरूले केही भनिरहेका आभास हुन्छ । गुरुमाको भौतिक शरीर अब हाम्रो बीच नभए पनि उहाँका ती अमर कीर्तिहरूले यत्रतत्र देखिने उहाँका प्रतिछायाहरूले तथा उहाँका ती शाश्वत पदचिन्हहरूले सदा सर्वदा बौद्ध धर्मको अधिवृद्धि गर्न तथा गराउन सामाजिक रचनात्मक कार्यहरू सम्पादन गर्न गराउन प्रेरित र प्रोत्साहित गरिराखेका छन् ।

# तमु भाषाका आदिकवि



लाला गुरुङ

ऊ बेला पोखराको ढुंगेसाँघुमा माघे संक्रान्तिमा धुमधाम मेला लाग्थ्यो । मेला भर्न कास्की, तनहुँ, स्याङ्जातिरका गाउँहरूबाट पनि मानिसको धुइरो लाग्थ्यो । साथीहरू एकापसमा छुट्ने र हराउने डर हुन्थ्यो । त्यसैले गाउँबाट झरेको गुरुङ युवायुवतीहरू चप्पल हातैमा बोकेर एकअर्काको हात समातेर हिँड्थे । त्यस्तो दृश्य देख्दा सहरमा हुर्केका खासगरी व्यापारीले निकै खिसी गर्थे ।

अहिले पनि नेपालमा स्वच्छ पिउनेपानी एउटा मुख्य समस्या हो । आजभन्दा पाँच/छ दशकअघिको अवस्थाको त झन् कल्पना पनि गर्न सकिँदैन । स्याङ्जाको फेदीखोला गाउँपालिकाको साल्मे, दामगाडे क्षेत्रमा मात्र होइन, आसपासका गाउँमा पनि पानीको ठूलो समस्या थियो । महिलाहरूको बिहानी समय पानी ल्याउनमै बित्थ्यो । यस्तै दृश्यहरू देख्दै र खेप्दै हुर्केका थिए, स्याङ्जा फेदीखोला साल्मेका हर्कबहादुर गुरुङ ।

विसं १९९३ साल माघ ११ गते देवबहादुर गुरुङ र बुद्धिश्री गुरुङको माहिलो छोराका रूपमा जन्मिएका हर्कबहादुर सानैदेखि पढाइमा रुचि राख्थे । छिमेकी गाउँ दामगाडेमा तीन कक्षासम्म पढेपछि उनी थप अध्ययनका लागि पोखरा झरे, २०११ सालमा । पोखरामा उनी नेशनल मल्टिपर्पोज कलेजमा भर्ना भए र आठ कक्षासम्म त्यहीं पढे । पोखरामा पद्दाताका नै हो, उनले गुरुङ जागरण गीतको रचना गरेको । 'योर क्हासी आप्रोदो..' त्यतिबेलै रचिएका गीत हुन् । मेलामा हात समातेर नहिँड । केही सिक । सभ्य बन्ने प्रयास गर भनेर ।

उनले चर्चित गीत 'क्युदे थुलेन दुःख म्हन' गीत पनि त्यसैताका रचना गरेका हुन् । गुरुङ समुदायमा मामाचेली-फुपूचेला विवाह एक किसिमले बाध्यात्मक थियो । एकापसमा मन नमिले पनि बाबुआमाको करबलमा विवाह बन्धनमा बाँधिनुपर्ने बाध्यता थियो । खासगरी लाहुरबाट भान्जा आउने बित्तिकै छोरी दिने चलन थियो । छोरीहरू पीडित थिए । बिना चिनजान, आनीबानी थाहा नपाई र छोरीको स्वीकृति बेगर जबर्जस्ती विवाह नगराइ दियौ भन्ने आसयमा उनले यो गीत रचेका हुन् । २०१६ सालमा उनी राजधानी काठमाडौं हानिए र जुद्धोदय पब्लिक हाइस्कुलमा भर्ना भए । त्यसैबेला उनले तत्कालीन समयका स्वास्थ्य उपमन्त्री नरबहादुर गुरुङको सहयोगमा गुरुङ गीति संग्रह 'क्युदे थुलेन' प्रकाशित गरे । संग्रहमा साढे तीन दर्जन गीत थिए । अनि २०१७ सालमा रेडियो नेपालमा गीत पनि रेकर्ड गराए, सुनिमाया, ठाडोभाका, यानीमाया आदि ।

२०१८ सालमा एसएलसी गरेर उनी गाउँ फर्किए । दामगाडेमै दुई वर्ष प्राथमिक विद्यालयको प्रधानाध्यापक भई अध्यापन गरे । पछि २०२२ सालमा उनी भूमि सुधार कार्यालयका जागिरे भए । त्यसपछि उनको गीत लेखन र गायन थप अघि बढ्यो । नापीका लागि गाउँघर घुम्दा उनी भाका हालेर गाउँथे । स्वर पनि मीठो भएकाले उनले गीत गाउँदा मानिसहरू ध्यान मग्न भएर सुन्थे । उनका कतिपय जागरण गीत सुनेर मानिस धुरुधुरु रून्थे पनि । उनीको गीति संग्रह 'क्युदे थुलेन' दोस्रो पटक ईश्वरबहादुर गुरुङले २०२२ सालमा प्रकाशित गरिदिए । 'क्युदे थुलेन' तेस्रोपटक चाहिँ २०५८ सालमा पोखराको 'तमू युवा सांस्कृतिक परिवार'ले प्रकाशित गरिदियो ।



**"२०५९ सालमा तमू सांस्कृतिक प्रतिष्ठानले हर्कबहादुर गुरुङलाई 'गुरुङ आदिकवि' को सम्मान र पद्वी प्रदान गरेको हो**

२०४३ सालमा जागिरबाट अवकाश पाएपछि उनी गाउँमै फर्किए । हुन त त्यसबेला उनको पोखरामा बस्न सक्ने हैसियत भइसकेको थियो तैपनि गाउँमै केही गर्नुपर्छ भनेर उनी फेदिखोला फर्किएका थिए । जागिरबाट अवकाश लिएपछि उनी फेदीखोला बौद्ध सदनको सचिव बने । विशुद्ध सामाजिक सेवाभावले उनले सदनमा रहेर १३ वर्ष सचिवको रूपमा सेवा गरे ।

साढे पाँच दशकअघि नै गुरुङ भाषामा जागरण गीत गाउँदै गाउँघर चाहारेका हर्कबहादुर गुरुङलाई 'गुरुङ आदिकवि' को सम्मान र पद्वी चाहिँ २०५९ सालमा तमू सांस्कृतिक प्रतिष्ठानले प्रदान गरेको हो । त्यसपछि उनी धेरैवटा संघ-संस्थाबाट गुरुङ आदिकविका रूपमा सम्मानित भए, पुरस्कृत भए । तमू युवा संघ काठमाडौंको ब्यानरमा लाला गुरुङले उनको जीवन कथामा आधारित रहेर 'ङ्योए ओंसो क्वे प्रिब म्हि' वृत्तचित्र नै निर्माण गरे । वृत्तचित्र निर्माणसँगै संघले २०६१ सालमा उहाँको जन्मदिनका अवसर पारेर जन्मदिन पनि मनाएको थियो । त्यसैगरी तमू 'गुरुङ' सञ्चारकर्मी संघले पनि २०६६ सालमा उहाँको जन्मदिनका अवसर पारेर एक कार्यक्रम आयोजना गरेको थियो ।

तमु आदिकवि हर्कबहादुरको जीवनी पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरले प्रकाशन गरेको गुरुङ भाषाको कक्षा ४ को पाठ्यक्रममा राखिएको छ । त्यसैगरी भारतको सिक्किम प्रदेश सरकारले कक्षा ९ को पाठ्यक्रममा खेमालिपी उहाँको जीवनी पढाउँदै आएको छ भने फेदिखोला गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ बाट स्थानीय पाठ्यक्रममा कक्षा ८ मा उहाँको जीवनी पढाउँदै आएको छ ।

त्यसैगरी उहाँको नाममा तमु आदिकवि हर्कबहादुर गुरुङ स्मृति प्रतिष्ठान खोलिएको छ । सोही प्रतिष्ठानले फोदिखोला गाउँपालिकाको वडा नं. १ स्थित रामकोट नजिकै देउरालीमा उहाँको एक रोपनी जग्गामा अर्ध कदको शालिकसहितको पार्क निर्माण गरिएको छ । फेदीखोला गाउँपालिकाको सहयोगमा निर्मित उक्त उद्यनलाई तमु आदिकवि हर्कबहादुर गुरुङ स्मृति पार्क नामाकरण गरिएको छ ।

आदिकवि हर्कबहादुरका दाजुहरू, साथीभाइ लाहुरे थिए । तर उहाँको मन भने लाहुरभन्दा पढाइतिरै गढ्यो । अक्षर चिन्ने भएपछि उहाँको दैनिकी नै बनेको थियो, लाहुरेहरूले पठाएको चिठी वाचन गरिदिनु । सानो छँदा उहाँ पनि अरू गुरुङ बालबालिका जस्तै चञ्चले हुनुहुन्थ्यो । मोजा पोका पारेर भकुण्डो बनाई फुटबल खेल्नुहुन्थ्यो । भैंसी चराउन जानुहुन्थ्यो । आफ्नो घर नजिकैको साल्मेडाँडास्थित भैंसी आहाल बस्ने पोखरीमा पौडी खेल्नु हुन्थ्यो । उनै चञ्चल हर्कबहादुर गुरुङ कालान्तरमा गुरुङ आदिकवि बन्नुभयो । आफू निकटका साथीभाइ र गाउँले माझ आफ्नो जन्मथलोको नामसँगै जोडिएर उहाँको बोलाउने नाम चाहिँ साल्मे माइला थियो ।

आदिकवि हर्कबहादुरको श्रीमती सुष्मा गुरुङ, छोरा अर्जुन गुरुङ र छोरी वन्दना गुरुङ छन् । गुरुङ भाषाका आदिकवि हर्कबहादुर गुरुङ उर्फ साल्मे माइलाको २०६७ साउन १ गते काठमाडौंको नर्भिक अस्पतालमा उपचारका क्रममा निधन भयो । अहिले उहाँको भौतिक शरीर हामीमाझ छैन तर उहाँका कृति र देनले उहाँलाई अमर बनाइरहेको छ । उहाँ एक आदिकवि मात्र नभई समाज सुधारक पनि हुनुहुन्थ्यो किनकि उहाँको सिर्जनामा जनचेतना र जागरणको आभाष पाइन्छ ।

# लोक संस्कृतिका धरोहर



सुरज उपाध्याय

गन्धर्व समुदाय आदि वैदिक कालदेखि नै लोक संगीतमा समर्पित समुदाय हो । यो समुदायले वेद, मन्त्र, सवाई, कर्खा, बेलोल, रामकली, घटना, माहाल, मंगल, मालश्री, देउसी, भैलो, रत्यौली, असारे, झ्याउरे आदि धार्मिक र विविध लोक छन्दलाई सारंगीको धुनसँग गाएर पछिल्लो पुस्तालाई लोक संगीत चिनायो ।

प्राचीन कालमा शाषक वर्गका कहानी गाएर गाउँगाउँ घुम्ने कलाकार पनि गन्धर्व नै हुन् । सुगौली सन्धीको घाउलाई नरम बनाउँदै जनतामा चेतना छर्ने वर्ग पनि गन्धर्व नै हो । नेपाल राज्यको विस्तार गर्ने राजा पृथ्वीनारायण शाहले मनिराम गन्धर्व भन्ने गायकलाई विभिन्न भुरे, टाकुरे राज्यहरुमा गीत गाउने बाहना बनाएर विविध सूचना संकलन गर्नसमेत लगाउने गरेको इतिहासकारले उल्लेख गरेका छन् । करिब हराउन लागिसकेको लोक संगीतकर्मलाई पुनर्जीवन प्रदान गर्ने काम गरे झलकमान गन्धर्वहरुले । उनी अझै आफ्ना भाकामा बाँचिरहेका छन् ।



बाटुलेचौरको महेन्द्र गुफा गुफा पुग्ने बाटैमा छ झलकमानको घर । बाटैमा उनको सालिक छ । सालिक देखेपछि आँखा अगाडि उनको तस्बिर नाच्न थाल्छ । मुखले 'आमैले सोध्लिन् नि खोई छोरा भन्लिन...' भन्ने गीत गाउन थाल्छ ।

नेपाली लोक, संगीतका ज्वजल्यमान नक्षत्र झलकमान सारंगी धुनका अभिभावक पनि हुन् । आज उनकै गोरेटो र पदचापलाई पच्छाउँदै थुप्रै सर्जक सारंगीबाटै गीत संगीतको जगेर्नामा छन् ।

**"गाइने गीतलाई उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष पुऱ्याए ।**

झलकमानका बुबा दुर्गाबहादुर मिजार पनि कुशल गायक थिए । जैमुरे, पुरनचौर, बाटुलेचौर, लामाचौरका बस्तीहरु गीत गाउँदै हिँड्थे । एक दिन सांरगीको तालमा हे बरै गीत गाउँदै थिए बाटुलेचौरका बस्तीहरुमा । यो २०२२ सालतिर घटना हो । पहिलोचोटि हे बरै गीत गाउँदै गरेका मिजारलाई भेटे चेतन कार्कीले । पहिलोचोटि नै त्यो गीत सुन्दा कार्की भावुक बने ।

उनी 'आत्मा बेचेको छैन' भन्ने नाटक तयार गर्दै थिए । नाटक मञ्चनको तयारी हुँदै थियो । मिजारलाई उक्त गीत नाटकमा गाइदिन अनुरोध गरे । उनी गाउन राजी भए । टिकट काटेर एकै दिन दुई सो मञ्चन भएको उक्त नाटकमा बिरामी भएका कारणले मिजारले गीत गाउन सकेनन् । गीत गाउने अवसर पाए उनकै छोरा झलकमानले ।

बुबाको प्रभाव झलकमान पनि थियो । बाले भन्दा अझै राम्रो गाए झलकमानले । झलक मानकै गीत सुन्न पनि नाटक हेर्नेको घुइँचो लाग्यो । रातारात झलकमान चर्चित भए । गाउँका गुरुङ बस्तीहरुमा बाबुले गाउने गीत सहरका बस्तीहरुमा झलकमानको गीत बनेर चिनियो । झलकमान र हे बरै पर्यायवाची जस्तै बने । पहिलो चोटि त्यही नाटकमा प्रयोग भयो त्यो गीत । पछि यौटा चलचित्रमा पनि यो समावेश भयो ।

विक्रम संवत् १९९२ वैशाख १२ गते बाटुलेचौरमा जन्मिएका झलमानको बाल्यकाल त्यति सुखद् रहेन । सम्पत्तिको नाउँमा एक टुक्रा जमिन थिएन । खेतीकिसानी उनीहरुको पेसा पनि होइन । गीत गाउँदै दस गाउँ डुलेर उठाएको मुठीले उनीहरुको गुजारा चल्थ्यो । तै झलकमानको लोक संगीतप्रति भने अगाध आस्था थियो । २० वर्षअघि निधन हुँदा केहीअगाडिसम्म पनि उनी सारंगीमै रमाइरहेका हुन्थे ।

झलकमानले गाइने गीतलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष पुऱ्याए । पहिलोपटक गन्धर्वको गीत रेडियो नेपालमा रेकर्ड गराए । रेडियोमा बज्न थालेपछि उक्त झन् धेरै लोकप्रिय भयो ।

झलकमानका करिब ३ सय गीत रेडियो नेपालमा रेकर्ड भएका छन् । २०२४ सालतिरै हो उनले रेडियो नेपालमा गायकको रूपमा जागिर खाएको । आमाले सोध्लिन् नि, डाँफे चरी, राधा पियारी, खाउँ त भने लगायत आठ, दस वटा गीत नियमित जसो बज्छन् । दुःखको कुरा अरु गीतहरु रेडियो नेपालमा सुरक्षित छन् वा हराए केही थाहा छैन ।



# बिपीसँगै सुन्दरीजलमा ४ वर्ष



युवराज पौडेल

> जमानसिंह गुरुङ स्याङ्जा कांग्रेसका पहिलो सभापति हुन्, जसले १५ सालमा चुनाव जिते र पछि मन्त्री पनि भए।



राणाकालीन निरंकुशताका विरुद्ध जीवन हत्केलामा लिएर हिँडेका थोरै योद्धाहरुभित्र उनी पनि एक हुन् जमानसिंह गुरुङ । राणा निरंकुशता विरुद्धको आन्दोलन र बहुदल प्राप्तिको लडाइँमा उनले दिएको योगदान अविस्मरणीय भएता पनि उनका योगदानको चर्चा र विमर्श कतै पनि भएको पाइँदैन । उनी वास्तवमा योगदान भएर पनि ओझेलमा परेका एक होनहार योद्धा हुन् ।

जमानसिंह गुरुङको जन्म विसं १९६६ साउन २३ गते पुतलीबजार १२ पेल्काचौर स्याङ्जामा भएको हो ।२००७ सालको आन्दोलनमा जमानसिंहले नै स्याङ्जाको राजनीतिक नेतृत्व लिए । उनका सहयोद्धाहरु होमवीर आले, धनप्रसाद गुरुङ, धनीप्रसाद थकाली, थानबहादुर सिंह, दूतप्रसाद गुरुङ, दण्डपाणि शर्मा, शमरबहादुर खड्का थिए ।

जमानसिंह गुरुङका बारेमा नेपाली कांग्रेसका पुराना प्रजातन्त्रवादी नेता तथा पूर्व सांसद खगेन्द्रराज रेग्मी भन्छन्, 'जमानसिंह स्याङ्जामा कांग्रेसको संगठनको जग हाल्ने महान् व्यक्ति हुन्थ्यो ।' उनका अनुसार नेपाली कांग्रेस स्याङ्जाको पहिलो सभापति पनि जमानसिंह गुरुङ नै थिए ।

२०१७ सालमा पुस १ गते तरुण दलको अधिवेशन चलिरहेको बेलामा सेनाले तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला लगायत गणेशमान सिंह, सूर्यप्रसाद रेग्मी लगायत मन्त्रीपरिषद्का सदस्यहरुलाई पक्राउ गऱ्यो । जमानसिंह भने त्यतिबेला कसोकसो उम्किएछन् । उनी त्यहाँबाट हिँडेरै पाटन गएछन् र शाक्य थरका साथीकहाँ बसेछन् । राजा महेन्द्रले निर्दलीय व्यवस्थाको घोषणा गरेपछि उनले नेपालमा सुरक्षा नहुने ठानेर भारत जाने सोच बनाए । तर उनी गएनन्, बरु उल्टै प्रहरीलाई आफ्नो ठेगाना बताएर बोलाएको उनका छोरा इन्द्रबहादुर गुरुङ बताउँछन् ।

जमानसिंहलाई पनि बिपीसँगै सुन्दरीजेल चलान गरियो । उनले झण्डै ४ वर्ष जेल बसे । त्यसक्रममा सुवर्णशमशेरको वक्तव्य आयो । त्यो वक्तव्यप्रति बहुदलवादी नेताहरु नै दुई खेमामा देखिए । जमानसिंहले समर्थन गरे । सुवर्णशमशेरको वक्तव्यको अर्थ राजासँगको आत्मसमर्पण नभएर बिपीलाई जेलमुक्त गर्ने उपायको एउटा कदमका रुपमा नै सुवर्णशमसेरको वक्तव्य आएको उनले स्पष्ट पारिदिए ।

जमानसिंह जेल बस्दा नै उनकी श्रीमतीको मृत्यु भइसकेको थियो । बिपी लगायत नेताले जमानसिंहले ४ छोरा, १ छोरीको रेखदेख गर्नुपर्ने भन्दै जमानसिंहका लागि रिहाइको माग राखिदिएका थिए । पछि प्रशासनले पारिवारिक कारण स्वीकार्दै आन्दोलनमा सहभागी नहुने सर्तमा छाडिदियो । ४ वर्ष जेल बसेर रिहा भए । पछि चितवनमा बस्न थाले । त्यहीं पार्टी संगठनका काममा बेतोडले लागे ।




विसं २०१५ को आमनिर्वाचनमा नुवाकोट दक्षिण पूर्व ९५ क्षेत्रबाट जमानसिंह नेपाली कांग्रेसको संसद सदस्यमा निर्वाचित भए । नुवाकोट स्याङ्जाको पुरानो सदरमुकाम हो । उनले सो निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट देशभर सबैभन्दा बढी मत ल्याएर विजयी भएको विश्वप्रेम अधिकारी बताउँछन् ।

त्यतिबेला स्याङ्जामा ४ वटा निर्वाचन क्षेत्र थिए । ३ वटा क्षेत्र कांग्रेसले जितेको थियो । ९५ मा जमानसिंह गुरुङ, ९६ मा यामबहादुर खाँड, ९७ मा जितबहादुर गुरुङ, ९८ मा मोहनबहादुर मल्ल कांग्रेसका तर्फबाट उम्मेदवार थिए ।

९५ क्षेत्रमा जमानसिंहसँगै गोरखा परिषद्का शोभाकान्त अर्याल र अन्य जंगबहादुर क्षेत्री, धर्मबहादुर थापा, लालबहादुर राना मगर, हेमबहादुर अर्याल, होमवीर आले लगायत उम्मेदवार प्रतिस्पर्धामा थिए । जमानसिंहले १३ हजार ८१० भोट पाएका थिए जुन देशभरमै सबैभन्दा बढी मत थियो, कांग्रेसका लागि । गोरखा परिषद्का शोभाकान्त अर्यालले २ हजार ६९६ मत ल्याएका थिए ।

निर्वाचनपछि बनेको बिपी कोइराला सरकारको मन्त्रिपरिषदमा उनी सहायक मालपोत उपमन्त्री बने । पञ्चायतको सुरुआतपछि उनका छोरा इन्द्रबहादुरलाई समेत नुवाकोट (स्याङ्जा सदरमुकाम) को जेलमा लगिएको थियो । पछि इन्द्रबहादुरलाई पोखरामा ५ महिनासम्म जेलमा राखिएको थियो ।

२०१७ सालको आन्दोलनपछि जमानसिंह नेपाली कांग्रेस स्याङ्जाको सभापति भए । उनी नेतृत्वको कार्यसमितिमा विश्वप्रेम अधिकारी, तुलसीरमण काफ्ले, इन्द्रबहादुर गुरुङ, तारापति सुवेदी, थानबहादुर गुरुङ, धनप्रसाद गुरुङ लगायत कांग्रेस नेताहरु सदस्य थिए । जमानसिंह पछि कांग्रेसका केन्द्रीय सदस्य बनेका थिए ।

जमानसिंह गुरुङले सामान्य शिक्षा मावलीमा लिए । उनी पढाइमा साक्षर थिए । राजनीतिक चेतना भने उनले स्वाध्ययनले बढाएका थिए । राजनीतिको व्यावहारिक संघर्षले उनलाई खारेको थियो । उनमा उच्च राजनीतिक निष्ठा भएको कांग्रेसका पुराना नेता तारापति सुवेदी बताउँछन् । 'जमानसिंहले राजनीतिमा जहिले पनि इमान देखाए,' सुवेदीले भने । नेपाली कांग्रेसका पूर्व जिल्ला सभापति तथा हाल जिल्ला समन्वय समितिका अध्यक्ष श्रीप्रसाद जिटी जमानसिंहलाई बाल्यकालबाट चिनेको बताउँछन् । जमानसिंह गुरुङ जहिले पनि लोकतन्त्र, बहुदलकै लागि लडिरहेको अवस्थामा देखेको बताउँछन् । भन्छन्, 'जमानसिंह अत्यन्त भद्र, सबैको प्रिय र सरल स्वभावको हुनुहुन्थ्यो । सामान्य कपडा लगाउनुहुन्थ्यो । तडकभडक कहिल्यै देखाउनुभएन । गाउँगाउँमा गएकाले उनलाई नचिन्ने मान्छे कमै हुन्थ्यो ।'

२०३६ असोज ४ गते बिपी पोखरा आएका थिए । असोज ८ गते स्याङ्जामा कार्यक्रम गर्ने योजना बनाइएको थियो । असोज ७ गते कार्यक्रमको अघिल्लो रात सिद्धार्थ राजमार्गको कोलोनी गेस्ट हाउसमा बास बसिरहेका कांग्रेसका नेता कार्यकर्तामाथि पञ्चायती मण्डले गुण्डाहरुले ढंगामुढा प्रहार गरी चारैतर्फबाट आक्रमण गरेका थिए ।

भोलिपल्ट बिपी आउने कार्यक्रम बिथोल्ने अभिप्रायले गरिएको सुनियोजित आक्रमणले कांग्रेस कार्यकर्ताहरुलाई सजग बनाएको थियो । बिपी आउने कार्यक्रम भव्य बनाउने भनेर तयारी गरिरहेको सुरक्षासहितको टोलीमाथिको आक्रमणले कांग्रेसका कार्यकर्ताहरु उक्त होटलबाट तितरबितर भएका थिए । त्यही होटलमा बसेका जमानसिंह गुरुङलाई अन्य कार्यकर्ताहरुले त्यहाँबाट सुरक्षित भगाएर बचाउन सफल भएका थिए ।

बिपी स्याङ्जा आउँदाको कार्यक्रममा लगभग ८ हजार मानिस जम्मा भएको स्याङ्जाका प्रजातन्त्रवादी नेता तथा त्यस कार्यक्रमका उदघोषक विश्वप्रेम अधिकारी बताउँछन् । जमानसिंह गुरुङ वक्ता थिए । जमानसिंहले बिपीको अगाडि स्याङ्जामा गरेको भाषणले थुप्रै सहभागी मानिसका आँखाबाट आँसु झरेको विश्वप्रेम अधिकारी बताउँछन् । भन्छन्, 'जमानसिंहले यस्तो शौम्य, शालीन र भावुक भाषण गर्दा उपस्थित धेरैका आँखा रसाएका थिए । म पनि रोएको थिएँ ।' गुरुङले त्यो भाषणमा भनेको कुरा उद्धृत गर्दै अधिकारी भन्छन्, 'मलाई ९५ क्षेत्रमा तपाईंहरुले टिकट दिएर मन्त्री बनाइदिनुभयो । सामान्य परिवारको मान्छेलाई चुनाव जिताइदिनुभयो । २० वर्षसम्म तपाईंहरुले दिएको नासो (बहुदलको निष्ठा) मैले खेर फालेको छैन, जतन गरेर राखेको छु ।'

जमानसिंह गुरुङ राजनीतिका अतिरिक्त उपचारको क्षेत्रमा पनि लोकप्रिय थिए । उनले परम्परागत झारबुटीदेखि लामा तथा धामी काम पनि गरे । जमानसिंह आध्यात्मिक स्वभावका थिए । शाकाहारी उनले सात्विक भोजनमा रुचि राख्थे । मदिरा सेवनमा कहिल्यै रुचि नराखेको उनलाई चिन्नेहरु बताउँछन् । उनी आयुर्वेदको ज्ञाता थिए । रोग र औषधीको बारेमा उनलाई धेरै कुरा थाहा भएको खगेन्द्र रेग्मी बताउँछन् । उनले मृत्युको मुखमा पुगेका थुप्रै मानिसलाई जीवन दिएको गाउँका बुढापाकाहरु बताउँछन् । तर उनै जमानसिंह गुरुङको मृत्यु २०४४ साल साउन २७ गते बुधबार काठमाडौं शिक्षण अस्पताल महाराजगन्जबाट संसारबाट विदा भए ।

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

» व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
» कर तिरौं ।
» कुनै पनि निजि तथा सार्वजनिक संरचना निर्माण गर्दा नगरपालिका बाट नक्सा पास र अनुमति पत्र लिएर मात्र गरौं ।
» सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुले नाम दर्ता अद्यावधिक समयमै गरौं ।
» कुहिने र नकुहिने फोहोर घरबाटै छुट्याएर सुरक्षित रुपमा बिसर्जन गर्ने बानी बसालौं ।
» पलाष्टिकजन्य वस्तुहरुको प्रयोग घटाऔं ।

कुमान सिंह गुरुङ, प्रमुख प्रशासकीय अधिकृत
स्वस्थानी रिजाल, उपप्रमुख
रामचन्द्र जोशी, प्रमुख

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

» जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेद र विवाह जस्ता व्यक्तिगत घटनाहरु दर्ता गराई आफ्नो कर्तव्य निर्वाह गरौं ।
» गाउँपालिकालाई बुझाउने कर समयमै बुझाई जिम्मेवार नागरिक बनौं
» यस गाउँपालिकालाई व्यवस्थित शहर बनाउन नक्शा पास गरेर भुकम्प प्रतिरोधात्मक घरहरु निर्माण गरौं ।
» गाउँपालिकामा रहेका प्राकृति स्रोतहरुको अवैधानिक दोहन नगरौं ।

केशव लामिछाने, प्रमुख प्रशासकीय अधिकृत
यामकुमारी राना, उपाध्यक्ष
तोरण मल्ल ठकुरी, अध्यक्ष

पैंयू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पर्वत

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले समग्र प्रदेश र गाउँपालिकाको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै लोकप्रिय पत्रिका बन्न सकोस्, हार्दिक शुभकामना !

गोपीकृष्ण अर्याल, प्रमुख प्रशासकीय अधिकृत
कल्पना गुरुङ, उपाध्यक्ष
देवी जंङ्ग गुरुङ्ग, अध्यक्ष

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

» सवारीधनीले संभव भएसम्म आफ्नो सवारी साधनको कर आफै बुझाउँ। अन्य व्यक्तिको बहकावमा नलागौं।
» जुन सुकै सवारी साधनका सवारीधनीले लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा २ बर्षको कर एकैचोटि बुझाउन चाहेमा लाग्ने करमा १५ प्रतिशत छुट हुनेछ।
» अन्य प्रदेशमा दर्ता भएका सवारी साधन धनीले यस कार्यालयबाट नवीकरण गर्न चाहेमा गण्डकी प्रदेशको प्रचलित दर अनुसार लाग्ने कर बुझाई नवीकरण गर्न सकिनेछ।
» दश लाख रूपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्टपेयी चेकबाट मात्र क्रेतालाई रकम भुक्तानी गर्न पर्नेछ।
» गण्डकी प्रदेश बाहेक अन्य प्रदेशमा दर्ता तथा नवीकरण भएका सवारी साधन सम्वत् २०८० असार मसान्तसम्म गण्डकी प्रदेशमा स्थानान्तरण गर्न चाहेमा दर्ता शुल्कमा ७५ प्रतिशत र पहिलो बर्षको सवारी साधन कर र नवीकरण शुल्कमा ५० प्रतिशत छुट दिइनेछ।
» आर्थिक बर्ष २०६५/०६६ दखी आर्थिक बर्ष २०७६/०७७ सम्म नियमानुसार सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको सम्वत् २०७९ फागनु मसान्तसम्म सवारी साधन कर बुझाउन आएमा लाग्ने जरिवानामा छुट हनेछ।
» सवारीधनीले सवारीसाधनको कर बुझाउँदा संगसंगै नवीकरण समेत गर्नु पर्नेछ।

नेपाल सरकार
भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय
यातायात व्यवस्था कार्यालय सवारी, कास्की
गण्डकी प्रदेश, पोखरा

# मगर आदिकवि



टीकाराम उदासी

मगर भाषामा लोकसाहित्यको विपुल भण्डार र एउटा विशिष्ट परम्परा भएपनि लेखन साहित्यको परम्परा भने धेरै लामो देखिँदैन । खासगरी २००७ सालको ऐतिहासिक राजनीतिक परिवर्तनपछि मात्र केही मगर युवाहरू आफ्नो भाषा, संस्कृतिको संरक्षण तथा साहित्यको सिर्जनातर्फ अग्रसर भएको देखिन्छन् ।

मगर भाषाका आदिकवि जीतबहादुर सिंजाली मगरले मगर भाषामा गीतिकविताहरू सिर्जना गरेर गाउँगाउँमा गाउँदै हिँडेको इतिहास छ । तर प्रकाशनका अभावमा ती सामग्री त्यत्तिकै थन्किए । प्रकाशनका दृष्टिले भने विराटनगरका साहित्यकार बालकृष्ण (रूपावासी) पोखरेलको नाम सबैभन्दा अगाडि आउँछ । सर्वप्रथम उनले नै मगर भाषामा गीतिकविताको संग्रह कानुङ लाम (२००९) प्रकाशित गरेको भेटिन्छ । यसबाहेक उनले मगर भाषामा अन्य कुनै रचना प्रकाशित गरेको जानकारी प्राप्त छैन । यसरी २००७ सालको राजनीतिक परिवर्तनपछि नै मगर भाषामा साहित्य सिर्जना र प्रकाशनको सिलसिला प्रारम्भ भएको स्पष्ट छ । त्यसपछि २०१६/०१७ सालमा मगर भाषाका आदिकविका रूपमा स्थापित दुई प्रतिभा जीतबहादुर सिंजाली मगर र रेखबहादुर थापा मगरको संयुक्त कवितासंग्रह मगर भासाङ ल्हिङ ड टुक्काऔं किताब प्रकाशित भएको पाइन्छ । मगर भाषासाहित्यको प्रकाशन प्रारम्भ भएको पनि सात दशक बढी भइसकेको छ । यस समयावधिमा मगर भाषासाहित्यको सिर्जना क्षेत्र धेरै समृद्ध भएको विदितै छ । यहाँ मगर भाषामा विद्यमान कविता परम्पराको सामान्य उल्लेख गर्दै त्यसमा मगर भाषाका आदिकविहरू जीतबहादुर सिंजाली मगर र रेखबहादुर थापा मगरले गरेको योगदानका बारेमा केही प्रकाश पार्ने कोसिस गरिएको छ ।

मगर भाषासाहित्यमा सबैभन्दा समृद्ध विधा कविता हो । अन्य विधाका तुलनामा कविताहरू धेरै लेखिएका छन् र कविता कृति प्रकाशनको सूची पनि लामै छ । आदिकवि जीतबहादुरले फुटकर रूपमा मगर भाषाका गीत र कविता लेखेर गाउँदै हिँडेका थिए तर तीनले प्रकाशनको अवसर पाएनन् (उदासी, २०७६ :२४)। प्रकाशनका सन्दर्भमा भने सर्वप्रथम विमातृभाषी बालकृष्ण रूपावासी (पोखरेल) को कानुङ लाम (नयाँ बाटो, २००९) मगर भाषाको पहिलो गीति कवितासंग्रह हो । त्यसपछि जीतबहादुर सिंजाली मगर र रेखबहादुर थापा मगरको मगराँती भाषाङ ल्हिङ ड टुक्काऔ कीटाब (मगराती भाषामा गीत तथा टुक्काको किताब) प्रकाशित भयो । यसको दोस्रो संस्करण २०४८ सालमा कानुङ गुमष्ठाका लागि लोकबहादुर थापा मगरले प्रकाशित गरेका छन् । यी कृति प्रकाशित भएको लामो अन्तरालपछि मात्र जीतबहादुर खपाङ्गीको समालिङ (२०४५) नामक कवितासंग्रह प्रकाशित भएको देखिन्छ । २०४६ सालको परिवर्तनअघि मगर भाषामा निकै सीमित कृतिहरू प्रकाशित भएका छन्, पत्रपत्रिकामा पनि कम रचना मगर भाषामा छापिएका छन् ।

> जीतबहादुर सिंजाली र रेखबहादुर थापाले मगर कविताको वैचारिक नेतृत्व गरेका छन् । मगर भाषाको कवितायात्रा यी आदिकविकै पदचिह्न पछ्याउँदै बढिरहेको छ ।

२०४६ पछि भने मगर साहित्यको क्षेत्रमा पनि नवजागरणको युग प्रारम्भ भएको पाइन्छ । त्यसले फुटकर लेखनमा मात्र नभएर पुस्तकाकार कृति प्रकाशनमा पनि विस्तारै तीव्रता पायो । यस अवधिमा प्रकाशित कवितासंग्रहहरूमा २०४८ सालमा शिवलाल थापा मगरको ग्याहोट लेख छान्नी, वैरागी नाता मगरको छीलीकुङ पुरुङ तथा २०४९ सालमा देवी ओमटाकी मगरको कानुङ मगरकुङ ल्हीङ र माहाङ थप्प वली देवीफुङ सास्तर छन् । २०५० सालमा खड्कबहादुर आले मगरको सेन टाहके ?, गौमाया थापा मगरको मगर ढूटो झाम्रे लीङ्को, रुद्रबहादुर हितान मगरको लाङ्घाके आरमीट्नाङ, लोकबहादुर थापा मगर (झुस्या मगर) को रङ्सीचकुङ लीङ प्रकाशित छन् ।


२०५१ सालमा रेखबहादुर थापा मगरको फून्च ठलके तथा २०५३ सालमा सन्तोष बुढा मगरको मोई प्रकाशित भएको पाइन्छ । २०५५ सालमा बमकुमारी बुढा मगरको जीतहार (केही मगर भाषाका कवितासहित), सञ्जोग लाफा मगरको जीब–सीम र रुद्र सन्देश मगरको बीकोलेसा जस्ता कवितासंग्रह पनि प्रकाशित छन् । २०५७ सालमा लोकबहादुर थापा मगरको बूढो ईम तथा २०५८ सालमा उजीर राना मगरको माम्ह्याक्नी प्रकाशित छन् । २०४९ सालमा वैरागी नाता मगरको मोईओ मीराप नामक खण्डकाव्य प्रकाशित भएको छ । यो मगर भाषाको पहिलो खण्डकाव्य हो । यसबाट मगर भाषाको काव्यिक सिर्जना यात्राले फुटकरबाट मझौला स्तरमा प्रवेश गरेको देखिन्छ । यसरी ५०को दशकमा पहिलेभन्दा मगर भाषाका कविता कृतिहरू धेरै प्रकाशित भएका छन् ।

६० दशकमा आएर मगर भाषासाहित्यमा फुटकर कवितासंग्रहको प्रकाशन क्रम अझै बढेको देखिन्छ । २०६१ सालमा वैरागी नाता मगरको लीस, उमेश थापा मगर (लाटो मगर) को ऊमेसो सिर्जनाको नामक मगर भाषाका कवितासंग्रह प्रकाशित भए । २०६२ मा जीवन रोका मगर र तारामान माझिलीको संयुक्त संग्रह गीन्मी ङा ता कोस्याली पनि प्रकाशित भएको थियो । २०६३ सालमा जीतबहादुर सिंजाली मगरका ल्हेस्म राहानाङ, पुनरागमन, गोलभाव र गमन गरी चारवटा संग्रह प्रकाशित भए । मीन थापा मगर मुक्मीको जीहच ङऊ लीस पनि प्रकाशित भएको थियो । २०६४ सालमा मेकबहादुर पुन मगर मेजनको भड्को सच्को, उजीर राना मगरको ए डाजेई डईको, पूर्ण थापा मगर सुगाको ङा मगर, बेगबहादुर आले मगर नाम्खानको मीक्डीयाङ फोर्झोच रीक्मा प्रकाशित भए ।

२०६५ सालमा जीतबहादुर सिंजाली मगरको नयाँ मोड (नेपालीसहित मगर भाषाका केही कविता), यस्तै शिवलाल थापा मगरको सहीडकुङ मानाम, प्रेमप्रकाश मायालुको युङ्ला रो, २०६६ सालमा हरिकला थापा मगर हरिताको मीफुरुङ, भक्तिमाया पुलामी मगर (बियम पुलामी मगर मिकिम) को रोह मोईढुटकी, गणेश पहराईको ओर्गे मी मी याङ्लो र पूर्णबहादुर राना मगरको नाङ सेन राहाले प्रकाशित छन् । २०६७ सालमा बिष्णुकुमार सिङ्जालीको बडाप, २०६८ मा व्योमजी अवतारको च्वाँसिव परी, ईर्धासी झाँक्री मगरको ङा ङाकाष्टला यमर र केबी थापा नाम्जाली भुरुङ मगरको म्हे जस्ता कविता कृतिहरू प्रकाशित भएका देखिन्छन् । २०६९ सालमा धीरेन्द्र थापा किसानीको मीगुरके झोर्ले ङा, २०७० सालमा लक्ष्मण घर्ती मगरको रिहित्ला र २०७१ सालमा हरिकला थापा मगर हरिताको खासिङ प्रकाशित छन् । साथै २०७२ सालमा हिरामती राना सिंजालीले सम्पादन गरेको मगर रीकाहारीकुङ रील्हीङको पनि प्रकाशन भएको छ । यसै साल धीरेन्द्र थापा किसानीको आसको सिया टा र मित्रलाल रोम्खानी मगरको जेई जन् इङ्न्या जस्ता कवितासंग्रह प्रकाशित भएका छन् ।

७० को दशकमा पनि मगर भाषाका कवितासंग्रहहरू प्रकाशित भएर पाठकसमक्ष आइरहेका छन् । २०७१ सालमा जनक माकिम मगर मीमीकको नम्खान छ्योट आरीलीङ र २०७४ मा टङ्कबहादुर झाँक्री मगर (समीप वैरागी)को हुरो युङ प्रकाशित छन् । यस वर्ष काइके भाषामा पहिलो कवितासंग्रह प्रकाशित भएको छ । जगबहादुर बुढा मगरको तिजुरोङ्बा (मगर काइके/पोइके भाषा) नामक कविता कृतिमा काइके भाषी मगरहरूको भूगोल, संस्कृति र जनजीवनलाई विषय बनाइएको छ । उनले काइके भाषामा फुटकर कथा पनि लेखेका छन् । साथै २०७८ सालमा उनले पहिलोपल्ट काइके भाषाको गीत रचना गरी आफैंले गाएका पनि छन् । (उदासी, २०७८ : ८८ )

मगर साहित्यमा जीतबहादुर सिंजाली मगर र रेखबहादुर थापा मगरलाई आदिकविको उपाधि दिइएको छ । खासगरी मगर कविताको प्रारम्भिक अवस्थामा उनीहरूले गरेको ऐतिहासिक योगदानका आधारमा यी दुई कविलाई मगर समुदायले आदिकविका रूपमा स्वीकार गरेको हो । मगर कविताको प्रारम्भिक यात्रामा उनीहरूले गरेको कर्म र त्यसले समग्र मगर साहित्यको उत्थानमा गरेको योगदान अनुकरणीय छ ।



मगर आदिकवि जितबहादुर सिंजाली मगर
जन्म : वि.सं. १९८८ जेठ १८ गते - मृत्यु : वि.सं. २०७५ पौष ८ गते



मगर आदिकवि रेखबहादुर सारु थापा मगर
जन्म : वि. स. २००१ भदौ २८ गते - मृत्यु : वि. स. २०६५ असार २९ गते

**जीतबहादुर सिंजाली मगर**

जीतबहादुर सिंजाली मगरको जन्म गुल्मीको सुगुँरेपानी ग्याझामा भएको थियो, भलै उनको पुर्ख्यौली घर स्याङ्जामा पर्छ । उनको जन्म विसं १९८८ साल जेठमा भएको हो । सञ्जोग लाफा मगरले उनको जन्म जेठ १८ गते भएको उल्लेख गरेका छन् (लाफा मगर, २०७२ : २४) । जीतबहादुर सिंजालीले सर्वप्रथम साथी रेखबहादुर थापा मगरसँग मिलेर मगराँती भासाङ् ल्हिङ ड टुक्काऔ किटाब (विं.२०१६/१७ तिर) प्रकाशित गरे । त्यसपछि उनले मगर भाषाका शुरुऔ किटाब (२०१९ सालतिर) पनि लेखेर प्रकाशित गरे । लामो समय अप्राप्य यी पुस्तकको दोस्रो संस्करण पछि २०४८ सालमा लोकबहादुर थापा मगरको सक्रियतामा निस्केका छन् ।

रेखबहादुरसँग मिलेर प्रकाशित गरेको पुस्तकमा उनका गीति शैलीका कविता छन् । यसभित्र जम्मा २० वटा फुटकर रचना छन् । तीमध्ये केही रेखबहादुरले लेखेका र अधिकांश जीतबहादुर आफैंले लेखेका थिए । उनको दोस्रो पुस्तक भने बालबालिकालाई मगर भाषामा पठनपाठन गराउने उद्देश्यले लेखिएको थियो तर आफ्नो घुमन्ते जीवनशैली र तत्कालीन प्रतिकूल राजनीतिक वातावरणका कारणले उनको इच्छा पूरा हुन सकेन । यो किताब आफूले शिक्षण गरेको रोल्पाको एक विद्यालयमा चाहिँ उनले आफैं पढाएको बताएका थिए (उदासी, २०७६ : ३६) । उनले २०२४ सालदेखि रोल्पा र २०२७ सालदेखि हालको दाङ राजपुर गाउँपालिका–६, खाङ्रा नाकामा स्थायी बसोबास गरेको पाइन्छ । सिञ्जालीको निधन २०७५ पुस ८ गते सडक दुर्घटनामा परेर कपिलवस्तुमा भएको हो । औपचारिक रूपले तत्कालीन दरबार हाइस्कुलबाट १० कक्षा उत्तीर्ण गरी काठमाडौं नेसनल कलेज (हालको शंकरदेव क्याम्पस) बाट अंग्रेजी मूल विषय लिएर आईए उत्तीर्ण गरेर विभिन्न ठाउँमा शिक्षण गर्दै हिँडेका सिंजालीले जीवनको प्राय: पूरै समय सामाजिक सेवामा व्यतीत गरेका थिए ।

तत्कालीन समयमा प्रकाशनको अवसर नपाएका सिंजालीका मगर भाषाका गीतकविताहरू धेरै मगर गाउँबस्तीहरूमा पुगेका थिए । उनले नै सर्वप्रथम मगर भाषाको संरक्षण र विकास, मगर साहित्यको उत्थान तथा मगर समुदायको जागरणका लागि सचेत जमर्को गरेका थिए । लामो समय सिर्जनाको संसारबाट गुमनामजस्ता देखिएका सिंजालीले जीवनको पछिल्लो अवधिमा भने धेरै कृतिहरू प्रकाशित गरेका छन् । उनका ल्हेस्म राहानाङ (२०६३), पुनरागमन (२०६३), गमन (२०६५), गोलभाव (२०६५ नेपाली र मगर भाषाका कविता), बुद्धदर्शन (मगर र नेपाली भाषाका निबन्ध) जस्ता कृतिहरू प्रकाशित छन् । यसैगरी सन्तुलन, नयाँ बाटो, शिक्षा, नयाँ मोड, प्रकाश, सुकुम्बासीजस्ता नेपाली भाषाका लेखरचनाका कृति प्रकाशित भएका देखिन्छन् । सिंजालीको ल्हेस्म राहानाङ (२०६३) मगर भाषाको कवितासंग्रह हो । यसभित्र उनका मगर भाषाका ३५ वटा कविता छन् । उनको गमन (२०६५) मगर भाषाको अर्को कवितासंग्रह हो । त्यसैगरी उनको अर्को कृति गोलभावभित्र २५ वटा नेपाली कवितासहित २० वटा मगर भाषाका कविता छन् । उनको नयाँ मोड नामक निबन्धमा पनि केही कविता छन् । उनका केही फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् तर ती सबैको समग्र खोज र अध्ययन भने हुनसकेको छैन । राप्तीको जेठो साहित्यिक संस्था राप्ती साहित्य परिषद् (२०३४) ले नियमित रूपमा प्रकाशित गर्दै आइरहेको अन्तर्ध्वनि साहित्यिक त्रैमासिक पत्रिकाको २०६६ साउन-असोज अंक राप्तीका भाषा विशेषांकका रूपमा प्रकाशित भएको छ । यसमा सिंजालीका दुईवटा फुटकर मगर भाषा (ढुँट) का कविताका साथै उनीसम्बन्धी सामग्री पनि प्रकाशित भएको छ (अन्तर्ध्वनि, २०६६)।

> प्रकाशनका दृष्टिले भने विराटनगरका साहित्यकार बालकृष्ण (रूपावासी) पोखरेलको नाम सबैभन्दा अगाडि आउँछ। सर्वप्रथम उनले नै मगर भाषामा गीतिकविताको संग्रह कानुङ लाम (२००९) प्रकाशित गरेको भेटिन्छ।

जीतबहादुरका कविताहरूमा वैयक्तिक कुण्ठा र गुनासाभन्दा चेतनायुक्त सामाजिक सरोकार, जनपक्षीय चिन्तन र सामाजिक परिवर्तनका भावहरू समेटिएका छन् । उनका कवितामा सामाजिक असमानता, विभेद तथा अन्यायप्रति तीव्र आक्रोश र विद्रोहका स्वरले स्थान पाएका छन् । साथै उनका कतिपय कवितामा जातीय उत्पीडनका पीडा र शान्ति सन्देशका आवाजहरू पनि व्यक्त भएका छन् । उनको कवितामा प्रगतिशील स्वर र जीवनवादी दृष्टिले उच्च प्राथमिकता पाएको छ ।

**रेखबहादुर थापा मगर**

रेखबहादुर थापा मगर जीतबहादुर सिंजाली मगरका सहयात्री कवि हुन् । उनलाई पनि मगर भाषासाहित्यको आदिकवि उपाधि दिइएको छ । तनहुँमा जन्मेका थापा पछि बसाईं सरेर नवलपरासी पुगेको थियो । मगरको मृत्यु विसं २०६१ असार २९ गते भएको हो ।

भारतीय सेनामा छँदा उनले तेन्जिङ शेर्पासँग हिमाल आरोहण र स्केटिङसम्बन्धी तालिम लिएका थिए । अवकाशपछि उनीहरु नवलपरासीमै बसे । २०५१ सालमा फून्च–ठलके (जन्मभूमिलाई) नामक मगर भाषाको कवितासंग्रह प्रकाशित गरे । साथै लाफा मासिकको पूर्णाङ्क सातामा उनको कानुङ नेपाल (हाम्रो नेपाल) नामक कवितासंग्रह शीघ्र प्रकाशन गरेरै सूचना आएपनि पाठकले पढ्न पाएनन् । लाफा मासिकमा प्रकाशित उनका २०५० भदौ २८ र असोज ४ गतेका पत्रानुसार उनले भनेका छन् - केही वर्षअघि आदिकवि श्री जीतबहादुर सिंजाली मगरज्यूको मगर भाषाको पहिलो किताबको जन्ममा हामी केही व्यक्तिहरू सहयोगीको रूपमा थियौं (थापा, २०५० : १९) । थापा मगरको यस भनाइबाट पनि उनी जीतबहादुर सिंजालीका सहकर्मी कवि थिए भन्ने पुष्टि हुन आउँछ ।

थापा मगरका कविताहरूमा मूलत: जातीय जागरण, सामाजिक सरोकार र जीवनका आशानिराशाहरू व्यक्त गरिएका छन् । यसका साथै उनका कवितामा शान्तिको सन्देश, जातीय गौरव र समाज सुधारका भावहरूले पनि उत्तिकै स्थान पाएका छन् । उनी मूलत: समाज सुधार र जातीय जागरणलाई प्राथमिकता दिएर कविता लेख्ने कवि हुन् ।

...

सामाजिक जागरणको पृष्ठभूमिमा मगर भाषासाहित्यको औपचारिक यात्रा प्रारम्भ भएको हो । जीतबहादुर सिंजाली मगर त्यस यात्राका प्रतिभाशाली काव्यस्रष्टा हुन् । रेखबहादुर थापा मगर पनि उनका विश्वासिला सहयात्री हुन् । मगर भाषासाहित्यको पृष्ठभूमि निर्माणमा यी दुई प्रतिभाको योगदान ऐतिहासिक छ । बालकृष्ण रूपावासीको कविताकृतिबाट प्रारम्भ भएको मगर भाषाको कविता प्रकाशन परम्परामा जीतबहादुर सिंजाली र रेखबहादुर थापाको आगमनले नयाँ गति प्रदान गरेको भए तापनि २०४६ साल अघिसम्म तीनवटा मात्र कविता कृति देखिनु चाहिँ चिन्ताको विषय हो ।

यी दुई आदिकविले मगर कविताको क्षेत्रमा ऐतिहासिक योगदान गर्नुका साथै लामो कालखण्डसम्म वैचारिक नेतृत्व पनि गरेका छन् । आजको मगर भाषाको कवितायात्रा मूलत: यी आदिकविकै पदचिह्न पछ्याउँदै अगाडि बढिरहेको छ भन्दा अत्युक्ति हुँदैन ।

# ग्रामीण पर्यटनका नायक



अमृत भादगाउँले

गाउँ पर्यटनको इतिहासमा सिरुबारीको नाउँ सुनौला अक्षरले लेखिएको छ । नेपालको पहिलो पर्यटन गाउँ सिरुबारी देश/विदेशमा प्रख्यात छ । स्याङ्जा जिल्ला आँधीखोला गाउँपालिका-१, स्याङ्जाको गुरुङ बस्तीलाई सिरुबारी (१,६१० मिटर) भनिन्छ, जहाँ ३९ घर छन् ।

गाउँका १९ घरमा होमस्टे सुविधा छ । पर्यटकलाई होटल तथा लजमा होइन, गाउँलेकै भान्छामा खुवाएर उनीहरूकैमा बसाउने सुविधा नै होमस्टे (घरबास) हो ।



परिवारकै सदस्य भएर बस्छन् पाहुना । यत्ति हो कि उनीहरूले खाना र बासको मूल्य तिर्नुपर्छ । तर, निकै सस्तो ।

आज देशभर होमस्टेको लहर चलेको छ । मुलुकका धेरै गाउँ होमस्टेकै कारण चम्किएका छन् । होमस्टे पर्यटनको शुभारम्भ भने सिरुबारीबाट भएको हो । त्यसकै सिको गरेका हुन् मुलुकका अन्य गाउँले । र, नेपालमा होमस्टे सुविधासहित गाउँ पर्यटन अवधारणा भित्र्याउने अनि त्यसलाई व्यवहारमा लागु गराउने अगुवा क्याप्टेन रुद्रमान गुरुङ हुन् ।

विसं २०५४ असोज २२ गतेदेखि सिरुबारीका होमस्टेमा पाहुना राख्न थालियो । अनि यसलाई नेपालकै पहिलो पर्यटन गाउँ घोषणा गरियो । सुरुका दिनमा सिरबारीका सबै घरमा पाहुना राखिन्थ्यो । बसाइँ-सराइँलगायत कारणले घट्दै गएर अचेल १९ घरमा होमस्टे सुविधा छ ।

जनबोलीमा रुद्रमानलाई 'क्याप्टेनसाप्' भनिन्थ्यो । पश्चिमतिर सेना वा प्रहरीका रिटायर्डहरूलाई उनीहरु बहाल हुँदाको पदले नै सम्बोधन गर्ने चलन छ । जस्तो कि हल्दारसाप्, जमदारसाप्, करसाप् आदि ।

रुद्रमान भारतीय सेनाका रिटायर्ड क्याप्टेनसाप् । दु:खको कुरा गाउँ पर्यटनका हाम्रा अगुवा क्याप्टेन रुद्रमान हामी माझ भने छैनन् । १५ फागुन २०७२ का दिन काठमाडौंको हिमाल अस्पतालमा उनको निधन भयो । त्यतिबेला उनी ८६ वर्षका थिए ।

तिनै क्याप्टेनसापले खनेको होमस्टेको गोरेटो आज राजमार्ग बनिसक्यो । नेपाल सरकारले विसं २०६७ मा ल्याएको होमस्टे सञ्चालन कार्यविधिले पहिलोपटक सामुदायिक होमस्टेलाई सम्बोधन गर्‍यो । यसरी राज्यभन्दा धेरै वर्ष पहिले नै क्याप्टेनसाप्ले नेपालमा सामुदायिक होमस्टेसहित ग्रामीण पर्यटनको अभ्यास गरेका थिए ।

भारतीय सेनाबाट विसं. २०३५ सालमा रिटायर्ड भएर गाउँ फर्केका रुद्रमानले विसं २०२५ सालमै सिरुबारीलाई पर्यटन गाउँ बनाउने सपना देखेका रहेछन् ! 'भर्तीमा छँदा स्विजरल्यान्डको पर्यटन सम्बन्धी किताब पढेको थिएँ', उनले हामीलाई सुनाएका थिए, 'पहाडैपहाड भएको स्विजरल्यान्डमा पर्यटन हुन्छ भने हाम्रो गाउँमा किन हुँदैन भन्ने लाग्यो ।'

विसं २०४८ सालदेखि रुद्रमानले पूर्वाधार विकासमा जोड दिए । र, विसं २०५४ असोजमा सिरुबारीलाई नेपालको पहिलो पर्यटन गाउँ घोषणा गरे । मुलुक माओवादी द्वन्द्वले थिलथिलो भएका बेला सुरु गरिएको पर्यटन अभियानमा सोचेजति पर्यटक आएनन् । विसं २०६२/०६३ को गणतान्त्रिक आन्दोलन पछि भने राम्रै पाहुना आउन थाले । त्यसपछि नेपालका थुप्रै गाउँहरू होमस्टे सिक्न सिरुबारी आए । हेर्दाहेर्दै सिरुबारी होमस्टे पाठशाला बन्यो ।

संसारमा सपना देख्नेहरू नै सफल हुन्छन् । रुद्रमानले सपना देखे । कर्म गरे । फूल फुल्यो । र, फल फल्यो । त्यो फल सिंगो गाउँलेले चाख्न पाए । सिरुबारीको कथा देशभर फैलियो । अरु गाउँले पनि त्यसको सिको गरे । सर्बत्र होमस्टे पर्यटनको लहर चल्यो ।

पर्यटनका अगुवा भनेर मात्र रुद्रमानको चिनारी पूरा हुँदैन । उनी गाउँका सामाजिक काममा उत्तिकै सक्रिय थिए । गाउँका अभिभावक थिए । त्यतिमात्र होइन, १६ वर्षको उमेरमा भारतीय सेनामा भर्ति भए । बिदामा आएर गाउँमा आउँदा विद्यार्थीलाई पढाउँथे । चेतनाको दियो बाल्थे ।

उनले सन् १९६२ मा भारत र चीनबीच भएको लडाइँ लडे । त्यतिबेला भारतीय सेनाका धेरै हताहत भए । कमाण्डरसहित धेरैलाई चिनियाँले बाँधेर लगे । पछि उनले लाहोरको लडाइँ पनि लडे । जवानबाट सेनामा प्रवेश गरेका उनी वि.सं. २०३५ सालमा रिटायर्ड हुँदा क्याप्टेन भैसकेका थिए ।

पूर्वसांसद समेत हुन् रुद्रमान । विसं २०४८ सालको चुनावमा स्याङ्जा क्षेत्र नं २ बाट सांसद बने । विसं. २०५६ को आम निर्वाचनमा पनि गिरिजाबाबुले उठ्न आग्रह गरे । तर, उनले नाई भने । विसं २०६४ सालको संविधान सभा निर्वाचनमा पनि प्रस्ताव गरे । क्याप्टेनसाप्को योगदान पर्यटन इतिहासमा सुनौलो अक्षरले लेखिइसकेको छ ।

जिल्ला पर्यटन विकास समिति स्याङ्जाले विसं २०६७ मंसिरमा काठमाडौंमा उनलाई 'ग्रामीण पर्यटनका नायक' उपाधिले सम्मान गर्‍यो । सभामुख सुवासचन्द्र नेम्वाङका हातबाट सम्मानपत्र थापेपछि उनी भावुक बनेका थिए । उनको विसं २०६९ माघमा चौरासी पूजा गरिएको थियो । त्यस दिन उनले विभिन्न विद्यालयमा अक्षय कोष राखिदिएका छन् । लाहुरे भइकन पनि उनी सादा जीवन उच्च विचारका थिए । लाहुरबाट फर्केपछि इष्टमित्रले पोखरा वा काठमाडौं बस्न सुझाए । तर, उनी गाउँमै रमे । समाज रुपान्तरणका अभियन्ता बने ।



> राज्यले भन्दा पहिला नेपालमा सामुदायिक होमस्टेसहित ग्रामीण पर्यटन शुभारम्भ गर्ने अगुवा हुन् सिरुबारी, स्याङ्जाका क्याप्टेन रुद्रमान गुरुङ ।

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

प्रिन्सिपल तथा
विद्यालय परिवार
प्रगति स्कुल (प्रगति माध्यमिक विद्यालय)
पोखरा-१६, बाटुलेचौर

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

प्रिन्सिपल तथा
विद्यालय परिवार
सूर्योदय इङ्लिस बोर्डिङ स्कुल
पोखरा-१६, तल्लो दीप, फोन नं. ०६१-४४०१०५

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

नरेश भट्टराई
अध्यक्ष तथा
रेष्टुरेण्ट एण्ड बार एशोसिएसन
(रेवान) परिवार, पोखरा

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

विश्वकर्मा सप्लायर्स
पोखरा-१४, चाउथे


BATAS ORGANIZATION
SUZUKI
Way of Life!
धमाका
अफर
दिनको मात्र
रू. १३५०* मा
SUZUKI CELERIO
CELERIO
CELERIO
70% FINANCE
Rs.1350 PER DAY
CELERIO
*T&C Applied
Nayabazar, Pokhara
9801935 - 707 / 612 / 613
www.batas.com

# हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका
समाधान राष्ट्रिय दैनिक स्थापनाको
**२० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको**
सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले
मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध
खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन
गर्न सकोस्, हार्दिक शुभकामना ।

Barahi Jungle Lodge
CHITWAN NEPAL
A LEADING JUNGLE LODGE IN CHITWAN

HOTEL BARAHI
POKHARA
A LEGENDARY MARK IN POKHARA

byanjan
AUTHENTIC FOOD IN A TRENDY KITCHEN

# BARAHI HOSPITALITY

Chitwan, Nepal | D: 00 977 56695447
Pokhara, Nepal | D: 00 977 61460617| F: 00 977 61461572
Kathmandu 211 Bhupi Road, Naxal, Nepal
D: 00 977 14411113, 4429820|
F: 00 977 4410480| barahi.com

# दलित मुक्ति आन्दोलनका संस्थापक



गोविन्दबहादुर नेपाली

भगत सर्वजीत विश्वकर्माको जन्म हालको गण्डकी प्रदेश, बागलुङ जिल्लाको बागलुङ नगरपालिका वडा नम्बर ७ (साविकको मूलपानी गाविसको वडा नम्बर ७, गैरागाउँ) मा विसं १९५० साल चैत ११ गते भएको थियो । उनी सानैदेखि विद्रोही स्वाभावका थिए । उनलाई भगत सर्वजीतका अलावा रगरगे कामीको नामबाट पनि चिनिन्थ्यो । घरको गरिबीका कारण कामको खोजीमा उनी सानै उमेरमा भारतको बनारस पुगे । त्यहाँ उनलाई पढ्न मन लाग्यो र उनले भारतको बनारसवाट संस्कृतमा आचार्य गरे । अध्ययनकै क्रममा हिन्दू धर्मग्रन्थका वेद, उपनिषद्, पुराण, स्मृति लगायत ग्रन्थहरुको गहिरो अध्ययन गरेका थिए । अध्ययन सकेपछि उनले आफ्नो नामको अगाडि भगत र पछाडि वृन्ची लेख्न सुरु गरेका थिए । अध्ययनले उनलाई यति खाऱ्यो कि धार्मिक ग्रन्थमा कतै पनि उचनिच, ठूलो सानो नभएको र दलित समुदायलाई जातीय भेदभाव र छुवाछुत गरेर अपमानित गर्न नमिल्ने भन्दै तार्किक बहसमा उत्रन थाले । नेपालको दलित आन्दोलनको इतिहासमा जातीय विभेद तथा छुवाछुतका विरुद्धमा (त्यो पनि तत्कालीन कठिन अवस्था र राणा शासनकालमा समाजमा रहेको थिचोमिचो, जात व्यवस्था र छुवाछुतजस्ता कुरीतिविरुद्ध डटेर विरोध गर्नु सानो कुरा थिएन) बहसमा उत्रने र उत्रने सक्ने पहिलो निडर, तार्किक र बौद्धिक नेपाली दलित नेताका रुपमा उनले आफ्नो पहिचान बनाउन सफल भएका छन् ।

भारबाट अध्ययन गरी फर्केपछि भगत सर्वजीत विश्वकर्माले समाजमा जागरण अभियान सञ्चालन गर्न थाले । भगत सर्वजीतले आफ्नो छोराको न्वारन वैदिक विधिअनुसार गरे । छोराको न्वारनको पण्डित आफैं बने । आँगनमा जग्गिया बनाइयो । वैदिक न्वारन गरेर भगत सर्वजीतले पहिलोपटक शंख फुके । त्यतिबेला दलितको घरमा शंखको धुन सुन्दा गैरदलितलाई सह्य भएन । उनीहरू उर्लिएर सर्वजीतको घर पुगे । दलित भएर शंख बजाउने ? हाम्रो मानहानि गर्ने ? भन्दै छोराको न्वारन गर्न बनाइएका जग्गिया भत्काइयो र तोडफोड गरियो । उक्त घटनापश्चात आन्दोलन अझ चर्कियो ।

आन्दोलनकै क्रममा भगत सर्वजीतले कामीहरुले आरनको टुँडो भाँच्ने, दमैहरुले कपडा सिलाउने कल बन्द गर्ने तथा सार्कीहरुको जुत्ता सिलाउने छालाको काम बन्द गर्ने जस्ता पेसा बहिष्कार र आम हड्ताल घोषणा गरेर समाजमा नयाँ जागरण सुरु गरेका थिए । 'हामीले गरेको कामले तिमीलाई सजिलो हुने, हामीलाई तिमीले पल्लो छेउ बार्ने ?' भन्दै 'कामीले कमाउँदै नकमाउने, दमैले सिउँदै नसिउने, सार्कीले जुत्ता लाउनै नदिने' र गैरदलित समुदायलाई झुक्न बाध्य पार्ने र समाजमा जागरण फैलाउनु आन्दोलनको मूल उद्देश्य थियो । आन्दोलनको प्रतिकारमा गैरदलित समुदाय पनि उत्रिरहे, प्रहरी प्रशासन पनि आन्दोलनलाई दमन गर्न लागिरह्यो, तर आन्दोलन रोकिएन । आन्दोलनको बाछिटा छिमेकी जिल्लामा समेत पुग्यो । पर्वत, म्याग्दीका दलित समुदाय पनि जागरुक बने । बागलुङको भालुमारे भन्ने ठाउँमा रहेको एउटा ठूलो चौरमा बागलुङ, पर्वत र म्याग्दीका सचेत दलित समुदायका व्यक्तिहरु जम्मा भए । सचेत, शिक्षित र संगठित शक्तिको माध्यमबाट मात्र दलित मुक्ति आन्दोलनलाई अगाडि बढाउन सकिन्छ भन्ने निष्कर्षमा रहेका उनले सोही भेलाबाट विसं १९९७ सालमा 'विश्व सर्वजन संघ' नामक संस्थाको घोषणा गरे । जुन संगठन नेपालको दलित मुक्ति आन्दोलनको इतिहासमा पहिलो दलित संगठन र उनलाई नेपालको संगठित दलित मुक्ति आन्दोलनको संस्थापक नेता मानिन्छ ।

त्यसबेला दलित समुदायले नयाँ कपडा लगाउन पाउने थिएनन् । कथित उपल्लो जातसँग छोइए छिटो हालिन्थ्यो । बाटो हिँड्दा पनि कथित दलित समुदायका व्यक्ति ५ मिटर टाढैबाट हिँड्नुपर्थ्यो । धार्मिक क्रियाकलाप गर्न रोक थियो । कुनै धार्मिक अनुष्ठानमा कुनै मन्त्र वा ज्ञान सुन्न र प्रसाद खान दिइँदैनथ्यो । धार्मिक र सांस्कृतिक विभेद थियो । आर्थिक तथा शैक्षिक रुपमा उत्पीडित दलित समुदायमाथि दासता थोपरिएको थियो । त्यस्तो बेला उनले आँटका साथ जागरण अभियान चलाए ।

विश्वकर्माले दलित समुदायमाथिको चरम आर्थिक श्रम शोषणका विरुद्धमा आन्दोलनको सञ्चालन गरे । त्यतिबेला समाजमा बालीघरे प्रथा व्यापक थियो, जसकारण दलितहरु श्रम शोषणमा पर्थे । दलित समुदायका मान्छेले श्रमको नगद मूल्य पाउँदैनथे । दलितले आफ्नो श्रमको मूल्य बालीको सट्टा नगदमा पाउनुपर्द भन्ने माग राखेर भगत सर्वजीतले आन्दोलनको सुरुवात गरे ।

त्यतिबेला गाउँको धुवाँखोला पोखरीमा जनै मन्त्रने गरिन्थ्यो । भगत सर्वजीतले आफूलाई पनि जनै मन्त्रन दिनुपर्छ भने । उनलाई मन्त्र पनि आउँथ्यो । स्थानीय पण्डितले उनको कुरा मानेनन् । पण्डितले नमानेपछि सर्वजीतले अहिले विश्वकर्मा माध्यमिक विद्यालय भएको ठाउँभन्दा तलतिर खेतमा पोखरी बनाएर त्यहीँ जनै मन्त्रेका थिए । उनले तत्कालीन श्री ३ सरकारसँग आफूहरूले तीनसुते जनै लगाउन पाउनुपर्छ भनेर माग राखे । आखिरमा सरकारले लालमोहर लगाएर माग पूरा गर्न बाध्य भएको थियो । यसरी बागलुङका दलित व्यक्तिले जनै लगाउन सुरू गरे, जुन अहिले पनि जारी छ ।

तत्कालीन समयमा दलित समुदायका बेहुला-बेहुली डोली चढ्न पाउँदैनथे । सोली बोक्न पाउँदैनथे । भगत सर्वजीतले सञ्चालन गरेको आन्दोलको कारण सबै सराबरी भन्दै पानीको छोइछिटो हाल्न नपाउने व्यवस्था गरेको थियो भने सोली बोक्न नपाउने र डोली चढ्न नपाउने व्यवस्था खारेज गरेको थियो ।

त्यतिबेला बागलुङका दलित समुदायले राणा शासकको उर्दी अनुसार निशुल्क रुपमा जंगलमा कोइला बनाउनुपर्ने र उक्त कोइला बोकेर गुल्मीको टक्सार पुऱ्याउनुपर्ने थियो । ती कोइला गुल्मीको टक्सारमा भाँडा बनाउन प्रयोग हुन्थ्यो । भगत सर्वजीतले निशुल्क कोइला बनाउन र बोक्न बन्द गरिदिएका थिए ।

जेल बस्दा वडाहाकिमले भगत सर्वजीतसँग नामुद पण्डितहरु भिडाउँथे । उनीसँग वैदिक बहसमा नामुद



> राणा शासनकै बेला जातीय विभेद तथा छुवाछुतका विरुद्धमा बहसमा उत्रने पहिलो निडर र बौद्धिक नेपाली दलित नेता हुन् भगत सर्वजीत विश्वकर्मा

पण्डित पनि टिक्दैनथे । दलित समुदायको मुक्ति र मर्यादा सहित आत्मसम्मान हुनुपर्ने, सौली डोली, भातभान्सा सबै सरोबरी हुनुपर्ने, दलित समुदायले पनि जनै धारण गर्न पाउनुपर्ने र शिक्षा पाउनुपर्ने विषयमा उनले धर्ममा भएका सबै व्यवस्थाका फेहरिस्त बताउँदा पण्डितहरु चुप रहन बाध्य हुन्थे ।

बागलुङको ओमप्रसादको चौतारीमा विभिन्न श्लोकसहित पर्चा छापेर बाँड्दै आन्दोलनको सुरुवात गरेका थिए । 'बटौलीको बजारमा लाह छ कि छैन, दहीको ठेकी सरोबरी थाहा छ कि छैन' जस्ता गद्यात्मक गीत लेखेर सबै मान्छे एकै हो भन्ने सन्देश समेत जोडदार रुपमा उठाएका थिए ।

**विश्वकर्मा प्रावि स्थापना**

आन्दोलन र जागरण अभियानकै क्रममा दलितलाई तल्लो जातमा राखेर अमानवीय व्यवहार भइरहेको बुझाउन बालबालिकालाई पढाउनुपर्छ भन्ने भगत सर्वजीतलाई लाग्यो । दलित समुदायका छोराछोरीलाई शिक्षित बनाउन उनले आन्दोलनकै कार्यक्रमका रूपमा स्कुल खोल्ने निर्णय लिए । दलित समुदायले नपढ्दासम्म कुनै किसिमको शास्त्रार्थ गर्न सकिँदैन भन्ने कुरा उनले गाउँलेलाई सम्झाए । भारतबाट शिक्षार्जन गरी फर्केका सहयोद्धाहरु हिक्मतसिंह विश्वकर्मा, लक्ष्मीनारायण विश्वकर्मा, मनविर विश्वकर्मा, र रामशरण विश्वकर्माको सहयोगमा गैरागाउँको भालुमारेमा २००७ मा विश्वकर्मा प्रावि स्थापना गरेका थिए ।

दलित समुदायबीच शैक्षिक जागरण बढाउने उद्देश्यले स्थापित गरिएको विद्यालय हाल विश्वकर्मा उच्च माविका रुपमा जिल्लामा उच्च शैक्षिक प्रगति गर्ने विद्यालय हो । विद्यालय परिसरमा भगत सर्वजीत विश्वकर्मा प्रतिष्ठान, बागलुङले निर्माण गरेको भगत सर्वजीत विश्वकर्माको सालिक छ ।

**कठोर जेल जीवन र यातना**

भगत सर्वजीतका क्रान्तिकारी कदमलाई तत्कालीन वर्णवादी समाजले पचाउन सक्ने कुरै भएन । तसर्थ, उनी विरुद्ध उच्चजातीय अहंकारवादी पण्डित, ठूलाबडा भनिनेबाट निरन्तर रुपमा ठूलो षडयन्त्र हुन्थ्यो । उनको घरगोठ, मन्दिर र विद्यालय समेत तोडफोड गरी उनीमाथि सांघातिक आक्रमण गरिन्थ्यो ।

उनलाई गद्दी ताकेको, व्यवस्था र समाज विरोधी काम गरेको लगायतका आरोप लगाउँदै तत्कालीन सरकारले चरम यातनासहित पटकपटक जेलमा थुनेको थियो । अन्तिमपटक उनलाई पाल्पा जेलमा १७ महिनासम्म ठेड्का ठोकी अति कठोर यातना दिइएको थियो । यातनाका कारण उनका अगाडिका दाँतहरु सबै झरेका थिए ।

इतिहास अध्ययन गर्दा बागलुङबाट उनलाई थुन्न रातारात हिँडाएर पाल्पा गौंडा पठाइएको थियो । सो क्रममा प्रहरीले उनको मुखमा बुट बजार्थ्यो । पाल्पा पुऱ्याएपछि भगत सर्वजीतलाई 'तँ को होस् ?' भन्दै सोधिएको थियो । जवाफमा उनले 'म भगत सर्वजीत विश्वकर्मा' हो भनेपछि प्रहरीले 'तँ कामी होस्' भनेर मुखमा बुटले हिर्काए । उनको मुखबाट रगत बगेको हुन्थ्यो । उनका हात बाँधिएका हुन्थे । खुट्टामा ठेड्का लगाइएको हुन्थ्यो । तर उनी यातनाबाट विचलित भएनन् । बरु उल्टै 'कामी भनेर कुन गीता, कुन वेद, कुन उपनिषद्मा छ ?' भनेर प्रहरी अधिकारी र राणा शासकका स्थानीय प्रतिनिधिलाई ठाडै चुनौती दिन्थे ।

प्रहरी अधिकारी र राणा शासकका स्थानीय प्रतिनिधिसँग 'छुवाछुत कहाँ छ ? सानो जात र ठूलो जात भनेर हिन्दु धर्मको कुन ग्रन्थमा लेखिएको छ ? यसबारे नेपालका पण्डितसँग शास्त्रार्थ गर्न सकिनँ भने म यहीँ आत्महत्या गर्छु' भन्थे । त्यसपछि तत्कालीन श्री ३ सरकारले भगत सर्वजीतसँग शास्त्रार्थ गर्न काठमाडौंबाट पण्डित पठाएका थिए ।

शास्त्रार्थका क्रममा 'मलाई कामी भन्न पाइँदैन । म 'वृन्ची' उपाध्याय हुँ । तिमीहरूजस्तै म पनि ब्राह्मण हुँ । हामीले तीनसुते जनै लगाउन पाउनुपर्छ । विश्वकर्मा भनेको विश्वको पूजा गर्ने मान्छे हो ।

तल्लो जात भनेर कुन पुराणमा लेखेको छ, देखाउनुपर्छ' भनेपछि भगत सर्वजीतका सामु राणाका पण्डित नाजवाफ भएका थिए । हार खाएर उनलाई जेलमुक्त गरियो । जेलबाट छुटेर उनी बनारस लागे । त्यहाँ उनले आफ्नो अध्ययनलाई निरन्तरता दिए । बनारसबाटै उनले गाउँमा पर्चा पठाउँथे ।

भगत सर्वजीतका एक छोरा थिए । आन्दोलनलाई अझै सशक्त रुपमा अघि बढाउन उनी छोरा सहित भारतमा निर्वासित भएका थिए । निर्वासनमै रहेको बेला उनको भारतको बनारसमा २०१२ सालमा ६२ वर्षको उमेरमा निधन भएको थियो ।

**भगत सर्वजीतप्रति सम्मान**

नेकपा (एमाले) का नेता एवं नेपालका दलित मुक्ति आन्दोलनका अग्रज व्यक्तित्व छविलाल विश्वकर्माको पहलमा २०४६ सालमा भगत सर्वजीत प्रतिष्ठानको स्थापना भएको थियो । उनकै नेतृत्व र संरक्षकत्वमा अहिले प्रतिष्ठान क्रियाशील छ । बुटवलमा प्रतिष्ठानको आफ्नै भवन निर्माण भएको छ भने एम्बुलेन्स सेवा सञ्चालनमा छ । बुटवलमा सर्वजीत पार्क बनाइएको छ । भैरहवामा उनको सालिक स्थापना गरिएको छ । बागलुङमा पनि विश्वकर्मा माविको प्रांगणमा भगत सर्वजीतको सालिक स्थापना गरिएको छ ।

मुक्ति समाज नेपालले झापामा उनको अर्धकदको सालिक निर्माण भएको छ । नेकपा एमाले नेतृत्वको सरकारका तत्कालीन सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलले हुलाक सेवा विभागबाट भगत सर्वजीतको मुहार चित्रांकित हुलाक टिकटमा टाँचा लगाउने काम गरे । केपी शर्मा ओली प्रथमपटक प्रधानमन्त्री हुँदा पर्यटन तथा संस्कृति मन्त्री आनन्द पोखरेलले भगत सर्वजीत मानव मर्यादा राष्ट्रिय पुरस्कारको स्थापना गरे । सोही सरकारका पालामा नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटमा भगत सर्वजीत शिल्प विकास केन्द्र स्थापना गरी दलित समुदायको परम्परागत पेसाको आधुनिकीकरण गर्न करिब ५० लाखको बजेट विनियोजन भएको थियो । एमाले नेता पृथ्वीसुब्बा गुरुङ नेतृत्वको गण्डकी प्रदेश सरकारले दलित समुदायका परम्परागत पेसाको आधुनिकीकरण र व्यवसायीकरण गर्दै दलित समुदायको आर्थिक समृद्धि गराउने उद्देश्यले भगत सर्वजीत विश्वकर्मा सिप विकास कार्यक्रम सञ्चालनको सुरुवात गरेको थियो ।

भगत सर्वजीतका अनुयायीहरु पद्मसिंह विश्वकर्मा र ओमबहादुर विश्वकर्माको विशेष पहलमा बागलुङमा पनि भगत सर्वजीत विश्वकर्मा प्रतिष्ठानको स्थापना भई क्रियाशील छ । भगत सर्वजीतका नाममा क्यालेन्डर, पोस्टर तथा विभिन्न योगदान झल्काउने अपिल, लेखहरु तथा स्मारिका प्रकाशित छन् । पछिल्लो समय भगत सर्वजीत विश्वकर्मा प्रतिष्ठानको प्रस्तुति, दलित महिला केन्द्रको निर्माण र दिनेश डिसीको निर्देशनमा भगत सर्वजीत विश्वकर्माको जीवनीमा आधारित फिल्म 'सर्वजीत' निर्माण हुँदैछ ।

**अन्त्यमा**

नेपालको दलित मुक्ति आन्दोलनले आज जुन खालका संवैधानिक र कानुनी उपलब्धि हाँसिल गरेको छ, भगत सर्वजीत विश्वकर्माले विजारोपण गरेको आन्दोलन, जागरण र उनले देखेको सपनाको ऐतिहासिक विरासतको जगमा मात्र सम्भव भएको हो । दलित आन्दोलनको अबको कार्यदिशा प्राप्त उपलब्धिलाई नेपाली उत्पीडित दलित समुदायका जनताको जीवनसँग जोड्दै थप उपलब्धि हाँसिल गर्ने र आन्दोलनलाई सारपूर्ण निष्कर्षमा पुऱ्याउन सकिन्छ ? भन्ने नै हो । भगत सर्वजीतको आन्दोलनप्रति त्याग, समर्पण, निष्ठा, क्रान्तिकारिताले निरन्तर हामीलाई मार्गनिर्देश गरिरहने छ । यस अर्थमा नेपालको संगठित दलित मुक्ति आन्दोलनका संस्थापक, एक निडर र क्रान्तिकारी योद्धा, समग्र मुक्ति आन्दोलनका पथप्रदर्शक, प्रेरणाका स्रोत भगत सर्वजीत विश्वकर्मा उर्फ वृन्चीप्रति उच्च सम्मान अनि कालजयी सलाम छ ।



# म्याग्दीका नक्षत्र शेरबहादुर



अजयमिलन श्रेष्ठ

नाम मात्रै होइन । काम पनि शेरजस्तो थियो, शेरबहादुर शेरचनको । म्याग्दीको विकासमा शेरबहादुरले थालेका पहलकदमीको तारिफ गरेरै सकिन्न । योबारे आलेख सुरु गर्नुअघि नै पंक्तिकार प्रष्टै छ । नांगो आँखाबाट हेर्दा पनि शेरबहादुरले सुरुआत गरेका कामका फेहरिस्त हालसम्म अविछिन्न चलि रहको छ । शेरबहादुरले हालेको विकासे जगले म्याग्दीको खम्बा हालसम्म अडिइरहेको छ ।

आठ वर्षको उमेरमा पिताको साथ गुमाएका शेरबहादुरका जीवन कष्टकर रह्यो । १९७१ असोज २० गते साविक देवीस्थान गाउँ विकास समिति २, पन्थोक (हाल मालिका गाउँपालिका ५) राज्दाङ, म्याग्दी जन्मे पनि शेरबहादुर राज्दाङको मात्रै छोरा रहेनन् । उनी त सिँगो म्याग्दीकै नक्षत्र बने । बुवा भीमबहादुर र आमा मनसाङ्मो शेरचनका ६ सन्तानमध्ये एकमात्र छोराका रुपमा शेरबहादुर जन्मिए ।

१२ वर्षको उमेरमा बागलुङ गएर त्यहाँको भाषा पाठशालामा अध्ययन गरी उनी साक्षर बने । त्यहाँ जगन्नाथ उपाध्याय र निजका दाइ चन्द्रदत्त उपाध्याय यी दुई भाइले उनलाई शिक्षित बनाए । थप औपचारिक शिक्षा हासिल गर्न काठमाडौं पुगे । तर, तत्कालीन राणाकालीन एक मात्र दरबार हाइस्कुलमा राणापरिवार र उच्च घरानियाँका सन्तति मात्र पढ्न पाउने । भर्ना हुन नपाएपछि फर्केर आएका थिए ।

शेरबहादुरको राजनीतिक थालनी २००४ देखि नै भएको हो । बिपीसँग भारतमा भएको भेटले निकै प्रभावित शेरबहादुर अन्तत : नेपाली कांग्रेसमा आबद्ध भए । पश्चिम म्याग्दीको केन्द्रबिन्दु दरबाङ बजारमा अवस्थित जनप्रिय माध्यमिक विद्यालयको स्थापना एवं विकासमा शेरबहादुर शेरचनको योगदान अतुलनीय छ । २००७ साल फागुन ७ गते प्रजातन्त्रको अभ्यूदय भयो । जहानियाँ राणाशासनको अन्त्यपछि हरेक गाउँठाउँमा विद्यालय स्थापना गर्ने काममा कांग्रेस नेता - कार्यकर्ताहरू जुर्मुराए । शेरबहादुर शेरचनको अगुवाइमा दरबाङ बजार लगायत त्यस भेकका केही गाउँमा विद्यालय सञ्चालन भयो । २००८ पुसमा स्वीकृति लिई दरबाङमा उनले जनप्रिय मिडिल स्कुलको स्थापना गरे । शेरबहादुरको शिक्षामा गरेको यो योगदानले उनलाई श्यामलाल रोका (दिच्याम), थमन पुन (रुन्मा), दिर्घनारायण भट्टचन (रुम), नन्दबहादुर तुलाचन (दरबाङ) आदिले सहयोग पुऱ्याए । भवन निर्माणका लागि आवश्यक यथेष्ट जग्गाको प्रबन्ध गर्नुका साथै वरपरका अन्य गाउँलेहरूको समेत सहयोग र समर्थन जुटाई विद्यालय भवन निर्माण कार्य समेत उनकै अग्रसरताको उपज थियो । उक्त विद्यालयलाई स्तरोन्नति गर्दै २०२४ सालमा माध्यमिक विद्यालय बनाउन र विद्यालयको शैक्षिक उन्नति एवम् भौतिक विकास गर्ने काममा उनको योगदान अतुलनीय र अविस्मरणीय बनेको छ ।

शेरबहादुर शेरचनले तत्कालीन अवस्थामा प्रचलित चौपाजे प्रथालाई विकसित स्वरुपमा रुपान्तरित गर्दै धर्मभकारी पद्वतिको प्रचलन आरम्भ गरे । सुरुआतमा आवश्यक अनाजको कोष आफैंले जम्मा गर्दै उनले आफ्नै घरमा सञ्चित गरेको उक्त धर्मभकारीको सञ्चालन अत्यन्त नमूनायोग्य थियो ।

शेरबहादुरले २०१२ सालमा दरबाङ बजारमा प्रहरी चौकीको स्थापना गराएका थिए । चौकी भवन निर्माणका लागि उनले निशुल्क जग्गा प्रदान गरे ।

नेपाली कांग्रेसले 'संविधान सभाको चुनावको तिथि तोकियोस्' भन्ने प्रमुख माग सहित २०१४ साल मंसिर २२ मा तेस्रो सत्याग्रहका रुपमा सुरु गरेको 'भद्र अवज्ञा आन्दोलन'मा म्याग्दीबाट शेरबहादुर शेरचन लगायत कांग्रेस कार्यकर्ता हरिनारायण भट्टचन, डेकबहादुर बानियाँ, चन्द्रशेखर श्रेष्ठ, झलकबहादुर बानियाँ, नन्दबहादुर तुलाचन, नरबहादुर तुलाचन आदिले सहभागिता जनाएका थिए ।

शेरबहादुरले व्यक्तिगत रुपमा वितरण प्रणालीको व्यवस्था गरेरै म्याग्दीमा चिठीपत्र आदानप्रदानको प्रबन्ध मिलाएका थिए । २०१५ सालमा दरबाङ बजारमा हुलाकको स्थापना गरे । हुलाक भवन निर्माणका लागि निशुल्क जग्गा दान गरे । आफ्नै अग्रसरतामा भवन समेत बनाए ।



स्व. शेरबहादुर शेरचन

> म्याग्दीको पश्चिमी भेगको केन्द्रविन्दु मानिने दरबाङ बजार अहिले जुन रुपमा छ, त्यसको आधारशीला निर्माण गर्ने सम्पूर्ण श्रेय २००४ सालअघि नै राजनीतिमा होमिएका शेरबहादुर शेरचनलाई जान्छ।

नेपाल ७५ जिल्लामा विभाजन हुनु अघि ३५ जिल्ला थियो । वीर शमशेरकै पाला (विस १९५२) देखि गरिएको प्रशासनिक विभाजन अन्तर्गत विभाजन अन्तर्गत पहाडतर्फका तहसिलहरूमा तहसिलहरूमा तहसिलहरूमा बागलुङ जिल्ला कायम थियो । त्यतिबेला बाइसे चौबीसे कालका गलकोट र पर्वत राज्यले चर्चेको भूभाग मिलाएर बागलुङ जिल्ला बनाइएको थियो । २०१५ सालको निर्वाचनमा १०९ निर्वाचन क्षेत्र तोकिएको तत्कालीन ३५ मध्येको एक बागलुङ जिल्लालाई ३ क्षेत्रमा बाँडिएको थियो । नेपाली कांग्रेसका तर्फबाट योगेन्द्रमान शेरचन उम्मेदवार बनेका थिए । उनलाई विजयी बनाउन शेरबहादुर शेरचन अहोरात्र खटे । यद्यपि उनी स्वयं पनि सम्भावित उम्मेदवार थिए । पार्टी टिकट दिएन । तर शिक्षित विद्वान योगेन्द्रमान शेरचनलाई समर्थन गरेर शेरबहादुरले इमान्दारीका साथै त्याग र अनुशासनको राम्रो उदाहरण पेस गरे ।

आफूले टिकट नपाउँदा पनि पार्टीप्रतिको निष्ठा र पार्टीका उम्मेदवारलाई मत दिलाउन देखाएको तत्परता समेत शेरबहादुरसँग रहेको पुष्टि हुन्छ । निर्वाचनको प्रचारप्रसारका क्रममा बिपी कोइराला र गिरिजाप्रसाद कोइराला दरबाङसम्म जानु र उनकै घरमा बस्नुलाई एउटा ऐतिहासिक, महत्वपूर्ण र अविस्मरणीय घटनाका रुपमा लिने गरिन्छ ।

नेपाली कांग्रेसको सरकारको गठनपछि शेरबहादुर शेरचन बागलुङ जिल्लाको जिल्ला विकास अधिकारी (डिस्ट्रिक डेभ्लपमेन्ट अफिसर) मा नियुक्त गरिएका थिए ।

२०१७ पुस १ गतेको घटना लगत्तै तत्कालीन बागलुङ जिल्ला विकास अधिकारी रहेका शेरबहादुर शेरचनलाई पनि नजरबन्दी बनाइयो । उनलाई बागलुङ कारागारमा कैद गरियो ।

अत्यावश्यकीय वस्तुहरूको सहज आपूर्तिका लागि उनले एउटा सहकारी संस्थाको स्थापना गरे । 'कल्याणकारी बहुमुखी सहकारी संस्था' नामाकरण गरिएको उक्त संस्थाले दैनिक उपभोग्य सामग्री बिक्री गर्थ्यो ।

शेरचनले दरबाङमा २०१९ मा सोल्जर बोर्ड डिस्पेन्सरीको स्थापना गराए । उनको सक्रियतामा भूपू सैनिकहरूलाई संगठित गराएर स्थापित उक्त डिस्पेन्सरीलाई भारत सरकारको सहयोग थियो ।

जिल्लाका अग्रणी शिक्षाप्रेमी समाजसेवी व्यक्तित्वहरूलाई समेटेर गठन गरिएको सदरमुकाममा सञ्चालित जिल्लाकै पहिलो हाइस्कुलको सञ्चालक समितिमा रहेर समेत शेरचनले योगदान पुऱ्याएका थिए ।

शेरबहादुर शेरचन म्याग्दी जिल्लामा नेपाली कांग्रेसका अग्रणी नेता हुन् । तत्कालीन राजा महेन्द्रले ०१७ पुसमा दलविहीन पञ्चायती व्यवस्थाको स्थापना गरी दलहरू माथि प्रतिबन्ध लगाएपछि कांग्रेसको संगठन छिन्नभिन्न हुन पुग्यो । यस्तो प्रतिकूल परिस्थितिमा कांग्रेस कार्यकर्ता शेरबहादुर शेरचन लगायत यस जिल्लाका सात जनाले भित्री तवरले समिति गठन गरी पार्टीलाई अत्यन्त गोप्य रुपमा सञ्चालन गरेका थिए । प्रतिबन्धित अवस्थामा योगदान पुऱ्याउनेमा शेरबहादुर शेरचन, हरिनारायण भट्टचन, डेकबहादुर बानियाँ, दीर्घनारायण भट्टचन, झकबहादुर शेरचन, लक्ष्मीप्रसाद श्रेष्ठ र चन्द्रशेखर श्रेष्ठ थिए ।

शेरचनले २०१८ देखि ०३५ सालसम्म २ पटकसम्म दरबाङ गाउँ पञ्चायतको प्रधानपञ्च भए । म्याग्दी पञ्चायतको सदस्य समेत बनेका उनी नेपाल किसान संगठनको जिल्ला सभापति र सोही संगठनको केन्द्रीय सदस्य समेत भएका थिए । उनको कार्यकालमा दरबाङमा सम्पन्न भ्यासेक्टोमी क्याम्प उदाहरणीय र अविस्मरणीय छ, अमेरिकी प्रोजेक्ट अन्तर्गत गरिएको सो क्याम्प त्यस भेगमा गरिएको परिवार नियोजन सम्बन्धी पहिलो काम थियो ।

२०३६ सालको जनमतसंग्रहमा शेरचन बहुदलको पक्षमा सक्रिय रहे । अस्वस्थताको बाबजुद उनी बहुदलको प्रचारप्रसारमा अहोरात्र खटे । अशक्त भई हिँड्न नसक्ने अवस्थामा पनि उनी घोडा चढेर विभिन्न गाउँठाउँमा गए । जनमतसंग्रहमा त्यस भेगका जनताले बहुदलको पक्षमा मतदान गरे ।

म्याग्दीको माटोमा जन्मिएर यति धेरै गुन लगाउने गुनी नेता शेरबहादुर २०४४ असार २ गते दरबाङस्थित आफ्नै निवासमा अस्ताए । शेरबहादुर शेरचनले आफ्नो जीवनको अन्तिम क्षणसम्म पनि उज्यालो दरबाङको परिकल्पनाको दियोलाई निभ्न दिएनन् । म्याग्दीको पश्चिमी भेगको केन्द्रविन्दु मानिने दरबाङ बजार अहिले जुन रुपमा छ, त्यसको आधारशीला निर्माण गर्ने सम्पूर्ण श्रेय शेरबहादुर शेरचनलाई नै जान्छ । यहाँको बाटो, चौतारा, बजार, पाखा पखेराले अझैं पनि शेरबहादुरलाई सम्झिइरहन्छ ।

# क्रान्तिवी



भरत कोइराला

तनहुँको पहाडीबस्ती पोखरेलफाँट वरपर विसं १९७५ मा आँठेको महामारी फैलियो । जसलाई अहिले टाइफाइड भनिन्छ । जाडो सकिएर गर्मीको राप चढ्दो थियो । उसैगरी पतझड रुखहरु पातविहीन हरियालीविहीन हुँदै थिए । पाखापखेरा पनि उस्तै उराठलाग्दा । त्यतिबेला गोवर्द्धन शर्मा जम्मा ४ वर्षका थिए । ४ दिनको बीचमा पोखरेल परिवारमा एकाघरका ५ जनाको निधन भयो आँठेकै कारण । परिवारको खुसी लुटियो । पहिलो दिन गोबर्द्धनका जेठा दाजु ज्ञानिशंकर, भोलिपल्ट आमा बदना र बाबु इन्द्रविलास अनि अर्कोदिन दाजु शुकदेवलाई आँठेले उठायो । आमाबुवा बितेको पर्सिपल्ट बहिनी महाकाली पनि रहिनन् । उतिबेलाको समाज, अनि एकाघरमा परेको महामारी, जसोतसो काजकिरिया सकियो । घर सुनसान थियो, महामारी परेको घरमा त्रासकै कारण छिमेकी र आफन्तको आउजाउ ठप्पै थियो । गोवर्द्धनको लालनपालनको जिम्मा हजुरआमा हरिमायादेवीको काँधमा आइपऱ्यो । दुब्लो, पातलो अनि, अनुहार पनि चिम्स्याइलो भएकै कारण साथीभाइले उनलाई अनेकथरि उपनाम दिन्थे । कहिले घर कहिले मावल गरेर उनको बाल्यकाल बित्यो ।

गाउँमा हुनेखानेका छोराहरु पढ्नका लागि घर छाडेको उनले पत्तो पाए । त्यसअघि नै हजुरआमाले उनलाई पढ्नका लागि पुर्कोट पाठशालामा भर्ना गराइदिइन् । गाउँले अनि आफन्तबाट हेपिएको अनुभूति गरेका गोवर्द्धन पढ्नमा सानैदेखि टाठै दरिएका थिए । पढ्नकै लागि गाउँ छाड्ने र काडमाडौं छिर्ने निधोमा उनी पुगे ।

साथीभाइको साथ लागेका उनी ६ दिनको पैदल हिँडाइपछि काठमाडौं पुगे । काठमाडौंमा मावली बा कुलप्रसाद खनालसँगै बसेर गोवर्द्धनले तीनधारा पाठशालामा अध्ययन सुरु गरे । तीनधारा पाठशालामा भर्ना हुन र छात्रावासमा बस्नका लागि उनले पटकपटक बबर शमशेरसँग बिन्ती बिसाउनु परेको थियो । चाकरीका लागि बसेको भीडभाडसहितको लावालस्करका बीचमा सानो बालकको कुरा सुनिदिने कोही हुन्थेन । उनले हिम्मत हारेनन्, त्यही लाइनमा बसेर एक दिन उनले बबर शमशेरलाई बिन्ती चढाए । अन्तत उनी छात्रावासमा बस्न सफल भए ।

व्याकरणमा मध्यमा तहसम्मको पढाइ सकेर उनी विसं १९९३ मा गाउँ फर्किए । त्यतिबेलासम्म उनले बिहे पनि गरिसकेका थिए । १९९० मा प्रसूति व्यथाले पत्नी दिलमायाको निधन भयो । त्यसपछि उनको बिहे १९९२ मा तनहुँ म्याग्देको पण्डित परिवारकी द्रौपदासँग भयो । शताब्दी पुग्नै लागेकी द्रौपदा अहिले कान्छा छोरा सुवाससँग काठमाडौंमा छन् ।

सानैदेखि विभेदमा पर्दै आएको, आमा बुवासहित परिवार गुमाएकै कारण होला, उनी विद्रोही चेतका थिए । समाजमा व्याप्त विभेद र कुरीतिका विरुद्ध उनी सानैदेखि बोल्थे । बीचको केही समय यज्ञयज्ञादि, सप्ताह पुराणमा उनी व्यस्त हुन थाले । कति ठाउँमा त उनी आफै मुलपण्डित नै भए । विसं २००१ मा वन विभाग अन्तर्गत नायब मुखियाको जागिर पनि खाए । जागिरमा मन रमाएन ।

नेपाली कांग्रेसको स्थापनासँगै उनी पार्टीसित सम्बद्ध भए । राणा शासन ढाल्न २००६ सालमा आह्वान गरिएको सशस्त्र क्रान्तिको तयारीका लागि उनी संगठनमा क्रियाशील रहे । विसं २००७ सालको सेरोफेरोमा तनहुँको बन्दीपुर आन्दोलनको केन्द्रबिन्दु थियो । उनी र अन्य साथीहरुको नेतृत्वमा गएको टोलीले बन्दीपुर कब्जा गरेर राष्ट्रव्यापी सन्देश प्रवाह गरेको थियो ।

तनहुँ र लमजुङबाट ठूलो समूह लिएर गोवर्द्धनसहित अगुवाहरु बन्दीपुर पुगे । निडर स्वभावका उनी सेनाको बन्दुक र बारुदको प्रवाह नगरी अगाडि बढिरहे । उनकै नेतृत्वमा कुन्छा कब्जा गरिएको थियो ।

२००७ को माघ १ गते ठूलो समूह बन्दीपुर पुगेको थियो । जुलुसमाथि सेनाले गोली चलाउन थाल्यो । गोवर्द्धनसँगै गएका धर्मध्वज गुरुङ, सन्तबहादुर राना, चन्द्रबहादुर सार्की, धर्मराज श्रेष्ठ, उत्तरकुमार श्रेष्ठ र खड्गबहादुर गोदारसहित ६ जना सेनाको गोलीबाट मारिए । उनी सेनाको गोलीबाट जोगिए । सँगै गएका ६ जना साथी आँखै अगाडि ढलेका देख्दा शासन र शासकप्रति उनीमा थप वितृष्णा पैदा भयो । अनि झन् सशक्तरुपमा संघर्षको मैदानमा उत्रिए ।

विसं २००६ सालमा चुँदी टुहुरेपसलबाट सुरु भएको हलो क्रान्तीलाई उनले कलेस्ती फाँटबाट अगाडि बढाए । हिउँदे बाली अभियान नाम दिएर उनी आफै हलो लिएर खेतबारीमा उत्रिए । खेत बाँझो राख्न नहुने, हिउँदे खेती अनिवार्य लगाउनुपर्ने, सर्तसहित उनले बिउबिजन वितरण मात्र गरेनन्, छाडा गाइवस्तु तह लगाउन काञ्जी हाउस समेत सञ्चालनमा ल्याए ।

२००७ सालमा बन्दीपुर कब्जा गरेपछि त्यही जनसरकार गठन भएको थियो । जनसरकारका सुधारका काम जनजनमा लैजानका लागि उनले नेतृत्वदायी भूमिका खेले । खोटा मानापाथीका ठाउँमा करुवा माना, ढ्वाङ पाथी भनेर चिनिने जनसरकारका छाप लागेका ढलोटका माना पाथी उनले चलन चलाए ।

२०१४ को मंसिर २२ देखि कांग्रेसले मुलुकभर भद्र अवज्ञा आन्दोलन सुरु गऱ्यो । यो आन्दोलनलाई अघि बढाउन पश्चिमाञ्चलका जिल्लामा गोवर्द्धन शर्माले नेतृत्वदायी भूमिका निर्वाह गरे ।

कांग्रेसको आन्दोलनपछि राजा चुनावको मिति घोषणा गर्न बाध्य भए । चुनावका समयमा उनलाई पार्टीले उम्मेदवार चयनको जिम्मा दिएर कास्की ९९ नम्बर क्षेत्र र लमजुङ १०० र १०१ क्षेत्रबाट प्रतिनिधि सभाका लागि केन्द्रबाट रिटर्निङ अफिसर बनाएर खटाएको थियो । उनले पछि तनहुँ १०३ नम्बर क्षेत्रको



> पटकपटक मृत्यु
> मुखबाट फुत्केक
> जीवनकालभर
> र राजनीतिक प
> खाँतिर क्रियाशी

२१ औं वार्षिकोत्सव

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा विगतका वर्षहरूको मूल्यांकन गर्दै आगामी वर्षहरूमा पनि यस पत्रिकाले समग्र प्रदेश र गाउँपालिकाको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै दूरदराजका ठाउँहरुसम्म पनि पुग्न सकोस् हार्दिक शुभकामना !

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

सीता अधिकारी
उपाध्यक्ष

मिन बहादुर गुरुङ
अध्यक्ष

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, कास्की, नेपाल

२१ औं वार्षिकोत्सव


## हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई । विगतका वर्षहरूमा जस्तै आगामी वर्षहरूमा पनि यस पत्रिकाले गण्डकी प्रदेशकै चौथो अंग भएको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

केदार बराल
डिभिजन वन अधिकृत

डिभिजन वन कार्यालय, कास्की

# र गोवर्द्धन शर्मा



निर्वाचनका लागि चिफ एजेन्टको जिम्मेवारी सम्हालेका थिए ।

२०१७ सालमा राजा महेन्द्रले कू गरेपछि कांग्रेसले फेरि क्रान्ति थाल्यो । भूमिगतरुपमै पार्टीका गतिविधि चलाइरहेका बेला गोवर्द्धन पक्राउ परे । साथीहरुले उनलाई प्रहरीको घेराबाट मुक्त गरे । प्रहरीले पक्राउ गरी पोखरा जेलमा लैजाने क्रममा उनी क्यामिन पाथ्राको जंगलबाट भाग्न सफल भएका थिए । त्यतिबेला उनलाई पक्राउ गर्नेका लागि १५ हजार रुपैयाँ इनाम र सुब्बा वा इन्सपेक्टरको दर्जा दिने भनेर प्रचार गरिएको थियो ।

तत्कालीन अवस्थामा सशस्त्र क्रान्ति उपयुक्त नभएको भन्दै त्यसलाई रोक्नुपर्छ भन्ने आवाज उठ्न थाल्यो । देशभित्र संघर्षमा रहेका सबैलाई, २०१८ को अन्त्यमा कलकत्ता बोलाइयो । त्यतिबेला कलकत्तालाई नै कांग्रेसको हेडक्वाटर थियो । विसं २०१९ को सुरुमा कलकत्तामा भएको सम्मेलनले नेपालमा सशस्त्र क्रान्ति रोक्ने प्रस्ताव गर्‍यो । गोवर्द्धन शर्मासहित धेरै सहभागी सशस्त्र संघर्ष रोक्नु हुन्न भन्ने पक्षमा थिए ।

त्यतिबेला सुवर्ण शमशेरले भनेका थिए- को को क्रान्तिको पक्षमा हुनुहुन्छ, हात उठाउनुहोस् । सम्मेलनमा थोरै हात उठेका देखेर गोवर्द्धन शर्माले आफ्ना दुबै हात उठाए । सुवर्णले भनेका थिए- गोवर्द्धनजी, तपाईंका यी दुई हातसँगै छिटै हजारौं हातहरु उठ्नेछन् । हाम्रो सशस्त्र संघर्षले देशमा प्रजातन्त्रको स्थापना गराई छाड्नेछ । अहिले म आफूलाई बलिदान गर्ने साथीहरूलाई सम्मानका श्रद्धाञ्जली अर्पण गर्दछु र तपाईंहरू जस्ता निष्ठावान् साथीहरूको सह्राना गर्दछु ।

गोवर्द्धन तनहुँ जिल्लाको सभापति भए, प्रवासमा पश्चिम ३ नम्बर जिल्ला इन्चार्ज र स्टेन्डिङ कमिटी सदस्यको जिम्मेवारी निर्वाह गरे । उनी पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारीमा समेत रहे । आन्दोलनमा लागेकै कारण सर्वश्वहरणमा परेका उनी १० वर्षभन्दा बढी निर्वासनमा रहनुपर्‍यो । भारतमा रहेका बेला त्यहाँ कार्यरत दरवान, चौकीदार र अरु काममा लागेका नेपालीहरूलाई संगठित गरेर उनले नेपाली लोकसेवक समिति गठन गरेका थिए । आम माफीपछि विसं २०२५ मा उनी स्वदेश फर्के । त्यसबेला उनका आँखा कमजोर भइसकेका थिए । एउटा आँखाको दृष्टि गुमेकै कारण उनी अधिकांश ठाउँमा कालो चस्मामा देखिन्थे । अपरेसनमा सफल नभएपछि पछिल्लो समय उनले दुवै आँखाको ज्योति गुमाउनुपर्‍यो ।

१९७१ कात्तिक १६ मा जन्मेका गोवर्द्धनको निधन २०४६ वैशाख ९ मा भएको हो । उनका ४ छोरा र २ छोरी छन् । जेठा छोरा रामचन्द्र पोखरेल संविधानसभा सदस्य हुन् । जिल्ला विकास समिति तनहुँका पूर्व सभापति भइसकेका रामचन्द्रले नेपाली कांग्रेस केन्द्रीय कार्यालयको मुख्य सचिवको जिम्मेवारी समेत कुशलतापूर्वक निर्वाह गरे । माइला छोरा कृष्णचन्द्र नेपाली पोखरेल अहिले गण्डकी प्रदेशको मुख्यमन्त्री एवं नेपाली कांग्रेस केन्द्रीय सदस्य छन् । साइँला छोरा डा. जगदीशचन्द्र पोखरेल राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष हुन् भने कान्छा छोरा सुवासचन्द्र हुन् । २ छोरी सत्यम्वदा र प्रियम्वदा छन् ।

घरमुली राजनीतिमा लागेर हिँड्ने । घरमा ससना छोराछोरी । उनीहरुको लालनपालनका लागि पत्नी द्रौपदाले ठूलै कहर काट्नु पर्‍यो । गोवर्द्धन शर्माले लेखेको मेरो जीवन यात्रा पुस्तकमा पत्नीसँगको प्रसंग यसरी उल्लेख गरेका छन् ( लामो समयसम्मको घरको सबै व्यवहार र ससाना छोराछोरीको भरणपोषणको समेत झैझमेला व्यहोरेर घर धान्नुपर्दा र म धेरै साथीको साथ यदाकदा घर आउँदा मेरी श्रीमती द्रौपदा मलाई भन्थिन्, कि मैले कहिँ हिँड्न नपाउने ? केही देख्नसुन्न नपाउने ? मैले उत्तर दिन्थें, तिमीहरुले देखेका छौं सुन्तलाको बोट यहाँको यहिँ बसिरहन्छ । त्यसमा फलेका सुन्तलाको दाना त्रिवेणी, काठमाडौं इत्यादि सहरमा पुग्छन् । यस्तैमा मैले एकपटक कलकत्ता, बम्बै घुम्न लैजाने छु भनेको थिएँ । २०१४ साल जेठ ७ गते अघिपछि झैं म जिल्ला भ्रमण गरेर घर आउँदा छोरी सत्यम्वदाको जन्म भएको रहेछ । राधारामको घरभित्र म पस्नासाथ ३ दिन भएकी छोरी सत्यम्वदालाई दुई हातले उचालेर यी बम्बै भनेर मेरी श्रीमतीले छोरी देखाइन् । उनको भनाइको तात्पर्य केटाकेटी हुर्किनासाथ एकपटक परदेश भ्रमण गर्ने भनेको फेरि काखमा बच्ची भइन् भन्ने संकेत हो । यसै प्रसंगमा खुब हाँसो भयो ।

विसं २०१८ सालमा सरकारले गोवर्द्धन शर्माको सर्वश्वहरण गर्‍यो । सम्पति नै चलाउन नपाएपछि परिवारमा विचल्ली थपियो । माइला छोरा कृष्णचन्द्र र साइँला छोरा जगदीशचन्द्रको व्रतबन्ध रोकियो । पति घरमा आउनेवित्तिकै अड्डामा खबर गर्ने कागज गरेकी थिइन् द्रौपदाले । त्यसैबीचमा कान्छा छोरा सुवासको जन्म भयो । पतिले तलाई नभेटेको भए कसरी छोराको जन्म भयो भनेर प्रहरीले निकै दुख दियो ।

गोवर्द्धन शर्माले गाउँगाउँमा पुगेर त्रिखण्डी, पाँचखण्डीको साटो अधियाँ प्रथा सुरु गर्न लगाए । यसै गरिखाने वर्गलाई राहत भयो । जिम्मुवाल, मुखिया, ठूलाठालुले लिने सघाउ, सरकारी झारा, बेठ, बेगारी, घिउ खाने, ब्याजको स्याज लिने र शून्य थपेर निरक्षर जनतालाई जाली तमसुक बनाइ ठग्नेहरुका विरुद्ध उनी खुलेरै लागे ।

छोरीचेलीलाई पढाउने, छोइछिटो हटाउने अभियान पनि उनले थाले । अंग्रेजी समेतको पढाइ हुनेगरी तनहुँसुरको घरमपानीमा विसं २००९ मै उनले इन्द्रवदन मिडिल स्कुल स्थापना गरे । जहाँ दलितका छोराछोरीसमेत एउटै बेन्चमा बसेर पढ्न माहोल बनाइएको थियो ।

दलिहरुको बाक्लो बस्ती भएको राधाराम गाउँमा हरिजन संघ खोलेर नेपाली कांग्रेसको भातृसंस्थाका रुपमा स्थापित गराए गोवर्द्धन शर्माले । जातीय छुवाछुत, भेदभावविरुद्ध जनचेतना फैलाउन उनी उत्प्रेरक बने । आफैले दलितको हातबाट पानी खाएर कुरीति विरुद्धको अभियान छेडेका उनी र उनको परिवार त्यही कारण लामो समय आफन्त र गाउँलेबाट बहिस्कृत हुनुपरेको थियो ।

सानै उमेरमा बिहे गरेर विधवा भएकै कारण जीवनभर एकल रहनुपर्ने सामाजिक मान्यतालाई चिर्दै महिलाहरुले इच्छा अनुसार बिहे गर्ने अभियान उनले सुरु गरे । उनकै सक्रियतामा नेपाली कांग्रेसकै एक कार्यकर्ताको बिहे बालविधवासँग गराइएको थियो ।

धेरैपटक मृत्युको मुखमा पुगेर फर्केका व्यक्ति हुन् गोवर्द्धन । पहिलो त आँठेबाटै बच्न सफल भए । चुलोको छेउमा हजुर आमाले सुताउँदा पल्टिँदै आगोमा परेर उनका गोडा पोलिएका थिए । मादी र कलेस्तीको दोभानमा गाउँलेहरु श्राद्ध गर्न जाँदा खेल्ने क्रममा उनलाई खोलाले बगायो । संयोगले उनी धँयेराको बुटो समाउन सफल भए र बाँचे । एकपटक उनी मामाघर श्याम्घा गएका बेला घोडा चढेका थिए । डोकामा मासु बोकेर आएको मानिस देखेर घोडा चम्किएपछि उनी लडे । देब्रे गोडा घोडाको रिकाबीमा अल्झियो । घोडा भाग्दा उनी पनि बेस्सरी लतारिए । कस्सो कान्छा मामा लेखनाथ न्यौपानले देखेछन् र दौडेर गएर भान्जालाई बचाए । बन्दीपुर कब्जा गर्ने बेला होस् या विभिन्न चरणका आन्दोलनमा उनी ज्यान जोगाउन सफल भए ।

समाज र राष्ट्रका लागि यतिधेरै योगदान गर्नकै लागि उनको जीवन समर्पित रह्यो । उनको स्मृतिमा परिवारको अग्रसरतामा गोवर्द्धन शर्मा मेमोरियल ट्रस्ट स्थापना गरिएको छ । पोखरेलफाँटमा रहेको पुख्यौली सम्पति परिवारजनले ट्रस्टकै नाममा हस्तान्तरण गरेका छन् ।

...को
...का गोवर्द्धन
सामाजिक
...रिवर्तनका
...ल रहे

# पुलिमराङका सहिद





खड्कजंग गुरुङ

*'सुन हे साथी अमर धर्मध्वजको कहानी*
*देशका लागि कुर्वानी भयो कलिलो जवानी*
*जुँगाको रेखी बसेको ठिटो बिर्सन्न मनमा*
*उनको गीत सुनिन्छ अझै कुन्छाको वनमा ।'*

देशमा परिवर्तनको नारा घन्किएको थियो । राणाहरुको बहिर्गमन र प्रजातन्त्रको माग राखेर आन्दोलन चलेको थियो । आन्दोलन चर्किंदा जनता ज्यान गुमाएरै पनि परिवर्तन ल्याउन उद्दत थिए । आन्दोलनमा हेलिएका पुलिमराङका धर्मध्वज गुरुङले पनि त्यही बेला सहादत लिए । आन्दोलनपछि राष्ट्रकवि माधवप्रसाद घिमिरेले माथिका कविताका हरफ कोरेका थिए ।

२०१८ सालमा निर्दलीय पञ्चायती व्यवस्थाविरुद्धको लडाइँमा तनहुँको पुलिमराङ गाउँ फेरि अग्रमोर्चामै थियो । लडाइँमा पुलिमराङले ५ जनालाई गुमायो । गाउँका लालध्वज गुरुङ, सर्वसिंह गुरुङ र हस्तविर गुरुङले कोत्रेमा शहादात प्राप्त गरे । त्यस्तै शमशेरबहादुर गुरुङ भरतपुर र भारत गुरुङ पुलिमराङमै मारिए । राणा शासन र निर्दलीय पञ्चायती व्यवस्थाविरुद्धको लडाइँमा यसरी पुलिमराङ गाउँका ६ जना सहिद बने ।

धर्मध्वजहरुले बलिदानी गरे । जुन परिवर्तनका खातिर आफ्नो ज्यान दिए, अहिले त्यही व्यवस्थाका नाइकेले उनीहरुको सहादतको हुर्मत लिएका छन् । परिवर्तनको जुन नारा उनीहरुको बोलीमा थियो, अहिले प्यालाका कारण भुलिसकेका छन् । गुल्जार गाउँ अहिले गुमनाम छ, खाली छ । सडक छ, हिउँदमा मात्र चल्ने । वर्षाका बेला बाटो बन्द हुन्छ । गाउँमा युवा रगतको कमी छ, युवा जोशको खडेरी छ । बुढापाकाले मात्र गाउँ धानेका छन् । परिवर्तनको सपना देखेका उनीहरुका आँखामा बादल लागिसकेको छ, सपना धिर्मिराएको छ । कुनै बेला डेढ सय घरपरिवार रहेको यो गाउँमा अहिले मुस्किलले ६० परिवार छन् ।

> प्रजातन्त्र प्राप्तिका लागि २००७ सालमा धर्मध्वज गुरुङ सहिद भए । २०१८ सालमा फेरि समशेरबहादुर गुरुङ, भारत गुरुङ, लालध्वज गुरुङ, हस्तवीर गुरुङ र सर्वसिंह गुरुङले सहादत प्राप्त गरे ।

गाउँमा नयाँ विद्यालय खुल्ने सुर छैन । भएकै विद्यालयको पनि भविष्य सुनिश्चित छैन । धर्मध्वजकै नाममा २००७ सालमा खुलेको विद्यालयमा पनि विद्यार्थी अभावका कारण बन्द हुने संघारमा छ ।

२०५१ साल चैतमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पुलिमराङ गाउँमा सोलार बत्ती उदघाटन गर्न आएका बेला सहिद स्मारक कोष समिति खडा गरेका थिए । समितिमा भागबण्डा पुर्‍याउन टाढाटाढाका व्यक्ति राखिए । यसकारण बैठक समेत बस्न सकेन । त्यसबेला जग्गा छनोट तथा खरिदका विषयमा अलमल भएर पनि केही वर्ष काम धकेलियो । २०६० सालमा जग्गा खरिद गरी स्मारकको कार्य थालियो ।

सुरुमा ३ करोडको लागत अनुमान गरिएको उक्त सहिद स्मारक वर्षमा छुट्याएको चुबुरचुबुर बजेटले पूरा हुन सकेको छैन । व्यास नगरपालिकाबाट विनियोजित ३५ लाख, प्रदेश सरकारको २० लाख र पूर्वमन्त्री किसान श्रेष्ठको पहलमा आएको ४२ लाख रुपैयाँले काम बढेको छ । तर खर्च भने पूरै बजेट बराबरको हुन सकेको छैन ।

अहिले त्यो स्मारक निर्माणस्थल हेर्न जाने जो कसैको मन कुँडिन्छ । सहिद स्मारक वर्षौं भइसक्दा पनि निर्माण सकिएको छैन । वरिपरि झारले घेरिएका ६ वटा सहिदका अर्धकदको सालिक छ । २००७ सालमा प्रजातन्त्र प्राप्तिका लागि छाती थापेका धर्मध्वज गुरुङसँगै २०१८ सालमा सहादत प्राप्त गरेका समशेरबहादुर गुरुङ, भारत गुरुङ, लालध्वज गुरुङ, हस्तवीर गुरुङ र सर्वसिंह गुरुङको सालिक राखिएको छ ।

जुन व्यवस्थाका लागि सहिदले आफ्नो रगत बगाए, त्यही व्यवस्थाका नाइकेले उनीहरुको रगतको अपमान गरेका छन् । २०६० सालदेखि थालिएको स्मारक निर्माण अहिलेसम्म एक करोड रुपैयाँ बढी खर्च भइसक्दा कार्यप्रगति २५ प्रतिशत नाग्न सकेको छैन । ६० सालमै सहिदहरुको अर्धकदको शालिक ठड्याइए पनि झन्डै एक दशक अनावरण नै हुन सकेन ।

४२ रोपनी क्षेत्रफलमा फैलिएको पार्कलाई आकर्षक बनाउन ८ करोड ६७ लाख रुपैयाँको बृहत गुरुयोजना तयार पारेको छ । गुरुयोजना तयार भएपनि कार्यान्वयन हुनेमा विश्वस्त छैनन् समितिका अध्यक्ष एकबहादुर गुरुङ । यही क्षेत्रका रामचन्द्र पौडेल र गोविन्दराज जोशी राजनीतिक शक्तिका हिसाबले बलिया नेता नै हुन्, तर यहीँ ठाउँमा भने एउटा सहिद स्मारक निर्माणको काम अलपत्र छ ।

राज्यसत्ता र पार्टीले पुलिमराङलाई अनदेखा गरेको बताउँछन् स्थानीय टेकबहादुर गुरुङ । 'सबै नेता हानालुछमा व्यस्त छन् । गाउँ उनीहरुलाई याद भएन । उनीहरू (रामचन्द्र पौडेल र गोविन्दराज जोशी)ले चाहेको भए यो गाउँमा नहुने कुरा के थियो र ?' उनको प्रश्न छ । सहिदको सम्झनामा माघ १६ मा सहिद दिवस मनाइन्छ । तर पुलिमराङमा भने सहिद दिवसमै पनि कुनै नेता झुल्किदैनन् । गाउँले जुटेर माल्यार्पण गर्छन्, औपचारिक कार्यक्रम हुँदैन । स्थानीय भविश्वर गुरुङ भन्छन्, 'ब्रिटिस आर्मीको जागिर छोडेर साथीहरुसँगै आन्दोलनमा होमिएँ । पार्टीको पछि लागेर राइफल बोक्यौं, जेलनेल भोग्यौं । योगदानको कदर छैन ।' सहिदको गाउँ भएर पनि ओझेलमा परेकोमा दुखेसो छ समितिका सदस्य समेत रहेका सहिद धर्म आधारभूत विद्यालयका प्रधानाध्यापक खड्कबहादुर गुरुङको । उनीहरु एक स्वरमा प्रश्न गर्छन्, 'पुलिमराङका सहिदले न्याय कहिले पाउँछन् ?'

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले समग्र प्रदेश र गाउँपालिकाको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना !

खेमराज देवकोटा — प्रमुख प्रशासकीय अधिकृत
चन्द्रकला अधिकारी — उपाध्यक्ष
विष्णुबहादुर के.सी. — अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, कास्की, नेपाल

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले समग्र प्रदेश र गाउँपालिकाको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै लोकप्रिय पत्रिका बन्न सकोस्, हार्दिक शुभकामना !

युवराज अधिकारी — प्रमुख प्रशासकीय अधिकृत
सीता थापा — उपाध्यक्ष
विश्वनाथ पौडेल — अध्यक्ष

आँधिखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

# नेपालीले माया मार्‍यो बरिलै...



सज्जीव पौडेल

**पोखरालाई केन्द्र बनाएर गण्डकी क्षेत्र हुँदै सिङ्गो देशकै विराट् व्यक्तित्वका रुपमा धर्मराज थापालाई सम्झनु, उनका कृतिको पारख गर्नु, गम्भीर अध्ययन गर्नु आवश्यक छ ।**

'हरियो डाँडामाथि हलो जोत्ने साथी, हो हो माले हो हो ...... हो हो तारे हो हो ...' नेपालमा डाँडामा हलो जोतेर सिर्जना नफुलाउने हो भने करोडौँ पेट भोकै हुन्छन् । धर्मराज थापाले यही कुरालाई टपक्कै टिपे र गाए हलो जोत्ने साथीको गीत । साँच्चै उनी लोकगीत खोज्दै नदीको किनारदेखि डाँडाको शिखरसम्म पुगे । देशका कुना कन्दराबाट लोक धुन संकलन गरे, त्यसमा आफ्नो स्वर मिसाए र जीवन्त तुल्याएर रेकर्ड गरे । गीत संकलन गर्ने र रेकर्ड गर्ने काममा मात्रै उनी सीमित थिएनन्, उनी ती गीत सुनाउँदै देशभित्र मात्रै होइन देशबाहिर पनि पुगे । जहाँजहाँ नेपालीको बसोबास छ, जहाँ जहाँ नेपाली भाषी छन्, त्यहाँ त्यहाँ शालीन व्यक्तित्वका धर्मराज पुग्थे र गीत सुनाउँथे । कतिपय सन्दर्भमा त उनी विदेशमा रहेका नेपालीको सामीप्यमा पुगेर उनीहरूको जीवनशैली बुझेर उहीँ गीत लेख्थे र गाएर सुनाउँथे पनि । यस्तो लाग्छ, थापाको मुटुमा देशको माटोको सुगन्ध र रगतमा लोकगीत थियो । मुटुको प्रत्येक स्पन्दनमा लोकबाजाको धून गुन्जिन्थ्यो ।

गण्डकी क्षेत्रका सुसेलीलाई पूर्व र



पश्चिममा पुर्‍याउने कामको श्रेय धर्मराजलाई निःसन्देह जान्छ । त्यति मात्रै होइन पूर्वको भाका पश्चिममा र पश्चिमको भाका पूर्वमा पुर्‍याउने कार्यमा धर्मराजको योगदान अतुलनीय छ । यही अपूर्व कार्य गरेर नै धर्मराज थापाले लोकसंस्कृतिका माध्यमबाट सिंगै देशलाई एकताको सूत्रमा बाँध्न सके । उनका गीत सबै नेपालीका मनमा आज पनि गुन्जिइरहन्छन् ।

नेपालका तत्कालीन ७५ वटै जिल्लाको भ्रमण गरेका धर्मराज नेपालको करिबकरिब केन्द्रीय भागमा रहेको पोखरामा जन्मेका विराट् सांस्कृतिक प्रतिभा हुन् । नेपालका विविध जाति र तिनका मौलिक संस्कृतिको स्वाद बुझ्ने र बुझाउने कार्यमा धर्मराज थापाको योगदान छ । लोकसंस्कृतिलाई अन्तर्घुलन गराउँदै त्यसको मिठास निर्माण गर्ने कार्यमा धर्मराज नलागेको भए सारङ्गी चिन्ने, मादलमा रम्ने एवम् लोकलयको स्वादमा जीवनका रङ खोज्ने अवसर सारा नेपालीले अलि ढिला गरी प्राप्त गर्ने थिए ।

यातायातको सहजता नभएको त्यो समयमा पनि थापाले कसरी देशभित्रका सबै जिल्ला र अनेकन गाउँहरूको भ्रमण गर्न सके होलान् ? उक्त विषम परिस्थितिमा त्यस प्रकारको साहस जुटाउन मनमा संस्कृतिप्रेमको भूत सवार हुनैपर्छ । धर्मराज थापाको स्तरको खोज गर्ने हो भने नेपाली लोकसंस्कृतिले निकै माथिल्लो स्तर कायम गर्न सक्नेमा कुनै शंका छैन । नेपालभन्दा बाहिर रहेका नेपालीभाषीहरू लाई 'नेपालीले माया मार्‍यो बरिलै...' भनेर देशको माया नमार्न आग्रह गर्दै पुगे धर्मराज । नेपालीले नेपालको माया मारेमा देश टुहुरो बन्दै जाने गुनासो गर्दै उनी दार्जिलिङ, आसाम, सिक्किमसम्म पुगे । आफू जन्मेको माटो र आफ्नो परम्परागत भेषलाई बिर्सँदै गएको यथार्थले त्यस्ता व्यक्तिको मात्रै मन बेचैन हुन्छ जसको छातीमा देशको प्रतिबिम्ब अमिट हुन्छ ।

देश भनेको भूगोल मात्र होइन, सिमाना मात्र पनि होइन । नेपालको एकीकरण तीनपटक भएको मान्न सकिन्छ, पृथ्वीनारायण शाहको नेतृत्वमा भएको राजनीतिक/भौगोलिक एकीकरण, भानुभक्तको अगुवाइमा भएको भाषिक एकीकरण र धर्मराज थापाको नेतृत्वमा भएको सांस्कृतिक एकीकरण ।

लामो समय साधना गरेका स्रष्टा, कलाकारलाई व्यवस्था परिवर्तन हुनासाथ देशद्रोही वा अपराधीजस्तै व्यवहार गरिनु कदापि उचित होइन । धर्मराज र अन्य थुप्रै धर्मराजहरू यही कुसंस्कारको सिकार भएका छन् । तत्कालीन राजा महेन्द्रले 'जनकवि केशरी' उपाधि दिए भन्दैमा लोकसंस्कृति जगेर्ना र त्यसको प्रचारका क्षेत्रमा उनले पुर्‍याएको योगदानलाई चटक्कै बिर्सनु गैरजिम्मेवार हुनुसिवाय केही होइन ।

करिब दुई दर्जन पुस्तक प्रकाशन र कैयौँ गीत गायन गरेका यी स्रष्टाले थुप्रै पुरस्कार तथा सम्मान पनि प्राप्त गरेका थिए । जीवनको करिब ९३ वसन्त पार गरेर अस्ताएका धर्मराजले नेपाली लोकगीत, लोकसंस्कृति र लोकबाजालाई नेपालीका मनमनमा बास बस्ने गरी सिर्जनात्मक कोसेली पस्किरहे । नेपालीभाषी विदेशीहरू र प्रवासी नेपालीहरूलाई लोकगीतका मिठा बान्की र लोकबाजा एवम् लोकसङ्गीतको मधुर ध्वनिले निरन्तर मन्त्रमुग्ध गर्ने कार्यमा धर्मराज थापा निरन्तर लागिरहे ।

पोखरालाई केन्द्र बनाएर गण्डकी क्षेत्र हुँदै सिंगो देशकै विराट् व्यक्तित्व धर्मराज थापाको सम्मानमा सांस्कृतिक संग्रहालय निर्माण गर्नु र लोकसंस्कृति, लोकगीतका क्षेत्रमा सकारात्मक तरंग पैदा गर्ने, सांस्कृतिक एकता कायम गर्ने स्तरका कार्यक्रम गर्नु राज्यको दायित्व हो । उनीमाथि हामीले गर्नुपर्ने दायित्वबाट हामी बिमुख हुँदै गयौँ भने भोलि उनीलाई सम्झँदै उनकै गीत गाएर बस्नुपर्ने अवस्थामा हामी पुग्ने छौँ - 'नेपालीले माया मार्‍यो बरिलै ...।'

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको
२१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



## हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

प्रिन्सिपल तथा
विद्यालय परिवार
**रेन्बो एकेडेमी होम्स सेकेन्डरी स्कुल**
पोखरा–१५, कोलपाटन, रामबजार
फोन नं. ०६१–४३२३६३, ४३२३६४

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

World Vision Mobile Hub
Since 2000
**World Vision Mobile Hub**
Open House Complex
Chipledhunga, Pokhara, Nepal | Tel : 061-585998, Mob. 9802803957
World Vision Mobile Hub   World Vision_since 200

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेद र विवाह जस्ता व्यक्तिगत घटनाहरु दर्ता गराई आफ्नो कर्तव्य निर्वाह गरौं ।
- गाउँपालिकालाई बुझाउने कर समयमै बुझाई जिम्मेवार नागरिक बनौं
- यस गाउँपालिकालाई व्यवस्थित शहर बनाउन नक्शा पास गरेर भुकम्प प्रतिरोधात्मक घरहरु निर्माण गरौं ।

| हरि प्रसाद पराजुली | धनसुबा वि.क. | ईश्वरीप्रसाद भुसाल |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**महाशिला गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय, पर्वत**

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेद र विवाह जस्ता व्यक्तिगत घटनाहरु दर्ता गराई आफ्नो कर्तव्य निर्वाह गरौं ।
- गाउँपालिकालाई बुझाउने कर समयमै बुझाई जिम्मेवार नागरिक बनौं
- यस गाउँपालिकालाई व्यवस्थित शहर बनाउन नक्शा पास गरेर भुकम्प प्रतिरोधात्मक घरहरु निर्माण गरौं ।

| विष्णुप्रसाद पौडेल | देउकुमारी गुरूङ | घनश्याम सुवेदी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**फेदीखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा**

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**योगेन्द्र बहादुर केसी**
अध्यक्ष एवं
**पृथ्वीराज मार्ग बस सञ्चालक कम्पनी प्रा.लि.**

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

प्रिन्सिपल तथा
विद्यालय परिवार
**पोखरा पब्लिक स्कुल**
पोखरा–१४, अनुपम मार्ग, स्वागतनगर, चाउथे, फोन नं. ०६१–५०१२२२

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ।
विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

प्रिन्सिपल तथा
विद्यालय परिवार
**हिल प्वाइन्ट सेकेन्डरी स्कुल**
पोखरा–१२, माटेपानी । फोन नं. ०६१–५७६१०५, ५७७९३८


## हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेद र विवाह जस्ता व्यक्तिगत घटनाहरु दर्ता गराई आफ्नो कर्तव्य निर्वाह गरौं ।
- गाउँपालिकालाई बुझाउने कर समयमै बुझाई जिम्मेवार नागरिक बनौं
- यस गाउँपालिकालाई व्यवस्थित शहर बनाउन नक्शा पास गरेर भुकम्प प्रतिरोधात्मक घरहरु निर्माण गरौं ।
- गाउँपालिकामा रहेका प्राकृति स्रोतहरुको अवैधानिक दोहन नगरौं ।

| सुवोध बाबु पौडेल | मीना शर्मा तिवारी | परविन गुरूङ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**विहादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, पर्वत**


सजिलो
सरल र सुपथ मुल्यमा
खाद्यान्न सामाग्री
(Grocery Items)
GOSHALI
Quality Goods. Reasonable Price.
GOSHALI
Departmental Stores
•groceries •cosmetics •watches •mobiles •electronics •home appliences •kitchen wares •readymade garments
GOSHALI HOUSE I New Road, Pokhara, Tel: 570088


AEROS
Pokhara Ultralight
9N-AKI
FEEL LIKE A
BIRD
www.flypokhara.com
गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको
लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको
२१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं।
Pokhara Ultralight
Pokhara Ultralight Pvt. Ltd.
Office: +977 061 456880/881/882 I Airport Hangar: +977 61 464062
Airport Counter: +977 9856034088 I Email: flypokhara@gmail.com
facebook.com/pokharaultralight


TOYOTA
HIACE
FORTUNER
PRADO
LAND CRUISER
RAV 4
HILUX
ETIOS LIVA
ETIOS CROSS
NEW ETIOS
COROLLA
UNITED TRADERS SYNDICATE PVT. LTD. (Sole Distributor of Toyota Vehicles in Nepal)
3S SERVICE
Authorised Distributor for Gandaki, Dhaulagiri & Narayani
Autoways Pvt. Ltd.
Naya Bazar, Pokhara, Nepal
Tel: 061 575231, 582469, 543349

# टावर पर्सनालिटी



सुरेश रानाभाट



'त्यो पारी मानुङको डाँडाले छेक्यो मायालाई.......' यो गीत मैले विसं २०३८ सालतिर काका भीम रानाभाटसँग गाई चराउन जाँदा बर्च्याङमा सुनेको थिएँ । हाम्रो गाउँको नाम थान्सिङ, थान्सिङ उता बर्च्याङ र त्योभन्दा उता मानुङ गाउँ । दमौली बजारमा लाग्ने डम्म कुहिरो हेर्ने भ्यु प्वाइन्ट पनि हो मानुङ ।

हो, त्यही भ्यु प्वइन्टको रूपमा चर्चित मानुङ गाउँमा विसं १९७० साउन २८ गते बुबा नरनाथ र माता तारादेवी खनालका सुपुत्रका रूपमा यदुनाथ खनालको जन्म भएको थियो । पाँच वर्षको उमेरमा आफ्ना पिता नरनाथबाट उनले घरमै अंकअक्षर चिन्ने अवसर पाए । विसं १९८२ सालमा १२ वर्षको उमेरमा ७ दिन हिँडेर ज्ञानको खोजीमा काठमाडौं आए । संस्कृत छात्रावासबाट उनको औपचारिक पढाइ सुरु भयो ।

नेपालमा विसं १९९० देखि एसएलसी परीक्षा स्वदेशमै रहेर दिन पाउने व्यवस्था भयो । १९९२ को एसएलसी परीक्षामा दरबार हाइस्कुलबाट 'बोर्ड फस्ट' हुँदा यदुनाथ खनालले आफूलाई मात्रै होइन जन्मथलो तनहुँ मानुङलाई पनि चिनाए । काठमाडौंवासीले तनहुँको पानीमा के छ भनेर सोधे रे उनलाई । राणाकालीन सरकारले उनलाई मासिक १५ रुपैयाँ छात्रवृत्ति दिएपछि त्रिचन्द्र कलेजमा आइएस्सी पढे ।

विसं १९९३ मा त्रिचन्द्र कलेजमा सम्पन्न कलेजस्तरीय निबन्ध प्रतियोगितामा उनी प्रथम भएपछि उनमा लेखकीय क्षमता र भविष्यमा मुलुकलाई चाहिने मान्छे हुन्छ भनेर निर्णायक रहेका लक्ष्मीप्रसाद देवकोटाले तारिफ नै गरेका थिए । विसं १९८८ मा 'रानी पोखरी' शीर्षकको निबन्ध लेखनमा पनि प्रथम भएका खनाल विसं १९९७ को शारदा मासिक साहित्यिक पत्रिकाबाट उनको कलम क्रियाशील भएको देखिन्छ । विसं १९९९ सालमा कलकत्ता विश्वविद्यालयबाट अंग्रेजी साहित्यमा एमए गरेका खनाल त्रिचन्द्र कलेजमा १३ वर्ष अंग्रेजी साहित्य पढाउँदा लोकप्रिय भइसकेका थिए ।

> खनाल नेपालको पुनर्जागरण कालका भाषा, साहित्य, समालोचना, शिक्षा, कूटनीति प्रशासन र परराष्ट्र मामिलाका टावर पर्सनालिटी नै हुन् ।

यदुनाथ खनालले आफ्ना गुरु बोधविक्रम अधिकारीको अबिचुअरी 'अस्ताएका तारा' विसं २००८ साल फागुन १४ गतेको गोरखापत्रमा लेखेका छन् । नेपालमा अबिचुअरीको लेखनको जग उनैले बसालेका हुन् । संस्कृत, नेपाली र अङ्ग्रेजी भाषामा उनको दह्रो पकड थियो । पूर्वीय र पाश्चात्य साहित्यको गहिरो ज्ञान लिएका थिए । लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भूपी शेरचनका बारेमा अंग्रेजीमा लेखेर अन्तर्राष्ट्रिय जगतमा चिनाएका थिए । समालोचना सिद्धान्त २००३, साहित्य चर्चा २०३२, सूक्ति सञ्चय )संस्कृत पद्यकृति) रिफ्लेक्सन अन नेपाल इन्डिया रिलेसन्स, स्ट्रे थट्स, नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिजम, एसेज अफ नेपाल अफेयर्स, नेपाल आफ्टर डेमोक्रेटिक रेस्टोरेसन र नेपाल्स नन् आइसोलेसनिस्ट फरेन पोलिसी आदि उनका प्रकाशित कृति हुन ।

बनारस विश्वविद्यालयबाट संस्कृत, कलकत्ता विश्वविद्यालयबाट विएस्सी र अंग्रेजी साहित्यमा स्नातकोत्तर गरेका खनालको दिल भने डाक्टरी शिक्षामा थियो । प्राध्यापन र निजामतीले उनलाई खोज्यो । खनालले लन्डन विश्वविद्यालयबाट बेलायती शैक्षिक चिन्तन र व्यवहारमा डिप्लोमा गरेका थिए । ओरेगन विश्वविद्यालयबाट शैक्षिक प्रशासनको कोर्स गरेका थिए । हार्वर्ड युनिभर्सिटीको फेलो हुँदै त्रिभुवन विश्वविद्यालयबाट मानार्थ महाविद्यावारिधि प्राप्त गरेका थिए । समग्रमा उनको चाहना शिक्षा क्षेत्रमा थियो । त्रिविको पहिलो भिसी हुने मौकाबाट उनलाई वञ्चित गरिएकोमा सन्तुष्ट थिएनन् ।

विसं २०१२ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले आफ्नो प्रमुख सचिव र गृहसचिव बनाएर सिंहदरबार लगे पनि उनी कर्मचारीको दर्जाभन्दा माथिल्लो श्रेणीमा स्वतन्त्र विद्वानका रूपमा परिचित थिए । खनालको कूटनीतिक क्षमताको अग्निपरीक्षा राजा महेन्द्र, वीरेन्द्र, प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालासम्मले लिन भ्याए । दुईपटक परराष्ट्र सचिव, गृह, सूचना र यातायात मन्त्रालयको सचिव, राष्ट्रिय योजना आयोगको सदस्य, लोकसेवा आयोगको अध्यक्ष, चीन, भारत र अमेरिकाको राजदूत हुने उनी एकमात्र व्यक्ति हुन् ।

नेपालका दुई सँधियारी मुलुक चीन र भारत साथै अमेरिकाका लागि राजदूत भएका खनालको कूटनीतिक पाटो पनि सबल र सफल देखिन्छ । लोकसेवा आयोगको अध्यक्ष भएर उनले खनेको बाटो आज राजमार्ग भएको छ । परराष्ट्र मामिलामा दखखल राख्ने खनालले संयुक्त राष्ट्रसंघसम्म आफ्नो पहिचान र पदचाप छोडेका छन् ।

संयुक्त राष्ट्र संघको १५ औं सम्मलेनमा भाग लिएर अमेरिकाबाट नेपाल फर्किएका खनाललाई २०१७ सालमा राजा महेन्द्रले परराष्ट्र सचिव बनाए । उनलाई संयुक्त राष्ट्र संघको महासचिव बन्ने प्रस्ताव आउँदा मानेनन् । राष्ट्र संघमा साना सदस्य राष्ट्र भए पनि भूमिका सकारात्मक र महत्वपूर्ण हुन्छ भन्ने आवाज उनकै हो । नेपालले छिमेकी मुलुक चीन, भारत र अमेरिकासँग कस्तो सम्बन्ध राख्ने भन्ने सवालमा उनले तयार गरेका अध्ययन प्रतिवेदन आज पनि कामयावी छन् ।


आफ्नो कूटनीतिक ज्ञानका कारण पनि यदुनाथ खनाल कहिल्यै विवादमा परेनन् । खनालको कूटनीतिक व्यवस्थापकीय क्षमताका कारण नै चीन, भारत र अमेरिकासँगको सम्बन्धमा नेपाल सन्तुलित रहन सकेको ठहर गरिन्छ । यदुनाथ खनाललाई कदर स्वरुप गोरखा दक्षिण बाहु २०१९, त्रिशक्तिपट्ट प्रथम २०२१, डाक्टर अफ ल १९७४ अमेरिका, सरदार उपाधि २०३३, आदिकवि भानुभक्त आचार्य पुरस्कार २०५४ त्रिभुवन विश्वविद्यालयबाट सम्मानार्थ स्नातकोत्तर महाविद्यावारिधि २०५४ बाट उनी सम्मानित भएका थिए ।

२०६१ असोज १५ गते खनालले यो संसार त्याग गरे । १६ गते विहान जिन्दगीको अन्तिम स्टेसन पशुपति आर्यघाटमा उनको शव जलिरहँदा पुगनपुग दुई दर्जन व्यक्तिहरू मात्र भेला भएका थिए । विश्वका ठूलाठुला नेताहरू खनालबाट प्रभावित थिए, उनी स्वयम् विश्व प्रशंसित व्यक्तित्व थिए ।

विसं २०२५ साल माघ १६ गते बन्दीपुरको भीषण आन्दोलनमा निर्मल रानाभाटले घटनास्थलमै सहादत प्राप्त गरेपछि सदरमुकाम दमौली सारियो । सदरमुकामको शिल्यान्यास गर्ने क्रममा यदुनाथ खनालले मादी र सेती दोभान (जो व्यास गुफा नजिक छ ) बाट सोलीमा ढुङ्गा बोकेर जग हालेका थिए । उनको यो कामले सर्वसाधारण नागरिकलाई जनश्रमदान गर्न प्रेरित गरेको थियो भने सहकार्यको भावना विकसित गराएको थियो । उनकै पहलमा सदरमुकाम दमौली बजारको 'टाउन प्लानिङ भएको मानिन्छ ।

साहित्य समालोचना लेखन र प्राध्यापनबाट उनी प्रशासन, परराष्ट्र मामिला र कूटनीतिक क्षेत्रका टावर पर्सनालिटी बन्न पुगे । ९२ वर्षको जीवन समयमा उनले ५० वर्ष कूटनीतिक क्षेत्रमा योगदान दिएको पाइन्छ । समग्रमा खनाल नेपालको पुनर्जागरण कालका भाषा, साहित्य, समालोचना, शिक्षा, कूटनीति प्रशासन र परराष्ट्र मामिलाका टावर पर्सनालिटी नै हुन् ।

# लोकजीवनका अभियन्ता



डिल्लीराम मिश्र

> नेपाली, हिन्दी र उर्दू भाषाका हिमायती आँसुकवि अलि मियाँले जनतामारा शोषकको पक्षमा चोटिलो प्रहार गरेका छन् ।


नेपाली भाषा साहित्यमा गण्डकीबाट प्रतिनिधित्व गर्ने आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल र राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई त्रिमूर्ति भनेर सम्बोधन गरिन्छ । यस्तै, नेपाली लोकसंस्कृति, लोकगीत, लोकसंगीत र प्रचुर गायनको क्षेत्रमा गण्डकीको माटोले अर्को पाटोमा लोककवि अलि मियाँ, जनकविकेशरी धर्मराज थापा र लोकगायक झलकमान गन्धर्वलाई जन्माएको छ । लोककवि अलि मियाँ यस क्षेत्रका अभियन्ता नै हुन् ।

नेपाली लोकभाकालाई प्राण सम्झने अलि मियाँको ८४ औं शुभजन्मोत्सवको अवसरमा तमाम पोखरेलीले २०५९ फागुनमा भव्यरूपमा रथारोहण शोभायात्रा गरी लोककविको योगदानप्रति सम्मान प्रकट गरेका थिए । आफ्नै जन्म र कर्मथलो पोखरामा जीवन-मृत्यु चक्रको परिज्ञानको विकल्प पनि २०६३ साउन १८ गते अलि मियाँले सदाका लागि संसारबाट बिदा लिए ।

पोखरा कुँडहरमा १९७६ फागुनमा अलि मियाँको जन्म एउटा सामान्य मुसलमान परिवारमा भएको थियो । अलि मियाँ १८ महिनाको शिशु बालक छँदा आमा र ३ वर्षको उमेरमा बाबुबाट टुहुरो भए । काहुँखोला, लाखुपाटा र ढाँड्बेसी जंगलमा घाँसदाउरा र मेलापात गर्दा १०, १२ वर्षको उमेरदेखि अलि मियाँ अरूले गाएको गीत टपक्कै टिप्थे । १९९९ सालमा भारतीय सेनामा भर्ती भएर जापानसँगको युद्धमा बर्मा पुगेका अलि मियाँ तीन वर्षको अन्तरालपछि पहिलो छुट्टि मनाउन स्वदेश फर्केका थिए । तत्काल गीत र कविताको माध्यमद्वारा स्वदेशमा रहेर जहाँनियाँ शासनको विरोध गर्ने मोडमा उभिएका अलि मियाँले गीतिशैलीमा पत्र लेखेर आफू भारतीय सेनामा नफर्कने खबर पठाएका थिए ।

राणाशासनको विरोधमा २००५ सालमा उनले प्रधानमन्त्री श्री ३ मोहन शमशेरको दमनकारी रबैयाप्रति लक्ष्य गर्दै व्यंग्यगीत यसरी गाए- रानी चरी नेपालै वनभरि बोल माया तिम्रै छ मनपरि ।

नेपाली, हिन्दी र उर्दू भाषाका हिमायती आँसुकवि अलि मियाँले



जनतामारा शोषकको पक्षमा चोटिलो प्रहार गरेका छन् । उनका गीत र कवितामा समग्र राष्ट्रको आत्मा बोल्छ । यस क्रममा उनले यसो भनेका थिए- रवि पुग्न नसक्नेमा कवि पुग्छ अरे बढेबढे कविहरू कति भोकै मरे । देशका लागि कति वीरले आफ्नो रगत छरे मौका छोपी सामन्तले आफ्नो भुँडी भरे ।

अलि मियाँले निकै लोकप्रिय स्तरमा गीत, लोकगीत र कविता रचना गरेका छन् । विरक्त वेदनाको प्रभावबाट उनका २००६ सालमा विरक्त लहरी, २००९ सालमा नेपाली मौलिक झ्याउरे गीतसंग्रह, जसलाई महेन्द्र लहरीको नाम दिएका छन् । २०१० सालमा लोकगीत संग्रह न्याउलीको पुकार छ । अलि मियाँले २०१२ सालमा नेपाल भारत सांस्कृतिक केन्द्रको उद्घाटनमा गीत गाएर प्रथम पुरस्कार प्राप्त गरे । २०१३ सालमा पहाडको उद्गारलाई वनारसबाट प्रकाशित गरे । उनका जन्मभूमिप्रतिको पीडा, सेतीको सुस्केरा, उज्यालो भइसक्यो जस्ता कृति र जगदम्बा प्रकाशनबाट २०५१ मा सम्झनाको दियोजस्ता पुस्तक प्रकाशित छन् । अलि मियाँको जीवनीपरक कृति पत्रकार अमृत भादगाउँलेले लेखेका छन् ।

जसरी नङ र मासुबीच जति सम्बन्ध रहन्छ, त्यसरी नै लोकगीत बिना नेपाली समाज पनि पृथक् रहन सक्दैन भन्ने पक्षभाव अलि मियाँको छ ।

जीवनको आरोह अवरोहमा उनले ठाउँ ठाउँमा सुनाएका गीत र कवितालाई लय र संगीतसहित कण्ठस्थ सुनाउन सक्थे अलि मियाँ । अलि मियाँ विशेषगरी २०४७ पछि मात्र राष्ट्रिय चर्चामा देखा परेका हुन् । उनले २०४७-२०६३ बीच आफूलाई सुन्दर रूपमा देश-विदेशमा परिचित गराउने अवसर प्राप्त गरेका थिए । उनले प्राप्त गरेका दर्जन सम्मानमध्ये विगत ६० वर्षभन्दा बढी समयदेखि लोकगीत गायन र काव्यसिर्जनाद्वारा नेपाली लोकसंस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहेबापत मदन पुरस्कार गुठीद्वारा २०६० सालको एक लाख राशिको जगदम्बाश्री पुरस्कार लोकप्रिय कवि अलि मियाँलाई सम्मानस्वरूप प्रदान गरिएको छ । लूनकरणदास गंगादेवी चौधरी साहित्यकला मन्दिरद्वारा नेपाली लोकजीवनलाई अत्यन्त सुझबुझका साथ अधिकतम सफल रूपमा प्रस्तुत गरेबापत लोककवि अलि मियाँलाई ५१ हजार राशिको २०५७ सालको नारायणगोपाल संगीतसम्मान समर्पण गरिएको छ । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले अलि मियाँलाई ५० हजार राशिको २०४७ सालको इन्द्रराज्यलक्ष्मी प्रज्ञा-पुरस्कार प्रदान गरेको थियो । गायिका हरिदेवी कोइराला र लोकगायक प्रेमराजा महतले दुई दशकअघि गाएको अलि मियाँ केन्द्रित चर्चित गीत अझै पनि नेपाली मनमनमा कर्णप्रिय छ- आकाशमा बादल डम्मै छ मनमा के छ भन्नेलाई सम्मै छ ।

नेपाली लोक साहित्यका जीवन्त प्रतिभा अलि मियाँको योगदानको सम्मान हेतु भावी सन्ततिलाई लोकसाहित्यसम्बन्धी बोध गराउने उद्देश्यले उनका सुपुत्र कवि हनिफ मियाँको अध्यक्षतामा २०५९ मा अलि मियाँ लोकवाङ्मय प्रतिष्ठानको स्थापना भएको छ । प्रतिष्ठानले उनको सम्झनामा दुईवटा पुरस्कारको प्रबन्ध गरेको छ । लोकसाहित्यसँग सम्बन्धित कृतिहरू, लोककवि र लोकसाहित्यमा लागेका व्यक्तिहरूको जीवनीसंग्रहको संरक्षण गर्ने उद्देश्यले पोखरामा अलि मियाँ लोकवाङ्मय प्रतिष्ठानको भवन निर्माण गरिएको छ ।

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले समग्र प्रदेश र गाउँपालिकाको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै लोकप्रिय पत्रिका बन्न सकोस्, हार्दिक शुभकामना !

लिलाबल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

खुमबहादुर विक (राजु)
उप प्रमुख

कृष्णराज पण्डित
नगर प्रमुख

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुक्लागण्डकी, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भीमाद नगरपालिकाको सूचना !

- नयाँ नीजि तथा सार्वजनिक पक्की भवनहरु निर्माण गर्नु अगावै अनिवार्यरुपमा नगरपालिकामा गइ नक्सा पास गरौं,
- भवन मापदण्डको अनिवार्य रुपमा पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं,
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको पालना गरौं,
- जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा घटना दर्ता गरौं,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई तोकिएको समयमै नाम दर्ता /नवीकरण अद्यावधिक गरौं,
- कुहिने र नकुहिने फोहोर घरबाटै छुट्याएर सुरक्षित रुपमा विसर्जन गर्ने बानी बसालौं,
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं,
- लागु पदार्थ दुर्व्यसनबाट टाढा बसौं, सभ्य, स्वस्थ र सिर्जनशील नागरिक बनौं,
- आ-आफ्नो घर, टोल, समुदाय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं,
- नियमानुसार आ-आफ्नो अनिवार्य रुपमा व्यवसाय दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं।

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

शारदा खनाल
उप-प्रमुख

दधिराज सुवेदी
नगर प्रमुख

भीमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भीमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल, फोन नं.: ०६५-५७२४३६

# प्रजातान्त्रिक इतिहासका नायक



राजु क्षेत्री

पोखरा शान्त पर्यटकीय सहर । पर्यटकीय केन्द्र भागमा रहेको विश्व शानि स्तूप । दोस्रो विशवयुद्धपछि विश्वमै मुख्यत: जापानमा भएको विनाशले विरक्तिएका भिक्षुहरु शान्तिको कामना गर्दै देश बाहिर निस्किए । तिनीहरु परपरसम्म पुग्दा नेपालमा पनि आए । पोखरा आए । मीनबहादुर गुरुङ कहाँ आए । थुम्कीडाँडामा आए । त्यहाँ विश्व शान्तिको स्तूप बनाउने योजना बनाए । त्यो योजनाका सारथी मीनबहादुर गुरुङ ।

जापानी भिक्षुहरुको संस्था निरपोन्जन म्योहोजीले ३० सालमा सुरू गरेर त्यसको केहीपछि सरकाले भत्काए पनि बहुदलीय व्यवस्था पुन:स्थापनासँगै स्तूप निर्माणको काम अघि बढ्यो । आज पोखराको पहिचानसँग जोडिएको छ त्यही शान्ति स्तूप । जसको छेउमा दशकदेखि शान्त मुद्रामा उभिएको छ एक प्रतिमा । त्यो उहाँकै प्रतिमा हो अर्थात मीनबहादुर गुरुङको ।

९३ वर्षको आफ्नो जीवनयात्रामा नेपाली समाजलाई उहाँले के दिनुभयो ? के दिएर विदा हुनुभयो धर्तीबाट ? अन्तत: छोडी गएकाप्रति हामीले बनाउने धारणामा यी कुराले खास अर्थ राख्छ ।

उहाँको जन्म विसं १९६३ कात्तिक २३ गते पोखराको फेवाताल दक्षिणपश्चिमको गाउँ पल्लो अनदुमा भएको हो । अनदु प्राविका पूर्व प्रअ तथा नेपाली कांग्रेसका स्थानीय नेता देउबहादुर गुरुङका भनाइमा त्यति बेला पल्लो अनदुमा ९ भाइ खलकका केही घर थिए । वल्लो अनदुमा पनि २/४ घर थिए । उहाँको बुवा किसान परिवारको मान्छे हुनुहुन्थ्यो । त्यतिबेला अनदु र त्यस वरपर कुनै विद्यालय थिएनन् ।

व्यवस्थित रुपमा विद्यालय खोलेर पढाउने चलनै बसेको थिएन । बचपनमा आफ्नै बुवा पर्ने अमरसिंह गुरुङसँग अक्षर/अंक लेखपढ गर्न सिक्नुभयो र त्यसउता फेवाताल तरेर बैदाम (आजको लेकसाइडमा) पण्डितकहाँ गएर सामान्य शिक्षा लिनुभयो । २००७ सालको क्रान्ति अघि उहाँ राजनीतिक क्रियाकलापमा संलग्न भएको नदेखिए पनि त्यसपछि जीवन पर्यन्त नेपाली कांग्रेसको प्रजातान्त्रिक अभियानमै रहनुभयो ।

राणाशासन विरुद्धको जनक्रान्तिमा उहाँले सक्रियतापूर्वक भाग लिनुभयो । पोखरा र यस वरपर प्रजातान्त्रिक योजना निर्माण गर्ने उहाँको महत्वपूर्ण भूमिका छ । २००७ सालको राजनीतिक परिवर्तनपछि पनि नेपालमा राजनीतिक स्थिरता बन्न सकिरहेको थिएन । २०१५ सालमा आम निर्वाचनको घोषणा भयो । निर्वाचमा जहानिया राणशाहीको पक्षमा खुकुरी दल, नेपाल कम्युनिष्ट पार्टी, प्रजापरिषदसँगै नेपाली कांग्रेसले भाग लियो । कांग्रेसले दुई तिहाई मत ल्यायो । पहिलो जननिर्वाचित सरकार विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा गठन भयो । त्यो सरकारमा मीनबहादुर गुरुङ उपरक्षामन्त्री बन्नुभयो । पहिलो नवनिर्वाचित सरकारलाई राजा महेन्द्रले षडयन्त्रणपूर्वक अपदस्थ गरे । लगत्तै सरकारका मन्त्रीहरु, नेपाली कांग्रेसका नेताहरु धमाधम पक्राउ परे । त्यही मेसोमा समातिनुभयो मीनबहादुर गुरुङ । डेढ वर्षको जेलजीवनपछि उहाँ रिहा हुनुभयो ।

उहाँका राजनीतिक सहकर्मी तथा नेपाली कांग्रेस कास्कीका नेता खेमराज पौडेलका भनाइका २०१७ सालपछि उहाँलाई फरकफरक राजाद्वारा मन्त्रीको अफर आएको थियो तर उहाँले प्रजातान्त्रिक आन्दोलनलाई छोड्न चाहनुभएन ।

मीनबहादुर गुरुङको राजनीतिक जीवनको अलावा सामाजिक तथा धार्मिक जीवन पनि उत्तिकै संघर्षपूर्ण छ । उहाँ मुख्यौली खलकमा जन्मनु भएको थियो । त्यतिबेलामा समाजमा मुखिया नै गाउँको राजा जस्तै हुन्थ्यो । उनै न्यायकर्ता, उनै उजुरीकर्ता र उनै न्यायहरणकर्ता जस्तो शक्तिशाली पद थियो । त्यो समयमा कतिपयले यो पदको दुरुपयोग गरेर मुखिया शब्द नै बदनामको विषय जस्तो बनाए । कतिपयले सामाजिक कार्यमार्फत मुख्यौलीको रचनात्मक सदुपयोग गरे । भनिन्छ शासन सबै राम्रा हुन्छन् तर शासन असल र खराब त्यसको कार्यान्वयन पक्षमा तौलिन्छ । उहाँले पाएको मुख्यौलीको कार्यभार सम्पादन बारे समाजमा मिश्रित प्रतिक्रिया पाइन्छ ।

मुख्यत: सामाजिक कामको नेतृत्व गर्नु, जनताबाट बाली उठाएर सरकारलाई बुझाउने, माटो मुरी नाप्ने मुख्य काम हुन्थे । तर कतिपय ठाउँमा मुख्यौलीको फाइदा उठाउँदै बेठ बेठारी प्रथा पनि चलाएको पाइन्छ र अनदु र यस वरपर पछिसम्मै यो चलन रहेको स्थानीय बताउँछन् ।

त्यसो त मुख्यौली उहाँको परिवारको धेरै पुरानो परम्परा थिएन । अनदु पश्चिम बेतैनीका धनबहादुर गुरुङले हस्तान्तरण गरेपछि मीनबहादुर गरुङका बुवा गोपीबहादुरले मुख्यौली सम्हालेका थिए । मीनबहादुर मुखिया हुने बेलामा १ रोपनी जग्गा कमाए वापत ९ माना अन्न सरकारलाई बुझाउनु पर्थ्यो ।

कम उत्पादन हुने, सिँचाइ नलाग्ने, बाली कीराले खाने, उत्पादनले मान्छेको जीविका नचल्ने हुँदा दिन प्रतिदिन मान्छे गरिबबाट झन् गरिब बन्दै गइरहेका थिए । त्यतिबेला मीनबहादुरले माल अड्डाका हाकिमलाई भेटेर १ रोपनी बराबर ६ मानामात्र अन्न दिए हुने व्यवस्था कायम गरेका थिए ।

रिसाहा स्वभावका भए पनि छिटै सम्हालिन सक्ने क्षमता थियो उहाँमा । गाउँलेको सुखदुखमा मर्दापर्दा सहयोग गर्ने भावनाका हुनुहन्थ्यो उहाँ । पोखरा महानगरपालिका २२ मा रहेको अनदु गाउँ र नेपालको प्रमुख पर्यटकीय क्षेत्रबिचको फासला जम्मा ५/६ सय मिटरको छ । बिचमा फेवाताल छ । फेवाताल पूर्वका मान्छेका लागि पानी वरदान बनेको छ । यही फेवाताल भएका कारण बैदाम पर्यटकीय सहर बनेको छ । देशका सभ्य, दुनियाँका हुनेखाने मान्छे घुम्न आउँछन्, बास बस्छन् तर ५०० मिटर पश्चिमको अनदु गाउँ सभ्यता विकास, समृद्धि र ज्ञानका



हिसाबले अनुमान गर्न नसकिने गरी पर धकेलिएको छ । पानी कसैका लागि वरदान र कसैका लागि अभिषाप हुँदोरहेछ भन्ने ज्वलन्त उदाहरण यहाँ देख्न पाइन्छ ।

करिब ५० घरधुरी रहेका अनदुमा गुरुङ जातिको बसोबास छ । यहाँ परापूर्व कालदेखि मानिस खेतीपाती (माछा मार्ने र रक्सी पार्ने व्यवसाय गर्दै गुजारा चलाइरहेका छन् । जब भारतमा गएर नेपाली बहादुर भर्ती हुने चलन चल्यो, त्यसपछि मात्र अनदुमा पैसा भित्रन थालेको हो । अनदुको इतिहासमा ४० जना जति विभिन्नमा सेना प्रहरीमा भर्ती भएका छन् । यो गाउँबाट इन्जिनियरिङ गर्ने पहिलो व्यक्ति मीनबहादुरका छोरा कृष्णबहादुर गुरुङ हुन् ।

> **राणाशासन विरुद्धको जनक्रान्तिमा सक्रियतापूर्वक भाग लिनुभयो। पोखरा र यस वरपर प्रजातान्त्रिक योजना निर्माण गर्ने मीनबहादुर गुरुङको महत्वपूर्ण भूमिका छ।**

प्रजातान्त्रिक आन्दोलनले जन्माएको राजनीतिक चेतनाको रापतापकै बीचमा २००७ सालमा अनदुको मानेखर्कमा प्रावि स्कुल निर्माण भयो । सुरुमा त्यो स्याउलाले बारेर बनाइएको थियो । त्यसको निर्माणमा मीनबहादुर गुरुङको महत्वपूर्ण भूमिका थियो । तर सम्पूर्ण व्यवस्थापकीय काम भने उहाँका भाइ मनबहादुर गुरुङले गर्नुभएको थियो । त्यहाँ स्कुल स्थापना भएपछि अनदु वरपरका बच्चाहरु त्यहाँ पढ्न आउँथे । स्कुल सञ्चालनका लागि त्यो बेला माल कार्यालय गोश्वाराले मासिक २५० रुपैयाँ दिन्थ्यो । र यो रकम बढाएर २००९ सालमा ७०० र २०१२ मा ९०० पुऱ्याउन मीनबहादुरको देन थियो ।

मीनबहादुरकै अग्रसरतामा २०१७ सालमा अनदुमा बिजुली आएको थियो । फेवाताल तारेर ल्याइएको बिजुली पहिला मीनबहादुर गुरुङको घर वरपर बाँडिएको थियो र पछि २०३२ मा पुरै गाउँमा लाइन बाँडिएको थियो ।

स्थानीयहरुको भनाइमा मीनबहादुर नभएको भए सरकारले उहिल्यै यो गाउँ उखेलेर रानीवन बनाइसक्थ्यो । २०२९ सालमा वन विभागका मान्छे आएर किल्ला गाड्न खोजे पनि मीनबहादुर गुरुङको सचेत पहलमा यो गाउँलाई रानीवन बनाउनबाट रोकेको थियो । त्यही कारण आज पनि धेरै मान्छेहरु अनदु गाउँलाई मीनबहादुरको प्रतिष्ठासँग जोडेर हेर्छन् । त्यसैले मीनबहादुरको इतिहास खोतल्दा अनदु गाउँ भेटिन्छ अनि अनदु गाउँको इतिहास लेख्दा मीनबहादुरको नाम शीर्ष स्थानमा आउँछ । मीनबहादुर एक राजनीतिक योद्धाका साथै सफल पर्यटन व्यवसायी र लेखक पनि हुनुहुन्थ्यो । उहाँको बारेमा चर्चा गर्दा उहाँको व्यावसायिक र लेखकीय पाटोबारे कमै चर्चा सुन्ने गरिन्छ ।

फेवाताल किनारका माछा सेक्सनको दक्षिणपट्टि रहेको पुरानो होटल फेवा युएनडिपीको सहयोगमा २०२५/२६ सालतिर उहाँले बनाउन लगाउनुभएको थियो । त्यतिबेला त्यो एक स्थापित होटल थियो । पछि यो होटल छोरा कृष्णबहादुर र अहिले नाति अशोक गुरुङले सञ्चालन गरिरहनुभएको छ । नाति अशोक गुरुङ भन्नुहुन्छ– यो होटलमा ३०/३५ सालतिर आएर बास बसेका हजुरबुवाका कतिपय साथी आजसम्म पनि सम्झेर आउनु हुन्छ । एक हिसावले होटल फेवालाई कांग्रेसी नेता पाल्ने साझा होटल पनि भनेर आत्मियतापूर्वक कांग्रेसीजनले सम्झना गर्छन् ।

त्यसबाहेक उहाँले पोखराको स्याउली बजारमा होटेल आरके चलाउनुभएको थियो । भनिन्छ उहाँ जग्गा जमिनको मालिक हुनुहुन्थ्यो । प्रशस्त जमिन थियो । बैदामतिरको जमिन करिबकरिब होमबहादुर लामिछाने र भट्टराईहरूको फेवातालतिरको जमिन आधाआधा मीनबहादुर गुरुङको थियो । बाँध बाधेपछि अहिले धेरै जमिन फेवातालभित्र परेको छ । मान्छेहरू भन्छन्– फेवातालले मीनबहादुर माथि ठूलो अन्याय गरेको छ ।

राजनीतिक नेता तथा सामाजिक अगुवाको अलवा उहाँको अर्को परिचय हो धार्मिक व्यक्तित्व । पोखराको पश्चिम फेवातालमाथि थुम्कीमा अवस्थित विश्व शान्ति स्तूप निर्माण हुनुमा उहाँको सबै भन्दा महत्वपूर्ण भूमिका छ । जापानबाट आउनुभएका धर्म गुरु निशिदात्सु फुजीलाई थुक्की डाँडो देखाउनु त्यहाँको बस्ती स्थानातरण गरी त्यहाँको जग्गाको व्यवस्थापन गर्नु, २०३१ सालमा तत्कालीन सरकारले भत्काएपछि पुन निर्माण गर्न गराउनमा उहाँको ठूलो देन छ । शान्ति स्तूप बनाएबापत र भत्काएको विरोध गरेका कारण उहाँ १८ महिना जेल बस्न बाध्य हुनुभयो ।

विश्व शान्ति स्तूपको निर्माणमा उहाँको देनको कदर गर्दै स्तूप परिसरमा उहाँको अर्धकदको सालिक राखिएको छ । शान्ति स्तूप निर्माणको क्रममा उहाँले भोगेको कष्ट र बुद्धधर्मप्रतिको समर्पण भावका कारण विभिन्न बौद्ध धार्मिक संस्थाले उहाँलाई सम्मान गरेका छन् ।

स्थानीय समाजसेवी देवबहादुर गुरुङका भनाइमा उहाँको अनदुको घर धार्मिक र राजनीतिक मानिसका लागि एक तीर्थजस्तै थियो । बौद्ध धार्मिक गुरुहरू आइरहनु हुन्थ्यो । पुराना कांग्रेसी नेता खेमराज पौडेलका अनुसार मीनबहादुरका घर नआएका नेता कमै थिए । नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, गिरिजाप्रसाददेखि कैंयौ नेता/कार्यकर्ता आएर गास बास लिएका छन् ।


२०३६ सालको निर्दल बहुदलबिचको जनमत संग्रह एक हिसाबले राजा वीरेन्द्र र बिपी कोइरालाबिचको टकरावको परीक्षा जस्तो भएको थियो । प्रजातन्त्रको पक्षमा नेपाली कांग्रेसका नेता/कार्यकर्ताहरू बहुदलको पक्षमा प्रचार गर्दै गाउँ/गाउँ पुगे । निर्दलका विरुद्ध राजनीतिक जागरण चलाए । प्रचारको क्रममा सँगै रहेका देउबहादुर गुरुङ जो त्यतिबेला शिक्षक थिए उनी पनि मीनबहादुर र प्रेमनारायणको साथ लागेर पूर्वी कास्कीको गहते जाँदा स्थानीय गुण्डाको समूहले नांगै पारेर लखेटेका थिए । त्यो बेला प्रेमनारायणका छ वटा दाँत झरेका थिए । उनी ससुराली घरमा बाख्राको खोरमा बसेर ज्यान जोगाएका थिए भने मीनबहादुर गुरुङलाई नांगै पारेर लखेटेका थिए ।

कास्कीको राजनीतिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेबापत मीनबहादुर गुरुङलाई नेपाली कांग्रेसले २०४४ सालमा कांग्रेसको केन्द्रीय समितिमा मनोनित गरेको थियो । राजनीतिक इतिहाससँगै उहाँको सामाजिक, धार्मिक र लेखकीय पाटो पनि सम्झनालायक छ । उहाँले आफ्नो जीवन कालमा तीन वटा पुस्तक प्रकाशित गर्नुभएको थियो तीन पुस्तक अप्रकाशित छन् । नेपालको मुटु, संघर्ष टुंगिएको छैन र नेपाली कांग्रेस र समाजवाद उहाँका महत्वपूर्ण पुस्तक हुन् ।

गुण र दोषका आधारमा मानिसलाई अलग गरेर हेर्ने दृष्टिकोण मलाई राम्रो लाग्दैन । इतिहासमा महत्वपूर्ण काम गरेर गएकाहरुको मूल्यांकन नकरात्मक कोणबाट गरियो भने समाजको अधोगतिको यात्रा सुरू हुन्छ । धेरैले भने जस्तो उहाँ एक महान् मान्छे पनि होइन र केहीले भने जस्तो उहाँ सामान्य मान्छे पनि होइन । सामान्य र महानताकाबिच मीनबहादुर गुरुङले बनाउनुभएको आफ्नो परिचय नै खासमा मीनबहादुरको परिचय हो ।

नेपालको राजनीतिक क्रान्ति र विश्व शान्ति स्तूप निर्माणका क्रममा उहाँले गरेको त्याग र पाएको कष्ट हाम्रो समयका युवाका लागि उर्जा बन्यो भने मीनबहादुर गुरुङलाई सम्झनुको सत्यकर्ता हुनेछ ।

Mt.Kailash
RESORT
POKHARA · NEPAL










Mount Kailash Resort was awarded BID World Quality Commitment Award in Paris 2016 and Europe Business Assembly (EBA) award.

With 51 beautiful rooms meeting with all the modern amenities, two dining spaces, with terrace dining experience, a beautiful garden and spa, we further provide extensive conference and banquet spaces to provide an ideal venue for larger events and meetings.

Central Lakeside, Pokhara-6, Nepal
mountkailashresort.com
For reservations please call +977-61-465703, 466548

**सम्पूर्ण कृषक समूह कृषि सहकारी संस्था कृषि व्यवसायी तथा कृषि प्रेमीहरुमा कृषि विकास निर्देशनालय पोखराको अनुरोध !**

- बीऊ उत्पादन प्रोत्साहन कार्यक्रमबाट लाभ लिंदै गुणस्तरीय बीऊ र बेर्ना उत्पादन र प्रयोगमा टेवा पुऱ्याऔं ।
- बीऊ विजनको गुणस्तर कायम गर्न प्रमाणीकरण र यथार्थ संकेतपत्र प्रणाली र गुणस्तरीय बेर्नाको लागि तन्तु प्रजनन प्रणालीको अबलम्बन गरौं ।
- स्वस्थ्य माटो, स्वस्थ बिरुवा र स्वस्थ कृषि उपजको लागि माटो जाँच शिविर, प्लान्ट क्लिनिक तथा बिषादी अवशेष परिक्षण कार्यक्रममा सहभागी बनौं ।
- बाली विशेष कार्यक्रम (आलुखेती/मकै/भट्टमास/चैतेधान/मौरी/च्याउ/रेशम) लाई कृषि व्यवसायिककरणसँग जाडौं ।
- कृषि भूमिको चक्लाबन्दी गरी नवीनतम प्रविधिसहित यान्त्रिकीकरण गरौं ।
- कृषि उपजको संकलन, प्रशोधन, लेबलिङ्ग तथा प्याकेजिङ्ग मार्फत मूल्य अभिवृद्धि गरी बजारीकरण गर्दै कृषिलाई व्यवसायीकरण गरौं ।
- कृषि तालिम लिई ज्ञानमा आधारित कृषि व्यवसाय संचालन गरौं ।
- नवीनतम कृषि प्रविधिका लागि रेडियो, पत्रपत्रिका तथा सामाजिक संजालको उपयोग गरौं ।
- कृषि व्यवसाय प्रबर्दनका लागि बीमाशुल्कमा अनुदान तथा कृषि ऋणको ब्याजमा अनुदान कार्यक्रमबाट उच्चतम लाभ लिऔं ।
- जोखिम न्यूनीकरणका लागि संरक्षित कृषि र कृषि बिमामा जोड दिऔं ।
- आकस्मिक सेवा टेवा तथा व्यवसाय पुर्नस्थापना सहयोगको लागि सम्बन्धित कृषि कार्यालयहरुमा सम्पर्क गरौं ।
- ग्रामीण क्षेत्रमा स्थानीय कृषि उपजको प्रशोधनमा आधारित कृषि उद्यमशीलता व्यवसाय गरौं ।
- ठूला उत्पादन पकेटहरु, प्रशोधन केन्द्र, शितगृह तथा कृषि बजार बीच अन्तरसम्बन्ध कायम व्यवसाय दीगो कृषि उत्पादनमा हातेमालो गरौं ।
- उत्पादनोपरान्त क्षती न्यूनीकरणको लागि कोल्ड रुम/स्टोर, सोलार स्टोर, रस्टिक स्टोर निर्माण तथा संचालनमा पहल गरौं ।
- रैथाने बाली संरक्षणका लागि सामुदायिक बीऊ बैंक स्थापना गरी संचालन गरौं ।
- कृषकको प्रत्यक्ष सहभागितामा संचालित उन्नत प्रविधि प्रदर्शनी कार्यक्रम तथा कृषक पाठशालाबाट अधिकतम ज्ञान हासिल गरौं ।
- खाद्य पोषण सुनिश्चितताको लागि घर बगैंचा स्थापना गरौं ।
- कृषि यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाऔं ।
- बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन गरी स्थानीय जनशक्तिको अधिकतम प्रयोग गरौं ।
- कृषिलाई सम्मानजनक पेशाको रुपमा व्यवसाय गरी स्थानीय जनशक्तिको अधिकतम प्रयोग गरौं ।
- कृषिलाई सम्मानजनक पेशाको रुपमा व्यवसाय गरी सुखी र समृद्ध बनौं ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
गण्डकी प्रदेश, मालेपाटन, पोखरा फोन नं.: ०६१-५२०२६३, ५२०२७३
ईमेल ठेगाना: addgandakipradesh@gmail.com, वेवसाईट: www.add.gandaki.gov.np

# लोकतान्त्रिक संस्कारका पर्याय

## राजनीतिक नेता र असल व्यक्तिका रूपमा श्रीभद्र शर्मा गण्डक क्षेत्रका उज्याला तारा हुन् । उनको विचार, बचन र व्यवहारमा अन्तर थिएन । नियतमा खोट थिएन ।



गोविन्द अधिकारी

अहिलेको गण्डकी प्रदेशमा राजनीतिक चेतनाको दियो बाल्नेहरूमा तनहुँ सिम्पानीका श्रीभद्र शर्माको नाम अग्रपंक्तिमा आउँछ। शर्माको राजनीतिक जीवनको थालनी 'जयतु संस्कृतम्' आन्दोलन (२००४)बाट भएको थियो । आन्दोलनको दमनपछि आन्दोलनकारी छात्रहरू बनारस गए र राणा शासनका विरोधीहरूसँग मिसिए । शर्मालगायत जयतु संस्कृतम् आन्दोलनका अधिकांश अभियन्ताहरू पहिले नेपाली राष्ट्रिय कांग्रेस र पछि नेपाली कांग्रेसको गठनमा पनि सक्रिय रहे ।

यसबीच राणा शासनविरुद्ध चेतना जगाएर क्रान्तिको तयारीका लागि संगठन विस्तार गर्न श्रीभद्र शर्मालगायतका युवा आआफ्ना जिल्लामा फर्के । तनहुँको बन्दिपुरलाई केन्द्र बनाएर उनीहरूले गण्डकी क्षेत्रमा गतिविधि सुरु गरे ।

राजनीतिक परिवर्तनसँगै सामाजिक सुधारको अभियान कविराज रामप्रसाद खनालको अगुवाइमा थालियो । लमजुङको दुराडाँडा र तनहुँको सिम्पानीका बाहुनले हलो जोतेर सांकेतिकरूपमै भए पनि जातपातको बन्धन तोड्ने अभियान थालियो । यस आन्दोलनलाई राजनीतिसँग जोड्ने कामको नेतृत्व शर्माले गरेका थिए ।

नेपाली कांग्रेसको आह्वानमा २००७ सालमा जनक्रान्ति सुरु भयो । क्रान्तिमा तनहुँ, लमजुङ क्रान्तिकारीले कब्जा गरे । बन्दीपुर कब्जा गर्दा श्रीभद्र त्यहाँ थिएनन् तर नेता त उनै थिए । त्यसैले बन्दिपुर 'जनसरकार'का पहिलो गभर्नर घोषित भए । उनीलगत्तै काठमाडौं बोलाइएकाले बन्दिपुरमा गभर्नर धनेश्वर शर्मा बनाइए । जनसरकारले तनहुँमा बेठी खारेज गर्ने, खोटा (नापतौल कम भएका) मानापाथी, ढक र गज चलाउन नदिनेजस्ता जनमुखी सुधार थालेको थियो ।

त्यसपछि श्रीभद्र शर्मा विशेषगरी पश्चिम ३ नम्बरमा केन्द्रीत भए पनि अहिलेको गण्डकी प्रदेश भर नै नेपाली कांग्रेसको संगठन विस्तारमा योगदान रह्यो । मुस्ताङ, मनाङ, बागलुङ, तनहुँ र लमजुङमा श्रीभद्र शर्मा निकै लोकप्रिय हुनपुगे ।

क्रान्ति सकिएपछि सत्ता राजाको हातमा गयो । नेपाली कांग्रेसले संविधान सभाको चुनावको माग राखेर २०१४ मा 'भद्रअवज्ञा आन्दोलन' चलायो । यसभन्दा पहिले नै २०१२ मा 'तिरो नतिर्ने' अभियान चलाइएको थियो । यी सबैमा श्रीभद्र शर्माको नेतृत्व रह्यो । यस्तै तनहुँकै चुँदी फाँटमा 'मोहियानी हक'को आन्दोलन पनि चलाइएको थियो ।

पहिलो संसदीय निर्वाचनमा श्रीभद्र शर्मा तनहुँबाट उम्मेदवार भए तर सिंगो गण्डकी क्षेत्रको चुनाव प्रचारको नेतृत्व उनले गरेका थिए । गण्डकी क्षेत्रमा नेपाली कांग्रेसले निकै राम्रो प्रदर्शन गर्‍यो । तर, बीपी कोइरालाले चाहेर पनि उनलाई मन्त्री बनाउन सकेनन् । शर्मा पार्टीको महामन्त्री बनाइए । गोरखाको पालुङटारमा हवाई गिरान निर्माणमा उनको विशेष भूमिका रह्यो । उनका भाइ उमाभद्र शर्मा नै त्यहाँ ब्लक डेभलपमेन्ट अफिसरका रूपमा तैनाथ थिए ।

विसं २०१७ सालमा राजा महेन्द्रले सेनाको मद्दतले निर्वाचित सरकार र संसद् भङ्ग गरे । राजनीतिक स्वतन्त्रता खोसे । केही दिन जोगिएका श्रीभद्र शर्मा पनि पक्राउ परे । उनी ६ वर्ष कैद भुक्तान गरी २०२४ सालमा छुटे । त्यसपछि उनी केही समय सिम्पानी बसे । त्यहाँ बस्न नसकिने भएपछि चितवन गए । प्रशासनले निगरानी गर्न र दुःख दिन छाडेन । अन्ततः काठमाडौंमै बस्न थाले ।

नेपाली कांग्रेसले २०१८ मा कार्यवाहक सभापति सुवर्णशमशेर राणाको नेतृत्वमा थालेको पहिलो सशस्त्र आन्दोलन चीन-भारत युद्धपछि स्थगित गराइयो । देशमा कांग्रेसका कार्यकर्ताविरुद्ध धरपकड जारी नै थियो । कांग्रेसहरू 'अराष्ट्रिय तत्व' भनिन्थे । बीपी कोइराला लगायत नेता जेलमा थिए भने बनारस र कलकत्तामा हजारौं नेता कार्यकर्ता अलपत्र परेका थिए ।


> पहिलो संसदीय निर्वाचनमा श्रीभद्र शर्मा तनहुँबाट उम्मेदवार भए तर सिंगो गण्डकी क्षेत्रको चुनाव प्रचारको नेतृत्व उनले गरेका थिए ।

यस्तो अवस्थामा सुवर्णशमशेरले बीपीहरूलाई जेलबाट छुटाउन र निर्वासनमा रहेका कार्यकर्तालाई घर फर्कने वातावरण बनाउन 'प्रजातन्त्र फर्काउन राजालाई सहयोग गर्ने' आशयको वक्तव्य दिए । बीपी, गणेशमान सिंहलगायतले सुवर्ण शमशेरको वक्तव्यको समर्थन गरे । सूर्यप्रसाद उपाध्याय देशभित्रै दरबारसँगको नियमित संवादमा थिए । सबैको संयुक्त प्रयासमा वक्तव्यमा समर्थन गर्नेहरू छुटे । निर्वासितहरूलाई आममाफी भयो भने नेपालभित्र थुनामा रहेकाहरू पनि छुटेका थिए ।

त्यसपछि बीपी भारत गए । सुवर्णशमशेरले सञ्चालन गर्दा नै सशस्त्र आन्दोलन असफल भइसकेको थियो । त्यसबाट कुनै पाठ नसिकी बीपीले सुवर्णशमशेरलगायत नेताहरूसँग परामर्श पनि नगरी सशस्त्र संघर्ष फेरि सुरु गर्ने घोषणा गरे । यसपटक भने नेपाली कांग्रेस स्पष्ट तीन खेमामा विभक्त भयो । पहिलो भारतबाट सशस्त्र आन्दोलन गर्ने बीपी कोइरालाको समूह, दोस्रो राजालाई विश्वास दिलाएर प्रजातान्त्रिक सुधार गराउने सुवर्ण समूह, तेस्रो धार थियो राजासँग मिलेर होइन आन्दोलनबाट प्रजातन्त्र ल्याउने तर देशबाहिर नजाने र हतियार पनि नउठाउने कृष्णप्रसाद भट्टराईको धार ।

बीपीलाई सशस्त्र संघर्षमा साथ दिन नसक्ने जानकारी दिएर श्रीभद्र शर्मा सुवर्णशमशेरको लाइनमा उभिए । यथार्थमा उनी सुवर्ण शमशेरकै निर्देशनमा काठमाडौं बसेर दरवारसँग संवाद अगाडि बढाउँदै थिए । शर्मा पनि भारत निर्वासनमा जान र हतियार उठाउन तयार भएनन् । पहिलो सशस्त्र आन्दोलनका बेलामा जेलमा भएकाले उनी धर्मसङ्कटबाट बचेका थिए ।

दरबारसँग संवाद गर्ने क्रममा बिस्तारै श्रीभद्र शर्मा र दरबारियाबीच विश्वास बढ्दै गएको थियो । यसबीच कैद माफी पाएका सयौं कार्यकर्ता देशभित्रै बस्न र गृहस्थी चलाउन थाले । उनीहरूमध्ये धेरै जना पञ्चायतका विभिन्न तहमा स्वेच्छा वा बाध्यतावश सहभागी पनि भए । यस क्रममा गण्डकी क्षेत्रका अधिकांश जिल्लाका पञ्चायतहरूमा कांग्रेस समर्थकहरूको उपस्थिति उल्लेख्य रहनपुग्यो । तिनले स्वाभाविकरूपमा श्रीभद्र शर्मालाई नेता मान्न पुगे । विधिवत् पञ्चायतको कुनै पदमा नपुग्दै श्रीभद्र शर्मा प्रजातन्त्रवादी पञ्चहरूको नेता बनिसकेका थिए । गण्डकी अञ्चलबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय पञ्चायतको चुनावमा श्रीभद्र शर्माको समर्थन निर्णायक हुने गर्थ्यो ।



श्रीभद्र शर्मामाथि सुविधाका लागि पार्टी छाडेर पञ्चायत प्रवेश गरेको आरोप लाग्ने गरेको छ । उनीमाथि पारिवारिक दायित्व थियो र छोराछोरी हुर्कँदा पञ्चायत प्रवेशले केही सहज पनि बनाएको हो । तर, त्यत्तिका लागि श्रीभद्र शर्माले राजासँग मिलेर पार्टीलाई धोका दिएका भन्नु भने अन्याय हुन्छ । बरु, व्यवस्थाको क्रमिक प्रजातान्त्रीकरणको लागि उनी राजालाई सहमत गराउन पञ्चायत प्रवेश गरेका थिए । उनको प्रवेशबाट पञ्चायतभित्रका प्रजातन्त्रवादीले केही हदसम्म सुरक्षित अनुभव गरेका थिए ।

विशुद्ध आदर्शका दृष्टिले उनको आलोचना गर्न मिल्छ तर व्यवहारमा उनले लिएको बाटोकै कारण देशका धेरै भागमा नेपाली कांग्रेसको संगठन तहसनहस हुँदा पनि गण्डकी क्षेत्रमा अपेक्षाकृत बलियो थियो । जनमत संग्रहमा बहुदलका पक्षमा र त्यसपछि पञ्चायतका चुनावहरूमा कांग्रेससँग निकट व्यक्तिहरू राष्ट्रिय पञ्चायत र जिल्ला पञ्चायतहरूमा जितेका थिए । उनी स्वयंले रापसाबाट २ पटक निर्वाचित भएका थिए ।

संविधान संशोधन सुधार सुझाव आयोगको सदस्यका रूपमा २०३१ सालमा उनी विधिवत् पञ्चायतसँग जोडिएका हुन् । यद्यपि, २०३२ को संविधान संशोधनबाट पञ्चायत थप अनुदार बनाइयो । भारतमा लागेको संकटकालले संविधान संशोधनको खाका नै फेरिएको थियो । त्यसपछि श्रीभद्र शर्मा राष्ट्रिय पञ्चायत सदस्य, राज्यमन्त्री र मन्त्री नियुक्त भए । यहीबीचमा बीपी कोइराला २०३३ मा 'राष्ट्रिय मेलमिलाप'को नारा लिएर निर्वासनबाट स्वदेश फर्के ।

देशको राजनीति त्यस घटनाबाट प्रभावित हुन थाल्यो । बीपी स्वदेश फर्केर जेलमा पुगे भने सुवर्णशमशेरले बीपीलाई पार्टी बुझाएपछि देहत्याग गरे । यस्तो अवस्थामा नेपाली कांग्रेसका दोस्रो र तेस्रो तहका धेरै नेता विचलित हुन थाले । उनीहरूलाई एक्लाएक्लै पञ्चायतमा प्रवेश गराएर कमजोर बनाउने रणनीति पञ्चायतले अपनायो । पञ्चायतको यो रणनीति सफल हुन नदिन श्रीभद्र शर्माकै केन्द्रीयतामा ३८ समूहको निर्माण भयो ।

बखानसिंह गुरुङको नेतृत्वमा ३८ जना केन्द्रीय स्तरमा नेताहरूले प्रजातन्त्र स्थापनाका लागि राजालाई संगठितरूपमा सहयोग गर्ने वक्तव्य दिए । पञ्चायतभित्रका कट्टरपन्थी र कांग्रेसका क्रान्तिकारीहरू दुवै यस कदमबाट सशङ्कित भए । कट्टरपन्थीहरूले 'अवैध दलको अस्तित्व' देखाएको भन्दै ३८ समूहको विरोध गरे । राष्ट्रिय पञ्चायतमै यस विषयमा चर्को बहस भएको थियो । बखानसिंह समूह २०३६ को जनमत संग्रहमा बहुदलका पक्षमा लाग्यो । त्यसपछि बखानसिह गुरुङ, काशीनाथ गौतमलगायत केही नेताहरू राष्ट्रिय पञ्चायतको चुनावमा पनि सहभागी भए भने अधिकांश मूल पार्टीमै फर्के ।

श्रीभद्र शर्माले २०३६ सालमा राजालाई जनमत संग्रह नगराइकनै बहुदल घोषणा गर्ने सुझाव दिँदै राष्ट्रिय पञ्चायतको सदस्यताबाट राजीनामा दिए । उनलाई केही निर्वाचित रापसहरूले पनि साथ दिएका थिए । उनको तर्क थियो जनमत संग्रहले नेपाली जनतालाई राजाको पक्षविपक्षमा विभाजित गर्छ । यसबाट राजसंस्था विवादमा पर्छ । यसैले समयको चाप बुझेर बहुदल घोषणा भए देशमा प्रजातन्त्रको विकास पनि हुन्छ र राजसंस्था विवादमा पनि पर्दैन । पञ्चायतभित्रका कट्टरपन्थी र राजदरबारका भारदारहरूले पालनपोषण गरेका कम्युनिस्टहरूले श्रीभद्र शर्माहरूको सुझावको चर्को विरोध गरेका थिए ।

जनमत संग्रहपछि श्रीभद्र शर्मालगायत ठूलो संख्यामा कांग्रेसका पुराना र नयाँ नेताहरू पञ्चायतको चुनाव लडे । राष्ट्रिय पञ्चायतका साथै जिल्ला र गाउँ पञ्चायतमा धेरै ठाउँमा 'बहुदलवादी'हरूले जितेका थिए । फलस्वरूप, बहुदलमा लागेका र पार्टीको संगठनमा पनि सक्रिय शिक्षकहरूको संरक्षण भयो । कांग्रेसको बाहुल्य भएको गाउँ भएकै कारण विकासका सानातिना योजनाबाट वञ्चित हुनु परेन । यसले २०४६ को आन्दोलन र त्यसपछिका निर्वाचनमा नेपाली कांग्रेसलाई जिताउने संगठन बचाइराख्न सहयोग पुग्यो ।

पञ्चायत प्रवेश गरेका केहीले कांग्रेसको संगठन कमजोर बनाउन र कार्यकर्तालाई पञ्चै बनाउन विशेष प्रयास गरेका र कतिले त त्यसका लागि साम, दान, दण्ड, भेद प्रयोग गरेको पनि देखिएको थियो । श्रीभद्र शर्माले भने आफ्ना निकटका कसैलाई पनि कांग्रेसबाट टाढा लान खोजेनन् । उनले चाहेका भए गण्डकी क्षेत्र विशेषगरी तनहुँ, लमजुङ, कास्की जिल्लाहरूमा कांग्रेसको संगठन कमजोर बनाउन सक्थे । यसैले पनि हुनसक्छ दरबारले २०३६ पछि उनलाई स्वीकार गरेन । सूर्यबहादुर थापामाथि महाभियोग लगाउने तारतम्यमा उनको र दरबारिया पञ्चबीच देखिएको निकटता धेरै टिकेन । लोकेन्द्रबहादुर चन्दले मन्त्री बनाउन खोज्दा दरबारले रोक्यो । पछि २०४६ सालको जनआन्दोलनका बेला भने चन्दको मन्त्रिपरिषद्मा बस्न उनैले अस्वीकार गरे । उनी पदलोलुप थिएनन् भन्ने पुष्टि यसले गर्छ ।

श्रीभद्र शर्माको राजनीतिक धारको समर्थन नगर्नेहरूले पनि व्यक्तिका रूपमा भने उनको सम्मान गर्छन् । देशव्यापी सम्बन्ध भएका र समाजको लगभग सबै वर्ग र समुदायका व्यक्तिसँग हार्दिक सम्बन्ध राख्नसक्ने बिरलै भेटिने मानवीय गुण श्रीभद्र शर्मामा थियो । पाहुना हुन गएका घरका गृहिणीहरू श्रीभद्र शर्मालाई खाना खुवाउन पाउँदा खुसी हुन्थे । खानाको प्रशंसा र खुवाउनेप्रति आभार प्रकट गर्ने उनको स्वभावले गृहिणीहरू उनलाई श्रद्धा गर्थे ।

राजनीतिक नेता र असल व्यक्तिका रूपमा श्रीभद्र शर्मा गण्डक क्षेत्रका उज्याला तारा हुन् । उनको विचार, बचन र व्यवहारमा अन्तर थिएन । नियतमा खोट थिएन । अहिले त्यस्ता नेता त के व्यक्ति पनि बिरलै भेटिन्छ । सायद, नियतिले विशेष कालखण्डका लागि नै विशेष व्यक्तित्वको निर्माण गर्छ । उनी जहाँ रहँदा पनि निष्ठावान् रहे र प्रजातन्त्र र राष्ट्रियताप्रति अविचल रहे । यही विशेषताले श्रीभद्र शर्मा उनका समकक्षी नेताहरू भन्दा फरक भएका हुन् ।


## भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश पोखराको सूचना ।

» प्रदेश सरकारले निर्णय गरेको भाडादर अनिवार्य लागु गरौँ ।
» मादक पदार्थ सेवन गरी सवारी साधन नचालाऔं ।
» सवारी साधन चलाउँदा आवश्यक कागजात सधै साथमा लिएर हिँड्ने गरौँ ।
» तिव्र गति जिवनको क्षति भन्ने कुरा बुझौं तथा सडकमा ट्राफिक नियमको पालना गरौं ।
» हतार गरी सवारी साधन कहिल्यै नचलाऔं र हतारमा सडक पार समेत नगरौं ।
» सडकमा ध्यान केन्द्रित गरेर मात्र सवारी साधन चलाउने गरौं ।
» सवारी चलाउँदा मोबाईल फोनको प्रयोग नगरौं ।
» आफुभन्दा अगाडीको सवारी साधनसँग Breaking Distance कायम गरेर मात्र सवारी साधन चलाउने गरौं ।
» सवारी चालकले सीट बेल्टको प्रयोग गरौं ।
» कुहिरो लागेको बेलामा Fog Light को प्रयोग गरौं ।
» दाँया बायाँ मोड्दा समयमै साइडलाइटको प्रयोग गरौं ।
» सधैं बस बिसौनीबाट मात्र चढ्ने र ओर्लने गरौं । सुरक्षित स्थानमा र दाहिने तर्फबाट मात्रै Overtake गर्ने बानी बसालौं ।
» बिच सडकमा सवारी रोकी अरू सवारी साधनलाई बाधा नपुर्‍याऔं ।
» ठूलो आवाजमा संगीत बजाएर सवारी साधन नचलाऔं ।
» मोटरसाईकल चालकले अनिवार्य रूपमा कान छोपिने हेल्मेट प्रयोग गरी फिता समेत बाँध्ने गरौं ।
» आफु खुशी कुनै पनि सवारी साधनको स्वरूप परिवर्तन नगरौं ।
» पैदलयात्रु तथा मो.सा. चालकले रातको समयमा सेतो वा चम्किलो लुगा लगाएर हिडौं ।
» सवारी साधनको छतमा बसेर यात्रा नगरौं ।
» घुम्ति तथा रोकीराखेको ठूलो सवारी साधनको अगाडी वा पछाडिबाट बाटो काट्ने नगरौं ।
» फुटपाथ भएको सडकमा फुटपाथबाट मात्रै हिँड्ने गरौं ।
» फुटपाथ नभएको सडकको दाहिने किनाराबाट हिँड्ने गरौं ।
» दुर्घटनाको पिडा चालक आफैंलाई हुने हुँदा सचेत बनौं ।
» ट्राफिक नियम मिचेकोमा गर्व होइन लाज मान्ने गरौं ।
» विस्तारै गए अवश्य पुगिन्छ, छिटो गए भन्न सकिन्न ।
» विना नम्बरको On Test सवारी साधन नचलाऔं ।
» सवारी साधन चलाउनु पूर्व चेकजाँच गरेर मात्र सवारी चलाउने गरौं ।
» रातको समयमा अरू सवारीलाई बाधा हुने गरी High लाईटको प्रयोग नगरौं ।

प्रदेश सरकार
भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय
गण्डकी प्रदेश पोखरा



२१ औं वार्षिकोत्सव

## हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई । विगतका वर्षहरूमा जस्तै आगामी वर्षहरूमा पनि यस पत्रिकाले गण्डकी प्रदेशकै चौथो अंग भएको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

बाबुराम अधिकारी
निर्देशक
मनकामना इन्जिनियरिङ्ग एण्ड मेटल प्रा.लि.
पोखरा-२९, तालचोक। फोन नं.: ०६१-५६०७१३, ९८५१०३०२५१

# हलो क्रान्तिका प्रणेता



प्रमिला कुँवर

नदीपुरको धर्मशिला बुद्ध विहारमा बौद्धमार्गीका कार्यक्रम भइरहन्थे । जहाँ, केही हिन्दुहरु पनि ज्ञानगुनका कुरा सुन्न पुग्थे । कार्यक्रमहरु हुँदा पोखराका गिनेचुनेका व्यक्तिहरु पनि बोलाइन्थे । एकपटक पत्रकार तिलकमान गुभाजू एउटा कार्यक्रम चलाउँदै थिए । एकजना अतिथिलाई उनले सम्बोधन गरे । भने, 'उहाँ विसं २००१ सालमा नेपालमा नै पहिलोपटक हलो जोतेर क्रान्तिकारी हुनुभएका एक ब्राह्मण ।' हलो जोतेको कुरा ती अतिथिले स्वीकारे । जुन सत्य नै थियो । तर फरक मत पनि राखे ।

ती अतिथिको फरक मतचाहिँ हलो जोतेर आफूले खासै ठूलो क्रान्तिकारी काम नगरेको भन्नेमा थियो । अनि भने, 'हिन्दु धर्म र संस्कृतिका लागि हलो जोतेको कुरा निश्चय नै एक क्रान्तिकारी कदम हो । २५०० वर्ष पहिले बुद्धकालीन अवस्थामा हलो जोत्ने एक साधारण कुरा थियो । जसले पनि हलो जोत्थ्यो । त्यसबेला राजा शुद्धोधनले आफ्नो खेतमा हलो जोतेका कुरा बौद्ध शास्त्रमा स्पष्ट छ ।'

२५०० वर्ष पहिले राजा शुद्धोधन लगायतले साधारण किसिमले गरेका हलो जोत्ने काम २५०० वर्षपछि गर्दा पनि उनलाई क्रान्तिकारीको पगरी मिलेको थियो । नमिलोस् पनि कसरी ? राजा शुद्धोधनका पाला कुन जातिले हलो जोत्न हुने र कसले नहुने भन्ने नै थिएन । राजा स्वयं पनि हलो जोत्थे । राणाकालीन नेपाली समाजमा एउटा अन्धविश्वास व्याप्त थियो–बाहुनले हलो जोत्नु हुँदैन, जात जान्छ । त्यही अन्धविश्वास चिर्न चाहन्थे उनी । त्यसैले बाहुन भए पनि हलो जोतिदिए । २००१ साल फागुन २८ गते आफ्नै बारीमा हलो जोते ।

बाटुलेचौरका स्थानीय तथा मुक्तिनाथ स्मृति प्रतिष्ठानका हालका अध्यक्ष तथा संस्थापक सचिव मोहन थापाले पिता कर्णबहादुर थापाबाट सुनेका थिए–मुक्तिनाथले १ सालमै हलो जोतेको कुरा । त्यो बेला बाहुन भएर हलो जोत्नु क्रान्ति नै थियो । जुन क्रान्ति देशमै पहिलोपटक मुक्तिनाथले गरे । लमजुङ दुराडाँडाका श्रीकान्त अधिकारी २००५ सालमा पोखरा आएका रहेछन् । मुक्तिनाथको सिको उनले दुराडाँडामा गरे । दुराडाँडामा हलो जोत्न तम्सिने बाहुनहरु अरु पनि भए । त्यसले धेरै प्रचार पायो । अनि कतिपयलाई लागेछ हलो क्रान्ति लमजुङ दुराडाँडामा पहिलोपटक भयो । तर साक्षीहरु त पहिलो हलो क्रान्तिकारी शर्मालाई मान्छन् । प्रसिद्ध लेखक मोदनाथ प्रश्रितले समेत मुक्तिनाथको जन्मशताब्दीमा प्रकाशित स्मृतिग्रन्थमा शर्मालाई नै पहिलो उल्लेख गरेका छन् ।



मुक्तिनाथले हलो जोतेपछि उनी र उनको परिवार गाउँमा आँखी भयो । पानी पँधेरो जाँदा उनका परिवारसँग छोइन्छ भैं गरी गाउँले तर्कने थाले । तर, उनलाई के मतलब ! फेरिफेरि अनो समाते । जातिपाति र छुवाछूत विरुद्ध उनको क्रान्ति एउटा हलोको सियोमा सीमित भएन । २०११ सालमा अर्को क्रान्तिकारी काम गरे । उपन्यास लेखे–को अछूत ? यो उपन्यासको एक पात्र ब्राह्मणी र हलीको सम्बन्धबाट जन्मन्छ । ब्राह्मणकै रुपमा चिनिन्छ र पछि पण्डित कहलाउँछ । पुराण बाचनहरुमा निम्त्याइन्छ । गाउँले ब्राह्मणहरु उसलाई श्रद्धा गर्छन् । यो पुस्तक त झनै आलोचित भयो तथाकथित मैं हुँ भन्ने जातिबाट । प्रतिबन्धित भयो । प्रेसबाट जफत पनि । मुक्तिनाथ भने ढिट थिए । २०२० सालमा राजा महेन्द्रले मुलुकी ऐन संशोधन गरी जातिप्रथा कानुनतः हटाए । त्यसको उपलक्ष्यमा भदौ १ गते टुँडिखेलमा मुक्ति दिवस मनाइयो । जसको प्रमुख वक्ता उनै ब्राह्मण मुक्तिनाथ थिए । 'को अछूत ?' मात्रै होइन, मुक्तिनाथका कलमले मातृत्व र धर्म पुस्तक, गफ, हिन्दु संस्कृति र आधुनिकता र सामन्त अवशेष पनि लेख्यो । सामन्त अवशेष भने अप्रकाशितै छ ।

> **मुक्तिनाथले सुरु गरेको हलो क्रान्तिको सिको गरेका लमजुङ दुराडाँडाका श्रीकान्त अधिकारीहरुलाई त्यसको जस गयो। तर त्यो क्रान्तिका प्रणेता मुक्तिनाथ हुन्। प्रसिद्ध लेखक मोदनाथ प्रश्रितले समेत मुक्तिनाथलाई नै प्रणेता मानेका छन्।**

हलो क्रान्तिका प्रणेता मुक्तिनाथ पोखरामा पहिलो विद्यालय स्थापना गर्ने शिक्षासेवी पनि हुन् । २००४ सालमा उनले बाटुलेचौरमा विन्ध्यवासिनी आधार मिडिल स्कुल खोलेका थिए । त्यसअघि नेपाली भाषा प्रकाशनी समितिमा उनको जागिर थियो । जहाँका प्रमुख बालकृष्ण सम थिए । मुक्तिनाथचाहिँ उनका सहायक । त्यही समिति अन्तर्गत रहेछ–भाषानुवाद परिषद् । परिषदमा बसेर मुक्तिनाथले संस्कृतका महाकवि कालिदासको कृति रघुवंश महाकाव्य र किराताजुर्नियम अनुवाद गरे । तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरका छोरासँग वादविवाद गरेपछि उनले त्यहाँको जागिर छोड्नुपरेको थियो । ६ महिना त उनी जेलमा पनि परे ।

संस्कृत उनले काठमाडौंकै तीनधारा पाठशालामा पढेका थिए । सावाँअक्षर भने गाउँमै छिचोलेर पढ्नकै लागि काठमाडौं गएका थिए । उनी जन्मिएको १९७१ असार वा त्यसपछिको समय अर्थात उनको बालापन गुज्रिरहेका बेला विद्यालय भन्ने नै थिएनन् । गाउँकै पण्डितहरुबाट कखरा सिक्ने अवसर परिवारले दिलाएको थियो । आमा १४ महिनामै गुमाएपछि हजुरआमाको वात्सल्य पाएका थिए, तर त्यो पनि ७ वर्षको उमेरमा गुमाए । तर पढाइ छाडेनन् । काठमाडौंको तीनधारामा उत्तर मध्यममा पढे पनि परीक्षा दिन भारतको वाणाराशी पुग्नुपरेको थियो । उत्तर मध्यममा पढेकालाई पण्डितको उपाधि मिल्थ्यो, उनलाई पनि मिल्यो । काठमाडौंमा पढ्दा उनका सहपाठी राष्ट्रकवि माधव घिमिरे थिए । घिमिरेले आफूलाई नेपाली भाषा प्रकाशनीमा मुक्तिनाथकै सिफारिसमा जागिर मिलेको उनको सम्झनामूलक लेखमा लेखेका छन् । घिमिरेकै शब्दमा मुक्तिनाथ चतुर पनि थिए र मधुर पनि थिए ।


विन्ध्यावासिनी मिडिल स्कुलका अलावा पृथ्वीनारायण क्याम्पस स्थापनाको अगुवाइमा होस्टेमा हैंसे मुक्तिनाथको पनि रह्यो । पृनाका संस्थापक प्रमुख जर्ज जोनले क्याम्पस स्थापना गर्दा बास र खरको निकै महत्व रहेको सम्झन्छन् । बास र खरका भरमा कक्षा कोठा बनाउँदा तिनै सामग्री संकलन गर्न जोन विद्यार्थीहरुसहित बाटुलेचौर पुगेका रहेछन् । 'उपत्यकाको प्रत्येक धुरीबाट एक-एकवटा बाँस, बाँस छैन भने एक-एक बिटा खर माग्ने कुरा उठ्यो । प्रारम्भमा बाटुलेचौरबाट सुरु गर्ने विचार भयो,' जोनले मुक्तिनाथ स्मृतिग्रन्थमा लेखेका छन्, 'म बाटुलेचौरको विन्ध्यवासिनी पाठशालामा पुगें । मुक्तिनाथ गुरुसँग मेरो परिचय भयो । हामीले हाम्रो माग प्रस्तुत गर्‍यौं । सबै कुरा सुनेपछि गुरुले 'ठीक छ प्रत्येक धुरीबाट एक-एकवटा बाँस दिने भयौं । तपाईंहरू काटेर लैजानुस्' भन्नुभयो, खुसीसाथ उहाँहरूलाई धन्यवाद दिई भोलिपल्टबाट काम सुरु गरें । सम्भवतः गुरुले त्यति नभनेको भए मेरो पोखराको बसाइ पनि त्यस बेला टुंगिने थियो ।' भोटीखोला खानेपानी योजनाका प्रमुख योजनाकार मुक्तिनाथ भएको चेतन कार्कीले 'पोखराको नक्षत्र नेपालकै सपूत' लेखमा लेखेका छन् ।

पोखरा एयरपोर्ट निर्माणको पहलकदमी लिनेमा मुक्तिनाथ पनि एक भएको बुढापाकाहरु बताउँछन् । उनीहरुकै भनाइमा श्रमदानबाट एयरपोर्ट बनेको थियो । पोखरेलीले कुटो कोदालोले खनेर विमानस्थलमा धावनमार्ग बनाएका थिए । तर पछि सरकारी प्राविधिकले ५ हजार खर्च भएको भनी खाएकोबारे मुक्तिनाथले त्यसका विरुद्ध लेख लेखेको पोखरा छिनेडाँडाका स्थानेश्वर शर्माले मुक्तिनाथलाई सम्झिएर लेखेको लेखमा उल्लेख गरेका छन् । बाटुलेचौरलाई पोखराको बजारसँग जोड्ने केआईसिंह पुल बनाउने जस मुक्तिनाथलाई नै जान्छ ।

अहिलेको चर्चित महेन्द्र गुफा त्यसताका साहुका भ्वाङ्का नामबाट चिनिँदो रहेछ । सत्यमोहन जोशीले त्यसको भ्रमण गरेका रहेछन् । काठमाडौं पुगेपछि लेख पनि लेखेछन् । अनि अलि प्रचारित भएछ । पछि मुक्तिनाथले राजा महेन्द्रलाई त्यो भ्वाङ घुमाउने प्रबन्ध मिलाएछन् । त्यसपछि नै भ्वाङ महेन्द्र गुफाका नामबाट परिचित हुन थालेछ ।

मुक्तिनाथ शर्मा राजनीतिक रुपमा नेपाली कांग्रेसमा आवद्ध थिए, त्यो पनि २००५/६ सालदेखि नै । कांग्रेसका पूर्वमहामन्त्री तथा पूर्वसभामुख तारानाथ रानाभाटले जहानियाँ हुकुमी शासनको विरुद्धमा लड्ने कांग्रेसका क्रान्तिकारी नेताको संज्ञा दिएका छन् । उनी लेख्छन्, 'मैले थाहा पाएअनुसार नेपाली राष्ट्रिय कांग्रेसले राणाशाहीका विरुद्ध गर्ने क्रान्तिमा सरिक हुने उद्देश्यले सर्वप्रथम भारतको बनारस पुग्ने कास्केली कार्यकर्ता पण्डितजी हुनुहुँदो रहेछ ।' कांग्रेसी योद्धाका हिसाबले २०१५ सालको आमनिर्वाचनमा मुक्तिनाथ पार्टीको तर्फबाट उम्मेदवारको आकांक्षी पनि थिए । तर पार्टीले टिकट भने मीनबहादुर गुरुङलाई दियो । मुक्तिनाथको वागी उम्मेदवारी पर्‍यो । चरा चिन्ह पाएका मुक्ति हारे, रुख चिन्हवाला गुरुङले जिते । बिपीले उपरक्षामन्त्री पनि बनाए । पछि २०१६ साल असार २९ गते महासभामा मनोनीत भए मुक्तिनाथ । महासभा अर्थात उपल्लो सदनमा राजा महेन्द्रबाट मनोनीत भए पनि उनी १७ सालको कूपछि फेरि प्रजातन्त्रकै पक्षमा लागेका थिए । प्रजातान्त्रिक आन्दोलनमा सधैं सक्रिय उनले प्रजातन्त्रको पुनर्वहाली भने बेहोर्न पाएनन् । २०४६ चैत १९ गते नै संसारबाट विदा भए । उनको योगदानको सम्झना र सम्मान गर्दै निधनको १२ वर्षपछि छोराहरु रमेश, प्रकाश र किरणले मुक्तिनाथ स्मृति प्रतिष्ठान स्थापना गरे । प्रतिष्ठानले नै प्राडा यमबहादुर पौडेल क्षेत्रीलाई सम्पादन सल्लाहकार राखी ग्रन्थ प्रकाशन गरेको हो ।






# पुष्पलालका समकालीन क्रान्तिकारी



झपट रानाभाट

नेपाली वाम लोकतान्त्रिक आन्दोलनका अविष्मरणीय योद्धा हुन्, बलराम उपाध्याय तिमिल्सिना । तर धेरैलाई थाहा छैन, बलरामले नेपाली राजनीतिमा दिएको योगदान । त्यसैले त उनको सम्झना गर्नेहरु विरलै हुन्छन् । तर जतिले सम्झन्छन्, साँच्चीकै श्रद्धापूर्वक सम्झन्छन् । नेपाली कम्युनिस्ट आन्दोलनका अथक योद्धा जसलाई बिर्संदा कम्युनिस्ट इतिहास अधुरो हुन्छ ।


नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालका समकालीन थिए बलराम । २०१० सालदेखि पुष्पलालसँग उनी नजिक थिए । यति नजिक कि, एउटा सीधा रेखाका सबैभन्दा नजिकका दुई बिन्दु जस्तै नजिक । निकटस्थ र सबैभन्दा नजिकका सहयोगी पनि । वास्तवमै पुष्पलालको आत्मीय मित्र नै बाँचुन्जेल बलराम उपाध्याय हुनुहुन्थ्यो । २०३५ सालको सुरुवाती दिनसम्म प्राय: सबै नेता र कार्यकर्ताले पुष्पलाललाई छोडे पनि उहाँले पुष्पलाललाई कहिल्यै छोड्नुभएन । घात गर्नुभएन । यहाँसम्म कि, सफेद, सादा कुर्था र पाइजामामा हुने कमरेड बलरामले वनारसमा आफूले विद्यार्थी जम्मा गरी ट्युसन र कोचिङ पढाएको पैसासमेत राखनधरन र खर्च गर्न पुष्पलाललाई दिनुहुन्थ्यो ।

२०२४/२५ सालतिर नेकपाको तत्कालीन स्याङ्जा जिल्ला कमिटीसित सम्बन्धित लेबी, सदस्यता शुल्क र पुष्पलालका छोरालाई समेत काठमाडौं पुगेर बनारस लैजाने काम बलराम उपाध्याय र पुष्पलालका निकै सहयोगी अग्रज कम्युनिस्ट नेता यमनाथ आचार्यले गर्नुहुन्थ्यो भन्ने इतिहास पाइन्छ । २०३०/३१ सालको वरिपरि आचार्य बेखबर/बेपत्ता भएको पाइन्छ ।

तत्कालीन बलराम उपाध्यायलाई चिन्ने र उहाँप्रति श्रद्धा र सद्भाव राख्ने बलराम र पुष्पलालका निकै सहयोगी यमनाथ आचार्य, शेषराज आचार्य (तनहुँ) जस्ता अग्रज कम्युनिस्टहरु र उहाँहरुका परिवारलाई पनि स्मरण, श्रद्धा र सम्मान गर्नु पर्दछ ।

> उहाँको जन्मथलो कास्की पोखरा-१६ को बाटुलेचौर भए पनि कर्मथलो बनारस (भारत) हुन गयो, जहाँ उहाँले विसं २०१० सालदेखि ३० को दशकसम्म कमरेड पुष्पलालको नेतृत्वमा नेपाली कम्युनिस्ट आन्दोलनलाई सशक्त रुपमा अघि बढाउने काम गर्नुभयो।

आजकल हाम्रो जस्तो नितान्त स्वार्थी एवं उपभोक्तावादी प्रवृत्तिले ग्रस्त समाजमा सदाचार र नैतिकताजस्ता मानवीय गुणहरु महत्वहीन हुन गएका छन् । यसले गर्दा सामाजिक, राजनीतिक तथा प्राज्ञिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका निष्ठा र प्रतिबद्धताका प्रतीक हाम्रा कतिपय अग्रजहरु इतिहासको अथाह गर्तमा हराएका छन् भने कोही हराउने अवस्थामा छन् । यस्ता अग्रज व्यक्तित्वहरुमध्ये एक बलराम उपाध्याय (बलराम दाइ) हुनुहुन्छ । उहाँको जन्मथलो कास्की पोखरा-१६ को बाटुलेचौर भए पनि उहाँको कर्मथलो भने बनारस (भारत) हुन गयो, जहाँ उहाँले विसं २०१० सालदेखि ३० को दशकसम्म कमरेड पुष्पलालको नेतृत्वमा नेपाली कम्युनिस्ट आन्दोलनलाई सशक्त रुपमा अघि बढाउने काम गर्नुभयो ।



विसं २०१७ सालमा राजा महेन्द्रले संसदीय व्यवस्थामाथि कत्लेआम गर्दै बिपी कोइराला नेतृत्वको सरकारलाई अपदस्त गरी राज्यसत्ता आफ्नो हातमा लिएपछि तत्कालीन राजनीतिक दलहरु र दलीय राजनीतिक गतिविधिहरु पूर्णत: प्रतिबन्धित भए । जसका कारण नेपालका राजनीतिक दल विशेष गरेर नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी र तिनका गतिविधिहरुको मुख्य केन्द्र बनारस हुन गयो । विसं २०१७ साल वरिपरि नेपालका विभिन्न स्थानहरु जस्तै कास्की, भोजपुर, ताप्लेजुङ, धरान, विराटनगर, गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, पाल्पा, गुल्मी, दाङ, प्यूठान लगायतबाट अध्ययनका लागि बनारस जाने विद्यार्थीहरुको घुइँचो लाग्थ्यो । बनारसमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरु मुख्यत: दुई खेमामा विभाजित थिए-कांग्रेस पक्षधर र नेकपा पक्षधर । ती विद्यार्थीहरु विभिन्न किसिमका शैक्षिक, सांस्कृतिक कार्यक्रमहरुका साथै आ-आफ्ना आस्था अनुसार पञ्चायती व्यवस्था विरुद्ध राजनीतिक गतिविधिहरुमा पनि संलग्न हुन्थे ।

यसरी नेपालबाट अध्ययनका लागि बनारस गएका सम्पूर्ण विद्यार्थीहरु माझ बलराम उपाध्याय अत्यन्तै प्रिय र सुपरिचित हुनुहुन्थ्यो । उनीहरुका लागि बस्ने डेरा तथा ट्युसन पढ्ने विद्यार्थी खोजी दिने, भर्ना गरिदिने आदि सहयोगात्मक काम गरिदिने हुँदा उहाँ नेपाली विद्यार्थीहरुको एउटा भरपर्दो संरक्षक र अभिभावकको रुपमा स्थापित हुनुभएको थियो । तर, बलराम उपाध्यायलाई चिन्न र जान्नका लागि त्यति नै पर्याप्त छ भन्न खोजेको भने अवश्य होइन, उहाँले चाहेको भए पुष्पलाल पछाडि नेकपाको महासचिव नै हुन सक्नुहुन्थ्यो भलै पुष्पलालले नेतृत्व गर्नुभएको कम्युनिस्ट पार्टीमा बारम्बार बलराम कार्यबाहक महासचिव हुनुभो । बलराम दाइ नेपाली वाम लोकतान्त्रिक आन्दोलनका एक अथक योद्धा हुनुहुन्थ्यो । विदेशमा रहेर पनि नेपाली कम्युनिस्ट आन्दोलनमा उहाँको योगदान जेलनेलको प्रमाणपत्र लिएका यहाँका कुनै नेताको भन्दा कम थिएन ।

बलराम दाइ वनारसको गल्ली गल्लीमा डुल्दै नेपाली विद्यार्थीहरुलाई संगठित गर्ने, मार्क्सवादी सिद्धान्त र विश्व कम्युनिस्ट आन्दोलनबारे उनीहरुलाई जानकारी दिनुहुन्थ्यो । विभिन्न ठाउँमा छुट्टै कक्षाको व्यवस्था गर्ने र नेपालमा लादिएको निरंकुश तानाशाही पञ्चायती व्यवस्थाविरुद्ध उनीहरुलाई गोलबद्ध गर्ने उहाँको मुख्य अभियान थियो ।

यिनै प्रयासका फलस्वरुप: उहाँले मार्क्सवादी चिन्तन या कम्युनिस्ट विचारधाराले ओतप्रोत एउटा नयाँ पुस्ताको निर्माण गर्नुभयो । आज पनि नेपालमा वामपन्थी हुँ भन्नेहरुको ठूलो जमातभित्र सैद्धान्तिक ज्ञान भएका या द्वन्द्वात्मक भौतिकवादी चिन्तन बोकेका कोही छन् भने बलराम उपाध्याय तिमिल्सिनाद्वारा दीक्षित र शिक्षित वामपन्थीहरु नै ठूलो संख्या र अग्रपंक्तिमा देखिन्छन् ।

वनारसमा बसेर नेपाली कम्युनिस्ट आन्दोलनलाई अघि बढाउने काममा बलराम कमरेड एक्लो भने हुनुहुन्नथ्यो । उहाँका समर्थक, सहयोगी र सहकर्मीहरुमध्ये शिवप्रसाद भट्टराई, भेषराज शर्मा, हिक्मतजंग भण्डारी, पदमराज शर्मा, गणेशराज शर्मा (पछि नेका समर्थक), महेशकुमार उपाध्याय, इन्दुप्रकाश उपाध्याय, यज्ञप्रसाद आचार्य (पञ्चायत प्रवेश), बल्लभमणि दाहाल (पञ्चायत प्रवेश), शेषराज आचार्य आदि उल्लेखनीय नाम हुन् । यिनीहरुको सहयोग र सहकार्यबाट बलराम उपाध्यायले नेपाली विद्यार्थीहरुलाई संगठित गरी समय- समयमा साहित्यिक गोष्ठी, वादविवाद, सांस्कृतिक कार्यक्रम, पत्रिका (छात्रदूत, छात्रवाणी, उजेली) प्रकाशन आदि कार्यक्रमहरु पनि सुचालन गर्नुहुन्थ्यो ।

विसं २०४६ सालमा भएको जनआन्दोलनबाट पञ्चायती व्यवस्था ढलेर बहुदलीय संसदीय व्यवस्था र संवैधानिक राजतन्त्र स्थापना भयो । त्यसपछि भएको आमचुनावमा बलराम दाइलाई आफ्नो गृहजिल्ला कास्कीबाट प्रतिनिधिसभाको सदस्यका लागि चुनाव लड्ने जोहो भने मिलेन । किनकि, २०४७ साल पुस २६ गते कमरेड मदन भण्डारीले नेतृत्व गर्नुभएको तत्कालीन नेकपा माले र पुरानो इतिहास बोकेका कमरेड मनमोहन, साहना प्रधान र भरतमोहन, बलरामले नेतृत्व गरेको नेकपा मार्क्सवादी एकतापछि कास्कीमा तत्कालीन नेकपा मालेको बढी घनत्व देखियो, सांगठनिक रुपले बलियो पनि थियो ।

२०४८ सालमा भएको आमनिर्वाचनमा त्यसको प्रभाव पर्नु स्वाभाविक नै थियो र उहाँलाई राष्ट्रिय सभा सदस्यमा मनोनीत गरियो । यद्यपि पुष्पलाल पछाडिको नेता बलराम उपाध्यायका लागि आफ्नो जन्मभूमिका कुनै पनि निर्वाचन क्षेत्रबाट निर्वाचनमा प्रतिस्पर्धा नगराउनु प्राकृतिक न्यायको हिसाबले पनि ठूलै कमजोरी थियो ।

जेहोस्, नेपाली कम्युनिस्ट आन्दोलनका अविश्रान्त योद्धा दिवंगत बलराम उपाध्यायको नाम अमर राख्नका लागि केही न केही प्रयासहरु हुनु अपरिहार्य छ, किनकि विगत नहुनेको वर्तमान हुन्न । वर्तमान नहुनेको भविष्य हुन्न । विभिन्न कम्युनिस्ट घटकहरुले बलराम जस्ता कम्युनिस्ट हस्तीहरुको इतिहासबाट महत्वपूर्ण पाठ सिकी समग्र नेपाली कम्युनिस्ट आन्दोलनको सवलीकरण र पृष्ठपोषणमा आफूलाई समाहित गर्नुपर्दछ ।



## ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको झोला प्रतिबन्ध लगाइएको सम्बन्धमा !

नेपाल सरकारको मिति २०७८ श्रावण १ देखि लागू हुने गरी प्लास्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाउने निर्णय तथा मिति २०७९ श्रावण ३० गते नेपाल राजपत्रमा प्रकाशित सोही सूचना बमोजिम सपिङ्गमल तथा डिपार्टमेन्टल स्टोर लगायत सबै व्यापारिक प्रतिष्ठानमा प्लास्टिकको झोलाको सट्टा सूती, जुट, कागज वा कपडाको झोला प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको ब्यहोरा सम्बन्धित सबैमा पोखरा महानगरपालिका जनकारीका लागि अनुरोध गर्दछ । साथै पोखरा महानगरपालिका भित्र अटेर गरी प्रतिबन्धित ४० माइक्रोन भन्दा पातलो प्लास्टिक उत्पादन, आयात, बिक्री वितरण र प्रयोग गरेको पाइएमा कानुन बमोजिम कारबाही हुने ब्यहोरा अनुरोध गरिन्छ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की






समाधान मिडिया प्रालिका लागि अध्यक्ष : उमानाथ बराल, प्रधान सम्पादक : रामकृष्ण ज्ञवाली, कार्यालय: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, Email: Ad: samadhanpkr@gmail.com | News: samadhandainik@gmail.com | www.samadhannews.com

वर्ष २१ | अंक १ | नेपाल संवत् ११४२ | २०७९ असोज १ गते शनिबार | 17 Sept. 2022 | पृष्ठ ४+२० | मूल्य रु. १०



एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक

साथमा समाधान दैनिकको २१ औं वार्षिकोत्सव विशेषांक 'अग्रगामी अग्रणी'







नवौं राष्ट्रिय खेलकुद रनिङ ट्रफी शुक्रबार बालुवाटारमा सार्वजनिक गरेपछि प्रधानमन्त्री शेरबहादुर देउवा । नवौं खेलकुद २८ असोजदेखि ३ कात्तिकसम्म गण्डकी प्रदेशमा हुँदै छ ।

*तस्बिर : रासस*

### पोखरा महानगरले भन्यो

# कवाडीखाना बस्तीबाहिर लैजाऊ

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ


अहिले नेपालभर डेंगुको संक्रमण बढ्दो छ । त्यसबाट कास्की पनि अछुतो रहन सकेको छैन । पछिल्लो तथ्यांक अनुसार कास्कीमा ५३ जनामा डेंगु संक्रमण देखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय कास्कीका अनुसार डेंगुको संक्रमण देखिएका केही बिरामी अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । स्वास्थ्य कार्यालय कास्कीले डेंगुबाट बच्न विभिन्न खाले कार्यक्रमअघि सारेको छ ।

डेंगु नियन्त्रणमा मन्त्रालयदेखि स्थानीय तहसम्म लागिपरेका छन् । संक्रमण बढ्न सक्ने भन्दै स्वास्थ्य मन्त्रालयले तयारीमा लाग्न सबैलाई आग्रह गरेको छ । डेंगु हुने मुख्य कारण भनेकै लामखुट्टेको टोकाइ रहेको उल्लेख गर्दै लामखुट्टेको टोकाइबाट जोगिन सरसफाइमा ध्यान दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ ।


पोखरा महानगरपालिकाले कवाडी संकलन केन्द्रबाट डेंगु फैलन मद्दत पुगेको निष्कर्ष निकालेको छ । महानगरले शुक्रबार सूचना जारी गर्दै कवाडी संकलन केन्द्रबाट डेंगु फैलन मद्दत पुगेको जनाएको हो । साथै, कवाडी संकलनमा आवद्ध व्यवसायीलाई केन्द्रहरु बजार क्षेत्रबाट बाहिर सर्न आग्रहसमेत गरिएको छ । ३५ दिने सूचना जारी गर्दै महानगरले केन्द्रलाई मुख्य बजार क्षेत्रबाट ५ सय मिटर बाहिर सर्न आग्रह गरेको हो ।

'महानगरपालिकाको मुख्य आवास क्षेत्रमा रहेका कवाडी संकलन केन्द्रबाट यो रोग फैलन ठूलो मद्दत पुगिरहेको साथै विभिन्न महामारी फैलिनुमा अव्यवस्थित कवाडी संकलन केन्द्र मुख्य कारकका रुपमा रहेको पाइएकाले मुख्य आवास क्षेत्रको कम्तीमा ५ सय मिटर बाहिर स्थापना गर्न सम्बन्धित व्यवसाय सञ्चालकहरुलाई हार्दिक अनुरोध छ,' सूचनामा उल्लेख गरिएको छ ।

कवाडी व्यवसायीसँग भएका सम्झौता संशोधन गर्न घर/जग्गाधनीलाई समेत महानगरले आग्रह गरेको छ । 'घर/जग्गा धनीलाई पनि आफ्नो घर र जग्गामा सञ्चालन भएका कवाडी व्यवसायीलाई त्यहाँबाट अन्यत्र स्थानान्तरण गर्न सम्झौता अवधि जतिसुकै भएको भएता पनि सोही अनुसार सम्झौता संशोधन गर्न आग्रह छ,' महानगरको सूचनामा उल्लेख छ ।




३५ दिनभित्र मुख्य आवास क्षेत्रबाट व्यवसाय नहटाइएमा दुवै पक्षलाई कानुन अनुसार कारवाही हुनेसमेत महानगरपालिकाले जनाएको छ । कवाडी संकलन केन्द्र, गोदामहरु तथा आफ्नो घर व्यवसाय वरपर क्षेत्रका पानी जम्ने खाल्डाखुल्डी, पानीका ड्रम तथा टिनका भाँडा, टायर, गमला लगायतका पानी जम्ने स्थानलाई नष्ट गर्ने कार्यमा लाग्न सबैलाई महानगरले अनुरोध गरेको छ ।




### गण्डकीभरि सयौं डेंगुका बिरामी, गोरखामा २ जनाको मृत्यु

गण्डकी प्रदेशका मुस्ताङ बाहेकका सबै जिल्लामा डेंगुका बिरामी भेटिएका छ । प्रदेशका १० वटा जिल्लामा बिहीबारसम्म ३ सय हाराहारीमा डेंगु संक्रमण पुष्टि भएको प्रदेश स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा नारायण श्रेष्ठले जानकारी दिए । मन्त्रालय डेंगु नियन्त्रणका लागि विभिन्न कार्यक्रमअघि सारिएको प्रवक्ता श्रेष्ठले बताए ।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका प्रमुख डा खड्काका अनुसार पछिल्लो समय गण्डकी प्रदेशमा डेंगु संक्रमण हुनेको संख्या बढ्दो छ । डेंगु संक्रमणका कारण गोरखामा २ जनाको मृत्यु भएको छ । पालुटार नगरपालिकाकी २७ वर्षीय महिला र गोरखा नगरपालिकाकी ७ वर्षीया बालिकाको डेंगु संक्रमणबाट मृत्यु भएको प्रमुख डा खड्काले बताए । 'उनीहरु बिरामी भएपछि गोरखा अस्पताल भर्ना भएका थिए, गत हप्ता डेंगु देखा परेको थियो । थप उपचारका लागि काठमाडौं रिफर गरेका थियौं । त्यहाँ उपचारको क्रममा उनीहरुको मृत्यु भएको हो,' उनले भने । गोरखामा हालसम्म ५८ जना डेंगुका बिरामी भेटिएका छन् ।

गण्डकी प्रदेशमा सबैभन्दा धेरै डेंगुका बिरामी तनहुँमा फेला परेका छन् । जिल्ला स्वास्थ्य कार्यालय तनहुँका अनुसार तनहुँमा ८८ जना डेंगुको बिरामी फेला परेका हु । 'हालसम्म ८८ जना डेंगुका बिरामी फेला परेका छन्, केही निको भएर डिस्चार्ज भएका छन्, केही उपचारका क्रममा अस्पतालनमा छन्, डेंगुबाट बच्न जनचेतना जगाउने कार्यक्रमअघि बढाएका छौं,' स्वास्थ्य कार्यालय तनहुँका शंकर अधिकारीले भने ।

# घट्यो विन्ध्यवासिनीको आम्दानी

## दिनमै हुन्थ्यो डेढ लाखसम्म, अचेल ५०/६० हजारमात्रै

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

कोभिड १९ को महामारीले जताततै असर गऱ्यो । व्यापार व्यवसाय चौपट भयो । अर्थतन्त्रमा धक्का लाग्यो । त्यस्तै असरको मारमा धार्मिक क्षेत्र पनि परेको छ । हो, पोखराको प्रसिद्ध विन्ध्यवासिनी मन्दिरमा पनि आम्दानीको स्रोत दुब्लाएको छ ।

कोभिड महामारीअघिसम्म भक्तजनको ताँती लाग्थ्यो । तिनले देवीलाई चढाएको छ भेटी र अरु पूजाआजा लगायतको आम्दानी दिनमै लाख डेढ लाख नै उठ्थ्यो । अचेल भने दैनिक ५०/६० हजार रुपैयाँ हाराहारीमा संकलन हुने गरेको जानकारी विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका कार्यवहाक अध्यक्ष सूर्यप्रसाद सुवेदीले दिए । 'महिनामा १४ लाख रुपैयाँ नभए पुग्दैन,' उनले भने । उनकै भनाइमा ४५ जना कर्मचारी, विद्याश्रम लगायतका लागि मासिक त्यति खर्च लाग्छ ।

३ सय वर्ष पुरानो विन्ध्यवासिनी मन्दिरको संरक्षण र रेखदेख ४० को दसकदेखि समितिले गर्दै आएको छ । समितिले मन्दिरमा भक्तजनले चढाउने भेटी पुजारीका खल्तीमा जाने परम्परा तोडेर समितिमै आउने थिति बसाएको छ । पुजारीहरु पनि तलबमा छन् । ४५ जना कर्मचारीमध्ये १० जना पुजारी, सरसफाइकर्ता, प्रशासकीय अधिकृत लगायत छन् । तलबमा मात्रै मासिक ९ लाख रुपैयाँ खर्च हुने समितिका कोषाध्यक्ष इन्द्रप्रसाद अधिकारीले जानकारी दिए । समितिका सचिव तीर्थ श्रेष्ठका अनुसार सिसी क्यामेरासमेत राखेर भेटी संकलन हुने गरेको छ । विन्ध्यवासिनीमा दर्शनार्थीले चढाएको भेटीबाहेक गणेश, सरस्वती, शिव, कृष्ण र हनुमान मन्दिरबाट पनि भेटी संकलन हुने श्रेष्ठले जानकारी दिए । ती सबै मन्दिर पनि विन्ध्यवासिनीकै परिसरमा छन् । मन्दिर परिसर २७ रोपनीमा फैलिएको छ ।

मन्दिर समितिलाई अनुष्ठान र पूजाआजबाट पनि मन्दिरलाई आम्दानी हुन्छ । रुद्राभिषेक, विवाह, व्रतबन्ध, जन्मोत्सवमा शुल्क छ । पार्किङ, लिफ्ट, फोटोग्राफर भाडा, पुस्तक बिक्री, एम्बुलेन्स सेवा शुल्क, सटर भाडा पनि मन्दिरका आम्दानीका स्रोत हुन् । 'मन्दिरको प्रत्येक दिनको आम्दानी पारदर्शी रुपमा त्यसै दिन संकलन हुन्छ,' श्रेष्ठले भने ।

सञ्चालन खर्चबाहेक मन्दिर र परिसर लगायतको पुनर्निर्माण तथा मर्मतमा आम्दानीलाई खर्च हुँदै आएको जानकारी श्रेष्ठले दिए । उनकै भनाइमा धार्मिक क्षेत्र विकास समितिको पहलमा नदीपुर पोखरामा प्राकृतिक चिकित्सालय निर्माणाधीन छ । त्यसमा समितिले १ करोड रुपैयाँ लगाएको छ ।

पोखरा १८ मा विन्ध्यवासिनी वेद विद्याश्रम निर्माणाधीन छ । त्यहाँ डेढ करोड रुपैयाँ लगाएको जानकारी श्रेष्ठले दिए । चिकित्सालय १ वर्षभित्र सञ्चालनमा आउने विश्वास गरिएको छ । १३ करोड रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको चिकित्सालयमा अहिलेसम्म ८ करोड रुपैयाँ खर्च भइसकेको र नेपाल सरकारबाट सहयोग आएको श्रेष्ठले बताए ।

विन्ध्यावासिनी मन्दिर को स्थापना कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहका पालामा भएको हो । मन्दिर धेरै पुरानो भएर ढल्किएको भए पनि पुरातत्व विभागको अनुमति नपाएकाले पुनर्निर्माण हुन सकेको छैन । विन्ध्यवासिनी देवीको जीर्ण प्रतिमाचाहिँ विभागकै अनुमतिले हालै मर्मत भएको छ ।




### दसैंमा नवदुर्गा महोत्सव

विन्ध्यवासिनी मन्दिरमा आउँदो दसैंको उपलक्ष्यमा नवदुर्गा भवानी देवीको शोभायात्रा र श्रीमद् देवी भागवत ज्ञान महायज्ञ हुने भएको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले हरेक दसैंमा गर्दै आएको उक्त कार्य यसपालि पनि निरन्तर गर्न लागेको हो ।

घटस्थापनाको दिन हुने शोभायात्रामा सामाजिक र जातीय, धार्मिक, सांस्कृतिक समुदायबाट प्रतिनिधित्व हुने जानकारी समिति सचिव तीर्थ श्रेष्ठले जानकारी दिए । नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी लगायत पनि शोभायात्रामा सहभागी हुने छन् । महायज्ञमा विन्ध्यवासिनी वेद विद्याश्रमका प्राचार्य नारायण देवकोटा बाचक हुने छन् । समितिले २०६४ देखि दसैंमा शोभायात्रा र महायज्ञ आयोजना हुने नवदुर्गा महोत्सव सञ्चालन गर्दै आएको छ ।

# भारतलाई हराउँदै नेपाल फाइनलमा

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

भारतलाई हराउँदै नेपाल साफ वुमेन्स च्याम्पियनसिप फुटबल २०२२ को फाइनल प्रवेश गरेको छ । दशरथ रंगशालामा उपस्थित ७ हजार दर्शकसामु शुक्रबार ५ पटकको च्याम्पियन भारतलाई १–० गोलले पराजित गर्दै नेपाल फाइनल प्रवेश गरेको हो ।

नेपाल यससँगै महिला साफमा पाँचौ पटक फाइनलमा पुगेको छ । यसअघि ४ पटकको फाइनलमा भने नेपाल पराजित हुँदा उपाधि विमुख भएको थियो । नेपालका लागि पहिलो हाफको अन्तिम मिनेटमा रश्मिकुमारी घिसिङले गोल गरिन् । प्रीति राईले मेहनेत गरेर दिएको क्रसमा रश्मिले डिबक्स भित्रबाट उत्कृष्ट फिनिसिङ गरेकी थिइन् ।

साफ च्याम्पियनसिपको इतिहासमा भारतमाथि नेपालको यो पहिलो जित हो । समग्रमा नेपालले भारतलाई हराएको यो दोस्रो पटक हो । यसअघि सन् २०१९ को हिरो गोल्डकपमा नेपालले भारतलाई पराजित गरेको थियो । नेपालसँग पराजित भएसँगै भारत पहिलोपटक साफ महिला च्याम्पियनसिपको सेमिफाइनलबाटै बाहिरिएको छ । भारत बाहिरिएसँगै महिला साफ च्याम्पियनसिपले नयाँ च्याम्पियन पाउने भएको छ । यसअघिका ५ संस्करणकै उपाधि भारतले जितेको थियो । नेपालको उपाधिको भीडन्त सोमबार वंगलादेशसँग हुनेछ ।



# चाडपर्वमा छुट दिने व्यवसायीको प्रतिबद्धता

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ



पोखरा उद्योग वाणिज्य संघले दसैं र तिहारलाई लक्षित गर्दै उपभोग्य सामग्रीमा छुट दिन व्यवसायीसँग आग्रह गरेको छ । अध्यक्ष पवनकुमार प्रजापतिले संघ अन्तर्गत रहेका विभिन्न वस्तुगत संघका अध्यक्ष र प्रतिनिसिँगको बिहीबार भएको बैठकमा यस्तो आग्रह गरेका हुन् ।

'चाडवाडमा सहुलियत दरमा उपभोग्य सामग्री बिक्री बितरण गर्दा व्यवसायी र उपभोक्ताबीचको सम्बन्ध सुमुधुर हुन्छ', उनले भने, 'त्यसले व्यवसाय विस्तारमा पनि सघाउँछ, सामाजिक उत्तरदायित्व पनि बहन हुन्छ ।'

अध्यक्ष प्रजापतिले स्वच्छ व्यवसाय गर्न तथा चाडवाड लक्षित अनुगमनलाई सघाउन पनि व्यवसायीसँग आग्रह गरे । अनुगमनको नाममा हुने अनावश्यक धरपकड भने अस्वीकार्य हुने उनको भनाइ छ । संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले व्यवसायीको सरोकार रहेको घरभाडा, न्यून बिजीकरण, बैंक ब्याज लगायतका समस्याबारे संघले निरन्तर पैरवी गरिरहेको बताए ।

संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले चाडवाड लक्षित सुव्यवस्थित बजार पोखरा उद्योग वाणिज्य संघको चाहना भएको बताए । कास्की पोखरा हस्तकला संघकी उपाध्यक्ष तथा संघकी पूर्वकार्यसमिति सदस्य सीता गुरुङले कच्चा पदार्थको मूल्य बढ्दा हस्तकला उद्योग संकटमा परेको सुनाइन् । पोखरा हार्डवयर एसोसियनका अध्यक्ष शेषकान्त ढकालले चाडवाडमा अखाद्य बस्तुको बिक्री-वितरण नगर्न व्यवसायीसँग आग्रह गरे ।

अधिकृत बिक्रेता संघ पोखराका अध्यक्ष अनिल श्रेष्ठले माल ढुवानी गर्ने साधनको स्वरुप बिगारेको आरोपसहित आफूहरुमाथि प्रहरी प्रशासनले अनावश्यक दु:ख दिएको गुनासो गरे । बढ्दो ट्राफिक अव्यवस्थालाई कम गर्न थोक बिक्रेताले साना गाडी प्रयोगमा ल्याएको र खाद्य सामग्रीको सुरक्षाका लागि छत र सामान निकाल्ने ढोका राख्दा समस्या भएको उनको भनाइ छ ।

पृथ्वी होटल संघका अध्यक्ष बालकृष्ण न्युरेले घरबहाल कर एकीकृत सम्पत्ति करसँगै उठाउने व्यवस्था हुनुपर्ने माग गरे । साँघुमुख महेन्द्रपुल व्यवसायी संघ अध्यक्ष रामचन्द्र तिमिल्सिनाले पोउवासंघले आयोजना गर्ने मेलामा स्थानीय उत्पादनको प्रदर्शनी र बिक्री हुनुपर्ने माग गरे । पोखरा फेब्रिकेटर्स एसोसियसन अध्यक्ष विश्वप्रकाश श्रेष्ठले नेपालको कर नीति राजस्व संकलनमा मात्रै केन्द्रीत भएकाले त्यसमा सुधार जरुरी भएको बताए ।

नेपाल सुनचाँदी तथा रत्न आभूषण संघका अध्यक्ष रामबहादुर विश्वकर्माले राजधानी बाहिरका व्यवसायीले काँचो सुन नपाएको गुनासो गरे । बगर व्यवसायी कल्याणकारीका अध्यक्ष प्रकाश बास्तोलाले पोखरा उद्योग वाणिज्य संघले वस्तुगत संघ र सरकारबीच पुलको काम गरोस् भन्ने कामना गरे ।

औषधी व्यवसायी संघ कास्की अध्यक्ष टीकाराम सापकोटाले सहकार्यले मात्रै समृद्धि हाँसिल हुने बताए । मुद्रण उद्योग संघ कास्की अध्यक्ष गिरबहादुर श्रेष्ठले मुद्रण उद्योगमा दक्ष जनशक्ति अभाव भएको बताउँदै जनशक्ति उत्पादनमा लाग्न संघसँग अनुरोध गरे । पोखरा महानगर चेम्बर अफ कमर्सका अध्यक्ष सविन जिसीले दसैंको बेला सरकारी तवरबाट दिइने छुट काठमाडौं केन्द्रीत भएको गुनासो गरे ।

पोखरा भाँडा व्यवसायी संघका अध्यक्ष पविन्द्र पालिखेले नक्सा पास नभएका घर टहरा भत्काउने महानगरको निर्णयले केही व्यवसायी समस्यामा परेको जानकारी गराए । पुस्तक तथा स्टेसनरी व्यवसायी संघ अध्यक्ष बैकुष्ठ पौडेलले अहिले व्यवसाय प्रवर्द्धनभन्दा पनि सुरक्षा मुख्य चुनौती भएको धारणा राखे । पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य बालकृष्ण कोइरालाले आउँदो दसैं र तिहारमा खाना पकाउने एलपिजी ग्यासको अभाव हुन नदिने प्रतिवद्धता गरे ।

# नेपाल भारत मैत्री संघको सभा आज

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

नेपाल भारत मैत्री संघले आठौं केन्द्रीय मैत्री सभा शनिबारदेखि पोखरामा हुँदै छ । पोखरा सभागृहमा सभा हुनेछ । पोखरा तथा गण्डकी प्रदेशको पर्यटन विकास प्रवर्द्धन गर्ने उद्देश्यले सभा पोखरामा गर्न लागिएको संघका कार्यवाहक अध्यक्ष शैलेन्द्र झाले बताए ।

'भारतीय पर्यटक बढीभन्दा बढी पोखरा भित्र्याउने योजना छ, सभाले पर्यटन विकासमा टेवा पुग्ने अपेक्षा छ,' उनले भने, 'नेपालका प्रमुख धार्मिकस्थल भ्रमणमा आउने भारतीय नागरिकलाई भारत सरकारले अनुदान दिने व्यवस्था मिलाउन पहलसमेत गरेका छौं ।' नेपालमा रहेका भारतीय नागरिक र भारतमा बस्ने नेपाली नागरिकका हक, अधिकारका लागि संघले काम गर्दै आएको छ । संघका नेपालका ७० जिल्लामा शाखा र १ सय २३ शाखा-उपशाखा छन् । सभामा ३ सयभन्दा धेरैको सहभागिता रहने आयोजकले जनाएको छ । कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गर्ने तय छ ।

संघका वरिष्ठ उपाध्यक्ष तुलबहादुर साउदले पर्यटकीय सहर पोखरामा संघको कार्यक्रम हुनुले यस क्षेत्रको प्रवर्द्धनमा टेवा पुग्ने जानकारी दिए । कार्यक्रम सफल पार्न तयारी पूरा भएको जानकारी पनि उनले दिए । संघका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश अध्यक्ष ऋषिराम सापकोटाले उक्त सभाले पोखराको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने भनाइ राखे । मैत्री संघले नेपाल र भारतको सम्बन्धमा थप प्रगाढता ल्याउन काम गर्दै आएको जानकारी पनि उनले दिए ।

सभामा अध्यक्ष, महासचिव र कोषाध्यक्षका प्रतिवेदन प्रस्तुत हुनुका साथै पोखराको पर्यटनबारे समेत चर्चा हुने छ । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा पनि सहभागी हुने भएका छन् । मैत्री संघले नेपालका विभिन्न जिल्लामा कोभिड १९, भूकम्प र बाढी पहिरोजस्ता समस्याका वेला राहत र सहयोग प्रदान गर्दै आएको जानकारी अध्यक्ष झाले दिए ।

# सिर्जना विकास केन्द्रको सभा

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ




सिर्जना विकास केन्द्र पोखरा ८ सिमलचौरको ४५ औं वार्षिक साधारणसभा तथा २२ औं अधिवशन शुत्रबार भएको छ । 'सिर्जनाको परिकल्पना, समुन्नत समाजको स्थापना' भन्ने नाराका साथ भएको अधिवशन पोखरा महानगरका उपमेयर मञ्जुदेवी गुरुङले अधिवेशनको उद्घाटन गरिन् ।

उपमेयर गुरुङले सामाजिक संघ संस्था पोखरा महानगरका लागि सहयोगी हात भएको बताइन् । उनले संघ संस्थासँगको समन्वय र सहकार्यमा सामाजिक र मानवीय क्षेत्रको काम गर्ने जानकारी दिइन् । सिर्जना विकास केन्द्रले महिला, बालबालिका, विपन्न वर्गको आर्थिक उन्नतिका लागि उल्लेखनीय काम गरेको उनले उल्लेख गरिन् ।

पोखरा महानगरपालिका वडा नम्बर ८ का कार्यवहाक अध्यक्ष पवित्रा केसीले सामाजिक क्षेत्रमा निस्वार्थ भावले काम गरेको संस्थासँगको सहकार्यमा विकास निर्माणका कामअघि बढाइने बताइन् । संस्थाका पूर्व अध्यक्ष तथा सल्लाहकार सभापति सोमनाथ बरालले देउसी भैलो खेलेर जुटाएर काम गरेको केन्द्र अहिले अन्य संस्थालाई सहयोग गर्ने स्थानमा पुगेको जानकारी दिए ।

समारोहमा संस्थाका ज्येष्ठ सदस्य शिवप्रसाद चालिसे र मनोविमर्श अभियन्ता जुनु श्रेष्ठलाई सम्मान गरियो । कार्यक्रममा संस्थाका जनप्रिय बहुमुखी क्याम्पसका प्रमुख लोकराज भण्डारी, नेपाल रेडक्रस सोसाइटी कास्की सभापति डोलराज पाण्डे, पोखरा महानगरपालिका वडा नम्बर ८ का पूर्व अध्यक्ष वीरेन्द्रनारायण बिजुक्छे, सिर्जना विकास केन्द्रका अध्यक्ष ईन्द्रप्रसाद पौडेल, केन्द्रका प्रथम उपाध्यक्ष कृष्णबहादुर थापा, सचिव विश्व श्रेष्ठ, संस्थाका पूर्व अध्यक्ष तथा सिर्जना बालगृहका संयोजक विश्व बिजुक्छे, सिर्जना बाल गृहका सल्लाहकार परशुराम बराल, पूर्व अध्यक्ष तथा सल्लाहकार शिवप्रसाद चालिसे, जल्पा लघुवित्त वित्तीय संस्थाका अध्यक्ष तथा निर्वाचन समितिका संयोजक वीरबहादुर अधिकारी, लगायतले सामाजिक क्षेत्रको गतिविधिबारे प्रकाश पारेका थिए ।

सभाले महासचिव चन्द्र गिरीले प्रस्तुत गरेको वार्षिक प्रगति प्रतिवेदन र कृष्णमान ठुसाजुले पेश गरेको आर्थिक प्रतिवेदन सुधारसहित पारित गरेको छ ।

# बुद्ध विशाल बजारले छान्यो विजेता




**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

पोखराको बुद्ध विशाल बजार व्यापारिक एसोसिएसनले नेपालीका चाडपर्व दसैं, तिहारलाई लक्ष्य गरी ल्याएको 'दसैं तिहार उपहारै उपहारको बहार' उपहार योजनाका दोस्रो मासिक विजेता छानिएका छन् । बुधबार एसोसिएसनको कार्य समितिले फेसबुक लाइभबाट मासिक उपहार विजेता छनोट कार्यक्रम गरी टिकट नम्बर सार्वजनिक गरेको हो ।

मासिक विशेष उपहार अन्तरगत ५ हजारको सपिङ भौचर विजेता टिकट नम्बरमा ८१२०४, ३८५३३, ३६७१४ र २५९०९ छन् । एसोसिएसनका अध्यक्ष केशवबहादुर खत्रीले लक्की ड्रमार्फत् विजेता घोषणा गरेका थिए । खत्रीले उपहार कार्यक्रममा प्रथम पुरस्कार स्कुटर, दोस्रो उपहार ४३ इन्चको स्मार्ट टेलिभिजन र तृतीय पुरस्कार स्मार्ट फोन १५ हजार बराबरको ३ जनालाई प्रदान गरिने बताए ।

बुद्ध विशाल बजार व्यापारिक एसोसिएसन भित्रका कुनै पनि पसलबाट ५ सयको समान खरिद गर्दा एउटा उपहार कुपन र १५ सयभन्दा बढीको खरिद गर्दा २ उपहार कुपन उपलब्ध गराइनेछ । मासिक विशेष उपहार सपिङ भौचर ५ हजार बराबरको ४ जनालाई लक्की ड्रमार्फत् उपलब्ध गराइने र महिनाको अन्तिम बुधबार खोलिने संस्थाका कोषाध्यक्ष तथा उपहार कार्यक्रमका संयोजक थमनसिंह गुरुङले जानकारी दिए ।

संस्थाका उपाध्यक्ष ईन्द्रराज अर्यालका अनुसार उपहार कार्यक्रम साउन १ गतेदेखि ५ महिनासम्म सञ्चालन हुनेछ । चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको एशोसिएसनले यस वर्ष धेरैभन्दा धेरै ग्राहकलाई समेटन यो उपहार योजना ल्याएको महासचिव बुद्धिबहादुर कुँवर बताए । यो बजारका करिब २ सय सटरमा फेन्सी, कस्मेटिक, जुत्ता, चप्पल, वित्तीय संस्था, रेस्टुरेन्ट, सारी, कुर्ता लगायतका पसल छन् ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, शरदृतु:, नलनाम संवत्सर, श्रीशाके १९४४, सम्वत २०७९ साल अश्विन २ गते रविबार नेपाल सम्बत ११४२ ञलागा, सन् २०२२ सेप्टेम्बर १८ तारिक कृष्णपक्ष अष्टमी तिथि अपरान्ह ४ वजेर ३८ मिनेटसम्म, मृगशिरा नक्षत्र अपरान्ह ४ वजेर ३२ मिनेटसम्म, सिद्धियोग, कौलवकरण, आनन्दादियोग सौम्य, सूर्य कन्या राशिमा, चन्द्रमा मिथुन राशीमा ।

## राशिफल



**वेदनिधि तिमिल्सिना**
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ आन्तरिक कुरा कसैलाई नखोल्नु धोका हुनसक्छ ।
- **वृष** ■ व्यापार व्यवसायबाट आम्दानी,मित्रबाट सहयोग ।
- **मिथुन** ■ होशियार रहनु, आर्थिक कारोवार विघ्नि सक्छ ।
- **कर्कट** ■ औषधि चिकित्सा जस्ता व्यापारबाट आम्दानी ।
- **सिंह** ■ गरेका काममा सोचे भन्दा राम्रो प्रगति हुनेछ ।
- **कन्या** ■ आस्था र विश्वासमा चोट,धार्मिक अनुष्ठान ।
- **तुला** ■ नोकरीमा समस्या,भौतिक सुखमा कमी आउने ।
- **वृश्चिक** ■ रजोगुण बढ्नेछ, पढाई लेखाईमा प्रगति हुने ।
- **धनु** ■ विरोधीसँगको मुद्धामा विजय,परिश्रमको फल मिल्ने ।
- **मकर** ■ भ्रमलाई चिरेर अगाडि बढ्नु पर्ने देखिन्छ ।
- **कुम्भ** ■ काममा उतार चढाव,स्वास्थ्य कमजोर हुनेछ ।
- **मीन** ■ आफ्नै बाहुबलबाट धेरै कामको छिनोफानो हुने ।

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

२१ औं वार्षिकोत्सव
हार्दिक शुभकामना
गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

घिरिङ गाँउपालिकाको सूचना !

१. गाउँपालिकालाई सफा, हराभरा बनाउ यस कार्यमा सम्पूर्ण गाउँबासी एक भैजुटौं ।
२. गाउँपालिका क्षेत्र भित्र रहेको सडक सार्वजनिक स्थलमा जथाभावी फोहोर नफालौ, आफ्नो घर आँगन सधै आफै सफा गरौ । पलास्टिक जथाभावी नफालौ/पलास्टिकमुक्त गाउँ बनाउने अभियानमा हामी सबैले सहयोग गरौ ।
५. आफ्नो घर वरपर बोट/बिरूवा रोपी हरियाली बनाऔ ।
६. गाउँपालिका क्षेत्रभित्र सडक पेटीमा आफ्ना पशु चौपाया जथाभावी नछाडौं ।
७. गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौ । व्यवसाय संचालन गर्दा गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं, बालबालिकालाई घरेलु काममा होइन, विध्यालय पढ्न पठाऔ ।
१०. विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔ ।
११. महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
१२. घरेलु हिंसा विरूद डटेर लडौ, सभ्य समाजको निर्माणमा सहयोग पुर्याऔ ।
१३. घर, जग्गा, सम्पति कर र मालपोत कर समयमा नै गाउँपालिकाको कार्यालयमा बुझाऔं ।

विष्णु प्रसाद पोखरेल — प्रमुख प्रशासकीय अधिकृत
राधादेवी अधिकारी — उपाध्यक्ष
होमबहादुर थापा — अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ, गण्डकी प्रदेश

२१ औं वार्षिकोत्सव
हार्दिक शुभकामना
गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरिनाश गाँउपालिकाको सूचना !

१. गाउँपालिकालाई सफा, हराभरा बनाउ यस कार्यमा सम्पूर्ण गाउँबासी एक भैजुटौं ।
२. गाउँपालिका क्षेत्र भित्र रहेको सडक सार्वजनिक स्थलमा जथाभावी फोहोर नफालौ, आफ्नो घर आँगन सधै आफै सफा गरौ । पलास्टिक जथाभावी नफालौ/पलास्टिकमुक्त गाउँ बनाउने अभियानमा हामी सबैले सहयोग गरौ ।
५. आफ्नो घर वरपर बोट/बिरूवा रोपी हरियाली बनाऔ ।
६. गाउँपालिका क्षेत्रभित्र सडक पेटीमा आफ्ना पशु चौपाया जथाभावी नछाडौं ।
७. गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौ । व्यवसाय संचालन गर्दा गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं, बालबालिकालाई घरेलु काममा होइन, विध्यालय पढ्न पठाऔ ।
१०. विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔ ।
११. महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
१२. घरेलु हिंसा विरूद डटेर लडौ, सभ्य समाजको निर्माणमा सहयोग पुर्याऔ ।
१३. घर, जग्गा, सम्पति कर र मालपोत कर समयमा नै गाउँपालिकाको कार्यालयमा बुझाऔं ।

पर्शुराम उपाध्याय — प्रमुख प्रशासकीय अधिकृत
इन्द्र कुमारी थापा राना — उपाध्यक्ष
खिम नारायण मानन्धर — अध्यक्ष

हरिनाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा, गण्डकी प्रदेश

वर्गीकृत विज्ञापन डिस्प्ले

neo बम्पर उपहार
FILTER | SOLAR WATER HEATER | GAS HOB | CHIMNEY
हरेक NEO Appliance को खरिदमा Scratch Sure-Shot Discount / Cashback Offier र १ जना भाग्यशाली Customer लाई Scooter जित्ने अवसर ।
खरिदका लागि सम्पर्क :
पायोनियर इन्टरनेशन ट्रेडिङ
पोखरा-११, रानीपौवा । ९८५६०२५३७०

मोबाइल पसल बिक्रीमा
न्यूरोडको प्राइम लोकेशनमा चालु अवस्थामा रहेको मोबाइल पसल विशेष कारणबस बिक्रीमा छ ।
सम्पर्क:
९८०६६-७७०७२

लेकसाइडको क्याफे बिक्रीमा
लेकसाइडको सेन्टर प्वाइन्ट स्थित चालु अवस्थाको क्याफे विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क:
98161-84166
98122-68792

तुरुन्त बिक्रीमा
पोखरा स्थित अति व्यस्त रेष्टुरेन्ट तथा पार्टी प्यालेस लामो भाडा सम्झौतासहित तुरुन्त बिक्रीमा छ । इच्छुकले मात्र सम्पर्क राख्नुहोला । मूल्य आपसी समझदारीमा हुनेछ ।
सम्पर्क समय: बिहान ८ बजे देखि बेलुका ८ बजेसम्म ।
९८०६६-२२२४२
जीवन शर्मा

पोखरा मोबाईल टावर
व्यवसायिक प्रयोजनका लागि सटर भाडामा उपलब्ध छ ।
उदयबहादुर के.सी. (लाहुरे दाई)
प्रोभिजन स्टोर्स, गेम हाउस, सहकारी तथा बैंक QFS Hall, Institute & Consultancy लगायत सबै व्यवसायका लागि अति उपयुक्त ठाउँ। पार्किङ, लिफ्ट तथा वाइफाईको सुविधा भएको।
सम्पर्क:
९८५६०४८०८२, ९८४६१४८०८२
गण्डकी प्रदेशकै ठूलो मोबाईल सेन्टर, पोखरा मोबाईल टावर

घर बिक्रीमा
पोखरा-१६ महेन्द्र गुफा भन्दा १०० मिटर माथि ६ आनामा बनेको २ तले घर तथा जग्गा बिक्रीमा छ ।
सम्पर्क:
9829140341
9866048306

खाजाघर बिक्रीमा
पोखरा-१२, ढिकालेथर स्थित खाजाघर विशेषकारणबस तु-बिक्रीमा छ ।
मूल्य रू. १ लाख ५० हजार मात्र ।
सम्पर्क:
9826645553
9819137083

सटर भाडामा/घर बिक्रीमा
- पोखरा-१५, गलेश्वर मन्दिर नजिक प्रहरी तालिम केन्द्र र सशस्त्र तालिम केन्द्र जानेचोक एवं घना बस्तीको बिचमा कुनै प्रकारको व्यापार गर्न मिल्ने सटरहरू भाडामा ।
- पोखरा-१४ बलभद्र स्कुलको नजिक साढे दुई आना जग्गामा टिनको घर बिक्रीमा पिच बाटो ।
मूल्य रू. ४७ लाख मात्र ।
सम्पर्क:
9867419417, 9816194785

## सम्बन्धनको विरोधमा अनसन



पोखरा, ३१ भदौ (समाधान) - पोखरा विश्वविद्यालयमा विद्यार्थीले रिले अनसन थालेका छन् । विश्वविद्यालयले अनावश्यक रुपमा सम्बन्धन दिएको भन्दै आन्दोलन गर्दै आएको नेविसंघ पोखरा विश्वविद्यालय मुल इकाइ समितिले माग पूरा गर्न दबाबका लागि रिले अनसन गरेको हो ।

लेखनाथ, ढुंगेपाटनमा रहेको विश्वविद्यालयको मुल द्वारअघि विद्यार्थी अनसन बसेको विद्यार्थी नेता राजीव भण्डारीले बताए । इकाइ सभापति सिरोज सुवेदीले आफूहरुको माग सम्बोधन नगरी उल्टै झूठा मुद्दा लगाउने काम विश्वविद्यालयले गरेको दाबी गरे । विश्वविद्यालयले हालसम्म ५८ कलेजलाई सम्बन्धन बाँडेको उनको भनाइ छ ।

यसैबीच, नेविसंघ पोखरा विश्वविद्यालयका नेता युनिक लम्सालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'विश्वविद्यालयलाई नै धराशायी बनाउन थालिएका यस्ता क्रियाकलापविरुद्ध नेपाल विद्यार्थी मुल इकाइ समिति रिले अनसनजस्तो कठोर आन्दोलनका कार्यक्रम गर्न लागेको छ ।'

# पोखरा चिनाउनेका चित्र प्रदर्शनी

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

संविधान दिवसको अवसरमा साहसी बालक कमल नेपाली अध्ययन प्रतिष्ठानले चित्रकला प्रदर्शनी गर्ने भएको छ । २०६५ असार १० गते पोखरा १५ खरबारी स्थित सोती नदीको खोंचमा खसेकी आराधना प्रधानलाई २२ घण्टापछि सकुशल उद्धार गर्न सफल -त्यति बेला ११ वर्षका) नेपालीको योगदानको कदर गर्दै प्रतिष्ठान गठन भएको हो ।

असोज ३ गते नेपाल पर्यटन बोर्डको सभाहलमा फोटो प्रर्दशनी गर्न लागेको प्रतिष्ठानका अध्यक्ष डिलबहादुर नेपालीले जानकारी दिए । उनले कास्की जिल्लामा जन्मेका तथा पोखरालाई कार्यक्षेत्र मानेर विभिन्न विधामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान बनाएका अग्रज व्यक्तित्वको तस्बिर (पेन्सिल आर्ट) प्रर्दशनीमा राखिने बताए । उनले ती तस्बिरको पेन्सिल आर्टका लागि अजय नेपालीले सघाएको जनाए । गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले फोटो प्रदर्शनीको उद्घाटन गर्ने कार्यक्रम छ ।

'साहसी बालक कमलको जिम्न्यास्टिक, पौडी र चित्रकलामा विशेष रुचि छ,' अध्यक्ष नेपालीले भने, 'उनको रुचि चित्रकलाको संरक्षण र प्रवर्द्धनका लगि आर्ट ग्यालरी सञ्चालन गर्न प्रतिष्ठानले पहल गर्ने छ ।' उनले विश्वमै मानवीय उद्धारको क्षेत्रमा काम गरेका कमल नेपालीको योगदानको स्मरणमा विभिन्न रचनात्मक र सिर्जनात्मक कार्यक्रम गर्ने जानकारी दिए ।

प्रतिष्ठानका अध्यक्ष नेपालीका अनुसार काठमाडौंको जेभियर इन्टरनेसनल स्कुलमा माध्यमिक तहको शिक्षा हासिल गरेका कमलले उच्च शिक्षा अध्ययनका लागि रुचि देखाएनन् । पोखरा घर फर्केर पेशा, व्यवसाय अगाल्ने योजना बनाएका कमलका बुवा र आमा दुवैको निधन भएपछि उनी मामा घर बस्न थालेका छन् । अध्यक्ष नेपालीले कमलको घर, परिवारको आर्थिक अवस्था नाजुक भएको कारण उनको जीविकोपार्जनको लागि सम्बन्धित निकायसँग पहल गर्ने जनाए ।

१५ वर्षअघि सेती खोंचबाट उद्धार गर्दा साढे २ वर्षकी आरधानाले अहिले एसइई उत्तीर्ण गरेकी छिन् ।

# 'अन्तिम संस्कार' टोली मुस्ताङमा

**समाधान संवाददाता**
जोमसोम, ३१ भदौ



मुस्ताङमा नेपाली कथानक चलचित्र 'अन्तिम संस्कार'को शुक्रबारदेखि छायांकन सुरु भएको छ । शाही प्रोडक्सन नेपाल प्रालिको ब्यानरमा निर्माण हुन लागेको चलचित्र अन्तिम संस्कार छायांकनको क्रममा दर्जन बढी कलाकार अहिले मुस्ताङमा छन् ।

सांस्कृतिक तथा सामाजिक कथावस्तु समेटिएको 'अन्तिम संस्कार'को छायांकन गर्न अग्रज कलाकार विजय लामासहितको चलचित्र युनिट मुस्ताङ आएको हो । चलचित्र युनिटले मुस्ताङमा करिब ४० प्रतिशत छायांकन सकेर बाँकी छायांकन काठमाडौं गर्ने जनाएको छ । मुस्ताङको जोमसोम, मार्फा, कागबेनी र मुक्तिनाथ क्षेत्रमा चलचित्र चलचित्र छायांकन गरिने निर्माता विनोद सुवेदी खत्री (टाटेनिक)ले जानकारी दिए ।

चलचित्र 'अन्तिम संस्कार'का निर्माता विनोद सुवेदी हुन् भने निर्देशन प्रदीप शाहीले गरेका छन् । झन्डै डेढ करोड लागत रहेको सो चलचित्रमा कलाकार विजय लामासहित दिया पुन, कृष्णभक्त महर्जन, यमनराज उप्रेती, श्याम राई, शारदा गिरी, त्रिचु राई, सश्मिता गिरी, दिग्गज खत्री लगायतको अभिनय छ । छायांकन बाबु श्रेष्ठले गर्दै छन् ।

मुस्ताङ सडक सञ्जालमा जोडिएसँगै स्वदेशी तथा विदेशी चलचित्र छायांकन गर्ने क्रम बढेको छ । पृथक भूगोल, प्राकृतिक सौन्दर्य, धार्मिक, सांस्कृतिक तथा पुरातात्तिक सम्पदाले चलचित्रकर्मीको नजर मुस्ताङमा परेको हो ।

## बालश्रम घटाउन सडक नाटक



**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

पोखरा उद्योग वाणिज्य संघ अन्तर्गतको बालश्रम न्यूनीकरण कार्यक्रमले सडक नाटक प्रदर्शन गरेको छ । बालबालिकामा सन्देश फैलाउने उद्देश्यले सडक नाटक प्रदर्शन भएको हो ।

पोखराको छोरेपाटन, पार्दी, पृथ्वीचोकका श्रम तथा जोखिममा रहेका बालबालिकाको सिकाई केन्द्रका विद्यार्थीको सहभागितामा नाटक मञ्चन भएको हो । बालबालिकाको संरक्षण, हक, हितको दृश्य चित्रण देखाउन खोजिएको र अभिभावकलाई आफ्ना बालबालिकाप्रति जिम्मेवार कसरी बन्ने भन्ने सन्देश समाजका हरेक नागरिकलाई दिन सडक नाटक गरिएको कार्यक्रम संयोजक प्रीति पाण्डेले बताइन् ।

नाटक कार्यक्रममा स्थानीय जनप्रतिनिधि, तारासेवा परिवार लगायतको उपस्थिति थियो । नाटक समापन कार्यक्रम पृथ्वीचोकमा आयोजना गरिएको थियो । कार्यक्रममा पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले स्थानीय सरकार प्रमुखको नाताले यस संस्थालाई आफ्नो सहयोग रहने बताए ।

कार्यक्रममा सहारा सिकाई केन्द्र पृथ्वीचोकका अध्यक्ष उत्तम जोशी, पार्दी माविका प्रधानाध्यापक वामदेव पौडेल, संस्थाका परियोजना निरीक्षक विजय अधिकारी, सफल बराल लगायतले बोलेका थिए ।

## वन विज्ञानलाई क्युएए

पोखरा, ३१ भदौ (समाधान) - पोखराको वन विज्ञान अध्ययन संस्थानले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) प्रमाणपत्र प्राप्त गरेको छ । विश्वविद्यालय अनुदान आयोगले संस्थानलाई उक्त प्रमाणपत्र प्रदान गरेको हो ।

गुणस्तर मूल्यांकनका सबै चरण पूरा गरेपछि उक्त प्रमाणपत्र प्राप्त हुन्छ । उच्च शिक्षामा कृषि तथा वनतर्फ क्युएए पाउने पोखराको वन क्याम्पस नेपालकै पहिलो हो ।

त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा हाल स्नातक (बिएससी फरेस्ट्री) र स्नातकोत्तर तहका विभिन्न कार्यक्रममा ५ सय ४८ विद्यार्थी छन् । स्नातकोत्तर तहमा वन, सामुदायिक वन, प्राकृतिक स्रोत व्यवस्थापन तथा ग्रामीण विकास र जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालनमा छन् ।

क्याम्पसले बिहीबार एक कार्यक्रम गरी क्युएए प्रमाणपत्र पाएको खुसी साटेको छ । कार्यक्रममा क्याम्पस प्रमुख विनोदप्रसाद हेयजुले लामो प्रयासपछि क्युएए प्रमाणपत्र पाएकोमा खुसी व्यक्त गरे । उनका अनुसार सन् २०१६ देखि क्युएएको यात्रा सुरु गरे पनि गति लिन सकेको थिएन । पुन: २०१८ मा क्युएएको प्रक्रियामा प्रवेश गर्‍यो ।

# भिभोका २ नयाँ सेट

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ



भिभोले शुक्रबार वाई सिरिजका २ नयाँ स्मार्टफोन वाइ ३५ र वाइ २२ सार्वजनिक गरेको छ । स्टाइलिस तथा आकर्षक यी सेट युवाको रोजाइमा पर्ने कम्पनीको विश्वास छ ।

भिभो नेपालका सिइओ माइकलले यी स्मार्टफोन ग्राहकको आवश्यकतालाई ध्यानमा राखेर बनाइएको बताए । भिभो वाइ ३५ मा ५ हजार एमएएच ब्याट्री छ । यसको ५० एमपी ट्रिपल रियर क्यामेराले उत्कृष्ट क्यामेरा क्षमता प्रदान गर्दछ । यसमा सुपर नाइट क्यामेरा विशेषता पनि छन् ।

भिभो वाइ २२ मा मिडियाटेक हेलियो जी ८५ प्रोसेसर छ । यो स्मार्टफोन १८ वाट फास्ट चार्जको साथमा शक्तिशाली ५ हजार एमएएच ब्याट्रीद्वारा सञ्चालित छ । वाइ २२ मा ५० एमपी रियर क्यामेरा छ, जसबाट स्पष्ट, आश्चर्यजनक र ब्राइट तस्बिर लिन सकिन्छ । वाइ २२ मा सुपर नाइट क्यामेरासँगै भिडियो फेस ब्युटी र मल्टी स्टाइल पोर्ट्रेट लगायत विभिन्न विशेषता छ ।

# सामाजिक सुरक्षा कोषबारे छलफल

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

लेखनाथ क्षेत्रमा रहेका उत्पादनमूलक उद्योग, पर्यटन उद्योग, स्वास्थ्य तथा शैक्षिक संघ संस्थासँग आवद्ध सञ्चालक तथा व्यवस्थापकले बुधबार सामाजिक सुरक्षा कोषसम्बन्धी छलफल गरेका छन् । लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा भएको कार्यक्रममा सामाजिक सुरक्षा कोषका उपनिर्देशक एवं सहप्रवक्ता रोहित रेग्मीले कोषका नीति, नियम तथा प्रावधानबारे कार्यपत्र प्रस्तुत गरे ।

लेखनाथ उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य एवं व्यवसायिक ज्ञान तथा सीप विकास उपसमिति संयोजक विक्रम कर्माचार्यको सभापतित्वमा भएको कार्यक्रममा यस क्षेत्रका उद्योग प्रतिष्ठान, शैक्षिक संस्थान, सहकारी तथा संघ संस्थामा आवद्ध प्रमुख तथा सञ्चालकको सहभागिता थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य बाबुराम गिरीले रोजगारदाता र श्रमिकबीच रहेको सम्बन्ध विस्तार गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुन्याउनु जरुरी रहेको बताए । उनले नेपाल सरकारसँग मिलेर कार्य गर्न तथा विद्यमान श्रम ऐन, सामाजिक सुरक्षा ऐन नियमावलीमा भएका व्यवस्था बमोजिमका सुविधाकाबारे जानकारी दिन कार्यक्रम सहयोगी हुने अपेक्षा गरे ।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, संघका महासचिव उपेन्द्रराज सुवेदी (राजु), संघका निवर्तमान अध्यक्ष बलराम ढकाल, पूर्व अध्यक्ष सुमन भट्टराई, लक्ष्मीप्रसाद त्रिपाठी, कृष्णहरि भण्डारी लगायतले बोलेका थिए ।

## बाल दिवसमा विविध कार्यक्रम

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

एसओएस हरमन माइनर गण्डकीमा ५८ औं राष्ट्रिय बाल दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । कार्यक्रममा बालबालिकाले एकल तथा सामूहिक गायन, नृत्य, अभिनय, नाटिका आदि प्रदर्शन गरे ।

विजयी प्रतियोगीलाई एसओएस बालग्रामका योजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका निमित्त प्राचार्य चूडामणि सुवेदीले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे । कार्यक्रममा पोखरा १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँले बालबालिकाको आधारभूत अधिकार संरक्षणका लागि सबै पक्ष संवेदनशील हुनुपर्ने बताए ।


प्रतियोगिताको मूल्यांकन समितिमा मानबहादुर गुरुङ, संगीता आले र रोम तामाङ थिए । कार्यक्रममा हर्मान इन्टरनेसनल इन्डिया प्रालिका निर्देशक अक्षयसिंह खन्ना, एसओएस बालग्रामका योजना निर्देशक प्रदीपभक्त आचार्य, विद्यालयका सहप्राचार्य किरण सापकोटा, शिक्षक कर्मचारी तथा कल्याणकारी युनियन एसओएस गण्डकीका इकाइ अध्यक्ष टीकाराम सुवेदी र विद्यार्थीद्वय मञ्जुश्री अधिकारी र अनन्त आचार्यले बोलेका थिए ।


## त्रिवेणी इन्टरनेशनल कलेज लि. को वार्षिक साधारण सभा सम्बन्धी सूचना !

यस **त्रिवेणी इन्टरनेशनल कलेज लि.** पोखरा २७ तालचोकको यही **मिति २०७९/०६/०८ गते शनिबार** बिहान ११:०० बजेदेखि कलेजको ***सातौ वार्षिक साधारण सभा*** संचालन हुने र सो सभामा आर्थिक वर्ष २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन, अध्यक्षको प्रतिवेदन, आगामी वार्षिक कार्यक्रम, नयाँ आ.व.को लागि लेखापरिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण एवं अन्य विविध विषयहरुमा छलफल तथा निर्णय हुने व्यहोरासहित सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि सूचना अवगत गराइन्छ ।

**सुमन भट्टराई**
अध्यक्ष
**त्रिवेणी इन्टरनेशनल कलेज लि.**
पोखरा-२७, तालचोक


## हार्दिक समवेदना



**जन्म मिति:**
**वि.सं. २०१५ पौष ३० गते**

**स्वर्गारोहण मिति:**
**वि.सं. २०७९ भदौ २० गते**

**स्व. दशरथ आचार्य**

नेपाल रेडक्रस सोसाइटी, पोखरा-११ उपशाखा, काहुँका सभापति, बौद्धिक एवं सामाजिक व्यक्तित्व **दशरथ आचार्य**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय दशरथ आचार्यप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**डोलराज पाण्डे**
सभापति एवं
**नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा परिवार**


## शिशुवा बचत तथा ऋण सहकारी संस्था लि.
Shishuwa Saving & credit co-operaive society Ltd.
पोखरा महानगरपालिका वडा नं. ३०, शिशुवा, कास्की
फोन नं.: ०६१-५६१०४४

## सोह्रौ वार्षिक साधारण सभा तथा छैटौ अधिवेशन सम्बन्धी सूचना

यस **शिशुवा बचत तथा ऋण सहकारी संस्था लि.**को मिति २०७९/०५/१० गते सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय अनुसार ***सोह्रौ वार्षिक साधारण सभा तथा छैटौं अधिवेशन*** निम्न मिति, स्थान र समयमा सम्पन्न गर्ने निर्णय भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्युहरूलाई पत्राचार गरिसकिएको छ । कुनै कारण बस पत्र वा जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थित हुनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**
**मिति :- २०७९/०६/१० गते सोमबार**
**स्थान :- लेखनाथ उद्योग वाणिज्य संघको सभाहल, भण्डारढीक**
**समय : बिहान ७:३० बजे**

**संचालक समितिको आज्ञाले**
**सचिव**
**भरतराज न्यौपाने**

## हार्दिक शुभकामना

**गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**भानु नगरपालिकाको अनुरोध !**

- कोरोना महामारीको जोखिम अझै रहेकोले स्वास्थ्य मापदण्ड अनुसारको सावधानी अपनाऔं,
- नियमित खोप अभियानमा सरिक होऔं र स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिऔं,
- फोहोर वर्गीकरण स्रोतमानै गरी कुहिने र नकुहिनेलाई व्यवस्थित गर्ने बानीको विकास गरौं,
- वातावरणीय प्रदुषण कम गर्न प्लाष्टिकको विकल्पमा कागज तथा कपडाका झोलाहरू प्रयोग गरौं,
- व्यापार व्यवसाय गर्दा सडक, फुटपाथ तथा सडकपेटीहरूको अतिक्रमण नगरौं,
- सार्वजनिक बाटो, सडकपेटी, गल्लीहरू तथा नगरपालिकाले निषेध गरेको क्षेत्रमा काटमार नगरौं,
- गुणस्तरहिन मालसामान तथा बस्तुहरूको खरिद तथा बिक्री वितरण नगरौं,
- घर पालुवा जनावरहरू व्यवस्थित रूपमा पाल्ने बानीको विकास गरौं,
- सार्वजनिक सम्पदा तथा सम्पत्तिहरूको संरक्षण र सम्बर्द्धनमा जोड दिऔं,
- पेशा, व्यवसाय कानुन बमोजिम दर्ता गरी सञ्चालन गरौं,
- व्यक्तिगत घटनाहरू समयमा नै अनलाइन मार्फत दर्ता गरौं,
- अपाङ्गता, ज्येष्ठ नागरिक, महिला, बालबालिकाहरूको सम्मान एवं सुरक्षाको लागि प्रतिबद्ध होऔं,
- भौतिक संरचनाहरू निर्माण गर्दा नगरपालिकाबाट अनिवार्य रूपमा स्वीकृति लिएर मात्र गरौं,
- नगरपालिकामा सूचीकृत निर्माणकर्मीहरू मार्फत भूकम्प प्रतिरोधी भौतिक संरचना निर्माण गरौं,
- जग्गा खार्दा वा सम्याउँदा नगरपालिकाको अनिवार्य स्वीकृति लिएर मात्र गरौं,
- टोल विकास संस्था भित्र जडान भएका सडक बत्तीको महशुल टोलबाट नै तिर्ने बानीको विकास गरौं,
- सफा, स्वच्छ, हराभरा व्यास नगर बनाउन सबै एकजुट होऔं ।

**दीपकप्रसाद खतिवडा** — प्रमुख प्रशासकीय अधिकृत
**उमा गोतामे** — उप-प्रमुख
**आनन्द राज त्रिपाठी** — नगर प्रमुख

**भानु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, तनहुँ, गण्डकी प्रदेश**



## हार्दिक शुभकामना

**गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**



**व्यास नगरपालिकाको अनुरोध !**



- कोरोना महामारीको जोखिम अझै रहेकोले स्वास्थ्य मापदण्ड अनुसारको सावधानी अपनाऔं,
- नियमित खोप अभियानमा सरिक होऔं र स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिऔं,
- फोहोर वर्गीकरण स्रोतमानै गरी कुहिने र नकुहिनेलाई व्यवस्थित गर्ने बानीको विकास गरौं,
- वातावरणीय प्रदुषण कम गर्न प्लाष्टिकको विकल्पमा कागज तथा कपडाका झोलाहरू प्रयोग गरौं,
- व्यापार व्यवसाय गर्दा सडक, फुटपाथ तथा सडकपेटीहरूको अतिक्रमण नगरौं,
- सार्वजनिक बाटो, सडकपेटी, गल्लीहरू तथा नगरपालिकाले निषेध गरेको क्षेत्रमा काटमार नगरौं,
- गुणस्तरहिन मालसामान तथा बस्तुहरूको खरिद तथा बिक्री वितरण नगरौं,
- घर पालुवा जनावरहरू व्यवस्थित रूपमा पाल्ने बानीको विकास गरौं,
- सार्वजनिक सम्पदा तथा सम्पत्तिहरूको संरक्षण र सम्बर्द्धनमा जोड दिऔं,
- पेशा, व्यवसाय कानुन बमोजिम दर्ता गरी सञ्चालन गरौं,
- व्यक्तिगत घटनाहरू समयमा नै अनलाइन मार्फत दर्ता गरौं,
- अपाङ्गता, ज्येष्ठ नागरिक, महिला, बालबालिकाहरूको सम्मान एवं सुरक्षाको लागि प्रतिबद्ध होऔं,
- भौतिक संरचनाहरू निर्माण गर्दा नगरपालिकाबाट अनिवार्य रूपमा स्वीकृति लिएर मात्र गरौं,
- नगरपालिकामा सूचीकृत निर्माणकर्मीहरू मार्फत भूकम्प प्रतिरोधी भौतिक संरचना निर्माण गरौं,
- जग्गा खार्दा वा सम्याउँदा नगरपालिकाको अनिवार्य स्वीकृति लिएर मात्र गरौं,
- टोल विकास संस्था भित्र जडान भएका सडक बत्तीको महशुल टोलबाट नै तिर्ने बानीको विकास गरौं,
- सफा, स्वच्छ, हराभरा व्यास नगर बनाउन सबै एकजुट होऔं ।



**हरिराम नागिला** — प्रमुख प्रशासकीय अधिकृत
**इन्दिरा दरै** — उप-प्रमुख
**वैकुण्ठ न्यौपाने** — नगर प्रमुख

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, दमौली तनहुँ, गण्डकी प्रदेश**

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



# रंगशाला सऱ्यो नगर खेलकुद समिति

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ



पोखरा महानगरपालिका मातहतको खेलकुद विकास समितिले खेलाडीलाई १० लाख रूपैयाँ बराबरका खेल सामग्री वितरण गरेको छ । नगर प्रमुख धनराज आचार्यको उपस्थितिमा शुक्रबार पोखरा रंगशालामा खेलसम्बद्ध संघ, संस्था, प्रशिक्षक र खेलाडीलाई खेलकुद विकास समितिले सामग्री वितरण गरेको हो हो ।

बास्केटबल, भलिबल, फुटबल, आइटिएफ तेक्वान्दो, केन्पो काइ, बक्सिङ, मुआ थाइ, उसु, एथलेटिक्स, कराँतेल गायत खेलका संघ, संस्था, प्रशिक्षक र खेलाडीलाई १ देखि ६६ थानसम्म सामग्री वितरण गरिएको छ ।

मेयर आचार्यले असोज अन्तिममा पोखरामा हुने नवौँ राष्ट्रिय खेलकुदमा धेरै पदक जित्ने गरी मिहिनेत गर्न प्रशिक्षक र खेलाडीलाई आग्रह गरे । खेलकुद विकास समितिको कार्यालय मेयर आचार्यले शुक्रबार नै रंगशालामा उद्घाटन गरेका छन् । यसअघि कार्यालय ड्यामसाइडस्थित शिक्षा महाशाखासँगै थियो । खेलसम्बद्ध निकाय भएको र रंगशालामा राख्दा कार्यसम्पादनमा सहज हुने भएकाले कार्यालय सारिएको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले बताए ।

'पोखरा उत्कृष्ट आतिथ्यता दिने सहर हो । पाहुनालाई सम्मानजनक व्यवहार गर्न चुक्नु हुँदैन,' उनले भने, 'सम्मान त गर्ने हो, त्योसँगै पदक पनि जित्नुपर्छ । ३६ खेलमध्ये धेरैभन्दा धेरै खेलमा पदक गण्डकी प्रदेशले ल्याउने गरी मिहिनेत आवश्यक छ ।'

नवौँ राष्ट्रिय खेलकुद सफल पार्न स्थानीय आयोजक भएको नाताले पोखरासँगै प्रदेशका खेल संघ र खेलाडी लाग्नुपर्ने उनले बताए । 'राम्रो भयो भने त्यसको जस हामीले नै पाउछौं । केही नराम्रो भए पोखरा र हाम्रै बद्नाम हुने हो । खेलसँग सम्बन्धित सबै अनुशासित र मर्यादित हुन जरुरी छ,' उनले भने । पोखराबाट राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रशिक्षक उत्पादन गर्ने गरी योजना ल्याउने मेयर आचार्यले बताए ।

थोरै बजेट भए पनि सके जति खेललाई सामग्री बाँडेर सम्बोधन गर्ने प्रयास गरेको खेलकुद विकास समिति अध्यक्ष दीपकबहादुर गोदारले बताए । नवौँ राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडीलाई यस पटक सम्बोधन गरेको उनको भनाइ छ ।

# गीतमार्फत् सरोज गोपाल सम्झिइँदै

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ




कालजयी गीतका संकलक एवं गायक सरोजगोपाल बज्राचार्यको आठौं स्मृति दिवसमा पोखरेलीले उनका गीत सुन्न पाउने भएका छ । यो अवसरमा आज पोखरेली युवा सांस्कृतिक परिवारले सरोज गोपाल स्मृति सांगीतिक साँझ आयोजना गरेको छ ।

सरोज गोपालले आफ्नो जीवनकालमा विभिन्न कालजयी गीतमा संगीतसहित आवाज दिएका थिए । देउराली उकाली चढेर, नक्कलीलाई भगाइ लग्यो झिल्केले, दाइको घर कहाँ हो कहाँ, करोडौं मुटुहरुको ढुकढुकी जस्ता दर्जनौं चर्चित लोक तथा राष्ट्रिय गीतले गर्दा आम नेपालीले उनलाई सम्झिइरहेका छन् ।

२००९ मंसिर २ गते जन्मेका उनको नाम गोपाल बज्राचार्य भए पनि फेरेर सरोज गोपाल बनाएका थिए । सयौं गीत गाएका उनी यसै नामले चिनिए । नगर विकास प्रशिक्षण केन्द्रमा लामो समय जागिरे जीवन बिताएका उनले ०४७ ताका त्यहाँबाट स्वैच्छिक अवकास लिएका थिए । त्यसपछि उनले रेडियो नेपालको पोखरास्थित क्षेत्रीय प्रशारण केन्द्रमा लामै समय कार्यक्रम प्रमुखका रुपमा सेवा गरे ।

माछापुच्छ्रे एफएममा स्टेसन प्रमुखका रुपमा समेत उनले काम गरेका थिए । २०७१ साउन २९ गते ६५ वर्षको उमेरमा बज्राचार्यको निधन भएको थियो । पोखरेली युवा साँस्कृतिक परिवारका संस्थापक अध्यक्षसमेत रहेका बज्राचार्यको सम्झनामा हुने कार्यक्रमको तयारी पूरा भएको परिवारका अध्यक्ष मोती भुजेलले बताए । संगीतकार सुनील थापाको संगीत संयोजन रहने उक्तसाँझमा गायक, गायिकाहरु तारा थापा, बाबा राणा, कविता आलेमगर, रामभक्त जोजीजू, विनोद बानिया, इतु जोजीजू, विनित जोजिजू, फिरोजगोपाल बज्राचार्य लगायतले सरोज गोपालका गीत सुनाउने छन् ।

## चित्रकलामा सोफिया प्रथम

पोखरा, ३१ भदौ (समाधान) -बाल दिवसको उपलक्ष्यमा ड्याम साइड क्लब पोखरा १७ को आयोजनामा बुधबार भएको अन्तर विद्यालय खुला चित्रकला प्रतियोगितामा बेसलाइन एकेडेमीकी सोफिया रसाइली प्रथम भएकी छन् । दोस्रो पुरस्कार सोसियल पब्लिक स्कुलका सौरभ लोर्गनले पाए । न्यु मोडल सेकेन्डेरी स्कुलकी सजितु थापा तेस्रो र पार्दी माध्यमिक विद्यालयकी मनिषा गुरुङ र हिमाञ्चल बोर्डिङका दिप्सन केसी सान्त्वना बने ।

कार्यक्रम संयोजक तथा क्लबका वरिष्ठ उपाध्यक्ष रमेशप्रसाद बरालले बालबालिकाको चित्रकारिता तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि क्लबले प्रतियोगिता आयोजना गरेको बताए । कार्यक्रम क्लबका अध्यक्ष प्रताप गुरुङको अध्यक्षतामा भएको थियो ।

## नारायणलाई खेलकुद पत्रकारिता पुरस्कार

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ



सहारा खेलकुद पत्रकारिता पुरस्कार २०७९ बाट पत्रकार नारायण शाही सम्मानित भएका छन् । पुरस्कारको संस्थापक सहारा क्लबले आफ्नो २४ औं वार्षिकोत्सवको अवसरमा आयोजित समारोहमा शाहीलाई पुरस्कार प्रदान गरेको हो ।

पत्रकार शाहीलाई पोखरा महागरपालिकाका मेयर धनाराज आचार्यले सम्मानित गरे । पुरस्कारको राशि २० हजार ५ सय ५५ रुपैयाँ नगदसहित दोसल्ला र ताम्रपत्र छ । २०६४ सालदेखि पोखरामा पत्रकारितामा क्रियाशील शाही एभरेस्ट एफएममा कार्यरत छ ।

सही अवसरमा क्लबको मानार्थ सदस्यबाट अग्रज पत्रकार नारायण कार्की र उत्कृष्ट सदस्यबाट सिद्धार्थ थापामगरलाई सम्मान गरियो । मेयर आचार्यले सामाजिक सेवा एवं खेलका माध्यमबाट सहारा क्लबले पुऱ्याएको योगदानको प्रशंसा गरे ।

कार्यक्रममा पत्रकार कार्की, सम्मानित व्यक्तित्व शाही, वरिष्ठ उपाध्यक्ष केशवराज बराल, महासचिव रामजीप्रसाद अधिकारी, गण्डकी खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङ लगायतले सहारा क्लबले चलाएको एकेडेमी अरुका लागि पनि अनुकरणीय भएको बताएका थिए ।

सहारा खेलकुद पत्रकारिता पुरस्कारबाट यसअघि १६ जना सम्मानित भइसकेका छन् । सम्मानित हुनेमा कुलचन्द्र न्यौपाने, धन बस्नेत, विनोद लामिछाने, प्रेमनारायण न्यौपाने, राम गुरुङ, दीननाथ बराल, प्रदीप पौडेल, एकराज गिरी, सागरराज तिमिल्सिना, कृष्णमणि बराल, एमबी आस्था, सुरज श्रेष्ठ, विजय नेपाल, सन्देश श्रेष्ठ, ईन्द्रप्रसाद पौडेल र दीपक परियार छन् ।

पोखरा लिङ्कन इन्टरनेशनल कलेज
(BBA, BHM & MBA)

लिटिल स्टेप माध्यमिक विद्यालय
(Science, Management & Hotel Management)

हार्दिक बधाई



आयुष्का मल्ल

हिसान कास्कीद्वारा २०७९ भाद्र १० गते आयोजित मावि स्तरीय अङ्ग्रेजी निवन्ध लेखन प्रतियोगितामा यस लिटिल स्टेप माध्यमिक विद्यालय, कक्षा १२, व्यवस्थापन संकायमा अध्ययनरत मेधावी छात्रा **आयुष्का मल्ल प्रथम** हुन सफल भएकोमा हार्दिक बधाई एवम् उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

तथा

लिटिल स्टेप मावि परिसरमा अवस्थित Pokhara Lincoln International College का विद्यार्थीहरूले २०७९ सालको BBA तथा BHM को बोर्ड परीक्षामा उत्तीर्ण संख्या ९७% सहित ४ जना विद्यार्थीहरूले GPA 4 ल्याई उत्तीर्ण भएकोमा सबै विद्यार्थीहरूलाई पोखरा लिङ्कन तथा लिटिल स्टेप परिवार हार्दिक बधाई एवम् उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

***साथै,** नयाँ शैक्षिक सत्रका लागि BBA तथा BHM मा भर्ना कार्यक्रम चलिरहेको सहर्ष जानकारी गराउँदछौं ।*
*पुनश्चः MBA का कक्षा पनि सिघ्र संचालन हुने जानकारी गराइन्छ ।*

विद्यालय प्रशासन
पोखरा लिङ्कन इन्टरनेशनल कलेज *तथा*
लिटिल स्टेप माध्यमिक विद्यालय परिवार
पोखरा-८, सिमलचौर, फोन नं.: ०६१-५३१९६४, ५५२७९६, ५७५०१३

२१ औं वार्षिकोत्सव

हार्दिक शुभकामना

गण्डकी प्रदेशको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिक स्थापनाको २० वसन्त पूरा गरी २१ औं वसन्तमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई । विगतका वर्षहरुमा जस्तै आगामी वर्षहरुमा पनि यस पत्रिकाले मुलुकको समृद्धिका खातिर विकृति र विसंगतिविरुद्ध खबरदारी गर्दै जिम्मेवार पत्रिकारिताको नमुना प्रदर्शन गर्न सकोस्, हार्दिक शुभकामना ।

क्षत्रधर आत्रेय
अध्यक्ष तथा
LCCI
लेखनाथ उद्योग वाणिज्य संघ परिवार
लेखनाथ, कास्की

गण्डकी प्रदेशको राजधानी पोखराबाट प्रकाशित हुँदै आएको लोकप्रिय पत्रिका समाधान राष्ट्रिय दैनिकको २१ औं स्थापना दिवसको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।




AMENITIES :
tea/coffee/cold drink
Mineral water
Blanket
Sofa seat 1/2
AC /heater

Contact :
POKHARA JAGADAMBA TRAVEL
Pokhara-5, Parsyang

Tel No. 061540018, 419160 | Mobile No. 9856003050, 9802803055

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com